


अंक ४
THE VOICE OF TRUTH INTERNATIONAL
सत्यवाणी
नेपाल


बप्तिस्मामा तिमीहरु उहाँसँग गाडिएका थियौ
कलस्सी २:१२
क्रूसमा टाँगियो
मृत्यु
गडाई
पूनरुत्थान


# महिमित मण्डली (एफिसी ५:२५-२७; मत्ती १६:१८)

**<u>येशूले मण्डलीलाई प्रेम गर्नुभयो र आफैलाई दिनुभयो।</u>**

- उहाँले प्रतिज्ञा गर्नुभयो (मत्ती १६:१८)
- उहाँले आफैलाई दिनुभयो (एफिसी ५:२५)
- उहाँले किन्नुभयो (प्रेरित २०:२८)
- उहाँ शिर हुनुहुन्छ (एफिसी १:२२-२३; कलस्सी १:१८)
- उहाँले बचाउनुहुनेछ (एफिसी ५:२३)

**<u>येशूले मण्डलीलाई शुद्ध र धुनुभयो।</u>**

- वचनद्धारा (यूहन्ना १७:१७; १५:३)
- वचन प्रचार गऱ्यो (मर्कूस १६:१६; प्रेरित २:३६-४१)
- कोरिन्थीहरु (१ कोरिन्थी ६:९-११; प्रेरित १८:८)
- धोयौः पानी र रगत (प्रेरित २२:१६; प्रकाश १:५)
- छुटकारा भयौ (१ पत्रुस १:१८-१९)





**<u>महिमित मण्डली</u>**

- महिमित -पापबाट मुक्त (गलाती १:३-५)
- दाग नभएको (नैतिक दोष नभएको)- (याकूब १:२७; २ पत्रुस ३:१४)
- प्रावधान कायम गर्न सक्ने (१ यूहन्ना १:७)
- परमेश्वरको महिमा (एफिसी ३:२१)

**<u>पवित्र र दोष रहित हुनुपर्छ।</u>**

- पवित्र (अलग पारेको)- (कलस्सी १:२१,२२; ३:१२,१३)
- त्रुटि नभएको (फिलिप्पी २:१४-१६)
- उहाँ हाम्रो उदाहरण हुनुहुन्छ (१ पत्रुस १:१५-१६)
- पवित्र जाति (१ पत्रुस २:८)
- मन्दिर पवित्र छ (१ कोरिन्थी ३:१६,१७)

# खीष्टको रगत



(७) विजय दिन्छ
(प्रकाश १२:११)

(६) परमेश्वरको नजिक ल्याउँछ
(एफिसी २:१३

(५) पापबाट छुटाउँछ
(प्रकाश १:५)

(४) शान्ति बनाउँछ
(कलस्सी १:२०)

(३) परमेश्वरमा छुटकारा
(१ पत्रुस १:१९)

(१) पापको प्रायश्चित
(लेवी १७:२)

(२) क्रोधबाट आश्रय
(प्रस्थान १२:१३)

**कूसलाई राम्रोसंग उच्चारण गरौ.......विजयी**

## The Voice of Truth International

**Staff:**

Editor : Byron Nichols
Associate Editor : Jerry Bates
: Louis Rushmore

**ENGLISH EDITION IN INDIA AND BRAILLE EDITION:**
**Managing Editors:**
Philemon Rajah & Kingsly Rajah

**TELUGU EDITION:**
**Managing Editor, Translator:**
Joshua Gootam

**TAMIL EDITION:**
**Managing Editor, Translators:**
Benny Martin, S. Rajanayagam

**HINDI EDITION:**
**Managing Editor:**
Earnest Gill

**PAITE EDITION:**
**Managing Editor:**
Thang Lien

**NEPALI EDITION:**
**Nepal Center for Biblical Study**

**SPANISH EDITION:**
**Managing Editor:**
Rafael Barrantes

**MARATHI EDITION:**
**Managing Editor:**
Amul Bansod

Printed and Published in Nepal by:

**Nepal Center for Biblical Study**
**Seraphat, Chapagaon,**
**Godawari Municipality-11,**
**Lalitpur, Nepal**
E-Mail: ncbs2010@gmail.com

Computer Lay-out/Printing
**Dachhin Lalitpur Offset Press**
Chapagaon, Lalitpur
<dloffsetpress@gmail.com>
9841505969

**Publisher:**
The Voice of Truth Nepal
P.O.Box: 25999
Kathmandu, Nepal


Please send Nepali articles for publication to Gajendra Deshar
E-mail:
**<gajendra_deshar@yahoo.com>**
**<Ncbs2010@gmail.com>**

**कृपया आफ्ना लेखहरु छन भने प्रकाशनको निम्ति माथीको इमेल र पोष्ट बक्समा पठाउनु हुन विनम्र अनुरोध गर्दछौं ।**


**THE VOICE OF TRUTH INTERNATIONAL** is published by churches of Christ as non-profit effort. Write to us at World Evangelism, P.O.Box 72, Winona, Mississippi, 38967, USA. Phone: 662-283-1192; Email address: Choate@worldEvangelism.org.


**THE CHURCHES OF CHRIST SALUTE YOU** (Romans 16:16)

# विषय सुची

**विषय** **पाना नं.**


### परमेश्वर

परमेश्वर.......................................................................................
अनुग्रह.......................................................................................o
पवित्र आत्मा .......................................................................................o
येशू.......................................................................................o

### परमेश्वरको वचन

बाइबलिय अधिकार हुनुको आवश्यकता.......................................................o
आश्चर्य कर्म.......................................................................................o
ख्रीष्टियानहरु.......................................................................................o
राजा येशू.......................................................................................o
घरको मण्डली.......................................................................................o
नयाँ करार.......................................................................................o
बप्तिस्मा.......................................................................................o
बाइबल.......................................................................................o
सुसमाचार.......................................................................................o

### मुक्ति

स्वर्गको बारेमा गम्भीर हुनु.......................................................o
ख्रीष्टियन हुनको निम्ति ख्रीष्टमा बप्तिस्मा लिन्छन्.......................................o
परमप्रभुको दिन.......................................................................................o
तपाई कुन जुवा बोक्नु हुन्छ?.......................................................o

### मण्डली

मण्डली.......................................................................................o
मण्डली नबढ्नुको कारणहरु .......................................................o

### शिक्षाद्धारा जीउने

बप्तिस्मालाई सुनिश्चित बनाउने .......................................................o
के धनसम्पति स्वभाविक रुपले खराब हो?.......................................o
के स्वर्ग जानको निम्ति धेरै मार्गहरु छन्?.......................................o

### ख्रीष्टियानिटी कार्यमा

उहाँको वचन मेरो हृदयमा थियो.......................................................o
आत्मा जित्नको लागि प्रोत्साहन.......................................................o

## आराधना


के जीवनका सबै क्रियाकलापहरुले आराधनाको अर्थ दिन्छ?........................o
परमेश्वरको कामको निम्ति वित्तकोषमा उहाँको योजना............................o
आफ्ना परमप्रभुलाई सेवा गर्नू...........................................................o
के कुराले आराधना महान बनाउँछ......................................................o


## दैनिक ख्रीष्टियन जीवन


प्रचारको पत्नीको भूमिका के हो?........................................................o
दुईवटा स्वभावहरु.........................................................................o
परमेश्वरमा भएको विश्वासले तपाईको कार्यहरुलाई
अगुवाई गर्न अनुमति दिनुहोस्...........................................................o.


## ख्रीष्टियान परिवार


हाम्रा बालबच्चाहरुलाई के आवश्यकता छ?............................................o
बालबच्चाहरुलाई म के दिऊ..............................................................o
पतिहरुको लागि परीक्षण..................................................................o


## पाठ्य अध्ययन


पावल र फिलिप्पी..........................................................................o
मूर्ख धनी मानिस..........................................................................o


## बाइबल चरित्र


बप्तिस्मा दिने यूहन्ना......................................................................o
अनौठा फरिसीहरु .........................................................................o
मत्ती- कर उठाउने व्यक्ति.................................................................o


## बाइबल प्रश्न


के ले येशूलाई क्रूसमा टाँग्यो..............................................................o


## रुपरेखा


रुप परिवर्तनको पहाड.......................................................................o
उद्धार पाएकाहरु नै मण्डली हो...........................................................o

तपाई कसरी नाप्नुहुन्छ.....................................................................o
५ मिनेट बाइबल अध्ययन.................................................................o
महत्वपूर्ण पदहरुको छिटो टिप्पणी.......................................................o
पदको खोजी..................................................................................o

# परमेश्वर

ख्रीष्टियानहरुले स्वर्गीय प्रेमिलो र कृपालु परमेश्वरमा विश्वास गर्छन् । उहाँ कठोर र अन्यायी हुनुहुन्न् । उहाँ जसरी प्रेमिलो हुनुहुन्छ, त्यसरी नै उहाँले आफ्ना मानिसहरुलाई उहाँकै चरित्र अनुसार व्यवहार गर्न उत्साह गर्नुहुन्छ । परमेश्वर एउटै हुनुहुन्छ र उहाँले आफ्नो प्रेम मानिसमा प्रकट गर्नुभयो । उहाँ आफैलाई पिता, पुत्र र पवित्र आत्मा तीन व्यक्तित्वबाट प्रकट गर्नुभएको छ, ताकि उहाँका अनन्तको योजनाका कार्यहरु उहाँलाई प्रेम गर्नेहरुका माझ ल्याएर स्वर्गतर्फ डोऱ्याउनु हो ।

बाइबलमा हिब्रू बहुबचन शब्द "इलोहिम" लाई अनुवाद गर्दा परमेश्वर हुन्छ । जव आदिमा परमेश्वरले *"मानिसहरुलाई हाम्रै प्रतिरुपमा बनाऔं"* भन्नुभयो तव एउटै परमेश्वरको बहुबचनको रुप प्रकट भएको छ (उत्पति १:२६) । वास्तवमा परमेश्वर एउटै हुनुहुन्छ र पनि बहुवचनमा प्रकट हुनुभएको छ । यी केही कुराहरु मानिसहरुले बुझ्न असम्भव छन् । मानिसहरुले आफ्नो कारण दिएर परमेश्वरलाई पूर्णरुपले बुझ्न सक्दैनौ नत्रता हामीले आफ्नै कल्पना अनुसारको ईश्वर बनाइरहेका हुन्छौं । यदि त्यस्तो हो भने जसलाई हामीले पूर्णरुपमा बुझ्छौं भनी हामी ठान्छौं, त्यसपछि  हामीलाई थाहा हुन्छ कि त्यस्तो ईश्वर अस्तित्वमा छैन, र हाम्रो मानविय सोचाइमा मात्र त्यो ईश्वरको स्वभाव र काममा सिमित हुन्थ्यो ।

परमेश्वरमात्र अस्तित्वमा हुनुहुन्छ जो हाम्रो कल्पना भन्दा माथीको हुनुहुन्छ । परमेश्वर आत्मामा हुनुहुन्छ (यूहन्ना ४:२४) । उहाँ नै परमेश्वर हुनुहुन्छ जसमा ख्रीष्टियानहरुलाई उहाँका आज्ञाकारी सन्तान भनी बोलाउनुहुन्छ साथै हामी उहाँका  सृष्टि हौ । हामी उहाँसगै अनन्ततासम्मै बाँचौ भनी परमेश्वर इच्छा गर्नुहुन्छ । सबै कुराहरुमा हामीले उहाँलाई पहिला खोजी गरेको (मत्ती ६:३३), उहाँको इच्छा अनुसार चलेको (१ पत्रुस ५:६) होस भन्ने उहाँ चाहनु हुन्छ । उहाँका कार्यहरुले हामीलाई उहाँको सामुन्ने अनन्तको महिमा दिन्छ (मत्ती २५:३४) ।

## परमेश्वरका तीन अभिव्यक्तिहरु

परमेश्वर एउटै हुनुहुन्छ (व्यवस्था ४:३५; ६:४,५; यशैया ४३:१०,११; ४५:५; ४६:८-११) । उहाँ आफै विभिन्न माध्यममा प्रकट गर्न सक्नुहुन्छ । तर बाइबलमा उल्लेख गरे अनुसार उहाँ तीन तरीकामा प्रकट हुनभएको छ :-

(क) **येशूको बप्तिस्मामा:-** पिता स्वर्गबाट बोल्नुभयो । पवित्र आत्मा पुत्रमा ढुकुर भै ओलर्नुभयो । येशू शारीरिक रुपमा पृथ्वीमा हुनुहुन्थ्यो (मत्ती ३:१६,१७; यूहन्ना  १:३३) ।

(ख) **येशू संसारमा हुनुहुँदा पवित्र आत्माको शक्तिले काम गर्नुभयो,**

उहाँले  स्वर्गीय परमेश्वरको कृपा पाउनुभयो (लूका १:३०-३५; ४:१४) ।

(ग) **स्टिफनस आफ्नो मृत्युको समयमा पवित्र आत्माले भरिएको थियो** । त्यहि समयमा उनले येशू र स्वर्गीय पितालाई एकैसाथ देख्यो (प्रेरित ७:५५-५९; मत्ती २८:१९,२०; १ कोरिन्थी ११:२; २ कोरिन्थी १३:१४) ।

## परमेश्वरको अनन्तको स्वभाव

**(क) परमेश्वर प्रेम हुनुहुन्छ ।** परमेश्वरको चरित्र र गुणको केन्द्रविन्दु नै प्रेम हो (१ यूहन्ना ४:१६) । उहाँले मानिसहरुसँगको काममा उहाँले प्रेम प्रर्दशन गर्नुभयो (यूहन्ना ३:१६; १ यूहन्ना ३:१,१६) । एकले अर्कालाई प्रेम गर्नुपर्छ भनी उहाँले आफ्ना आज्ञाकारी विश्वासीहरुलाई आज्ञा दिनुभयो (यूहन्ना १३:३४,३५ ; १ यूहन्ना ३:१४) । सत्य परमेश्वरका साँचो विश्वासीहरुले प्रेम र दयाको आत्माले उहाँलाई सेवा गर्छन (१ यूहन्ना २:१०,११; ४:७-२१) । हामीलाई थाहा छ कि यदि कसैले परमेश्वरको विचारलाई सृजना गर्छन भने त्यसैले प्रेमर हित स्वभावको हिंसा वा आतंकतर्फ उत्प्रेरित गर्छ, त्यसपछि त्यो व्यक्तिले गलत ईश्वरलाई कल्पना गरेको हुन्छ जसले आफ्नो भौतिक इच्छा अनुसार व्यवहार गर्छन् ।

**(ख) परमेश्वर अनन्त हुनुहुन्छ ।** परमेश्वरको केन्द्रिय स्वभावमा उहाँ अनन्त आत्मा हुनुहुन्छ जसको शुरुवाट र अन्त्य छैनन् । उहाँ अनन्तको परमेश्वर हुनुहुन्छ (व्यवस्था ३३:२७; यशैया ५७:१५) । सबै कुराहरु अनन्तताको निम्ति त्यतिकै आस्तित्वमा आएको होइनन्, अनन्तको परमेश्वरद्धारा हामीहरुलाई  सृष्टि गर्नु भएको थियौ भनी यसलाई हामीले बुद्धिमानी पूर्वक निष्कर्ष दिन्छौ (१ कोरिन्थी ८:६; कलस्सी १:१६; प्रकाश ४:११) । परमेश्वरको शक्ति र उपस्थिति बाहिर कुनै पनि कुराहरु अस्तित्वमा आउन सक्दैनन् । हामीले निचोडमा भन्नै पर्छ कि अनन्तको परमेश्वरको शक्तिले मात्र सबै कुरालाई अस्तित्वमा आउन सक्छ । परमेश्वरले यो शक्ति र अधिकार अहिले पुत्रलाई दिनुभएको छ जसले सबै कुरामाथि राज गर्नुहुन्छ  (मत्ती २८: १८; रोमी ५:१७; १ तिमोथी ६:१५; हिब्रू १:३) ।

**(ग) परमेश्वर अपरिवर्तनशिल हुनुहुन्छ ।** उहाँ आफ्नो व्यवहार, चरित्र र स्वभावमा अपरिवर्तनशिल हुनुहुन्छ (गन्ती २३:१९; भजन संग्रह ३३:११; मत्ती ३:६; हिब्रू ६:१७, १८; याकूब १:१७) ।

**(घ) परमेश्वरमा सबै शक्ति छन् ।** उहाँ सर्वशक्तिमान हुनुहुन्छ कि सम्भव भएसम्म गर्नसक्ने सबै कुराहरु उहाँले गर्नुहुन्छ (उत्पति १८:१४; अयूव ४२:२; मत्ती १९:२६; प्रकाश १९:६) ।

**(ङ) परमेश्वर जतातातै हुनुहुन्छ ।** उहाँ सर्वव्यापी हुनुहुन्छ कि उहाँ कुनै एउटा विशेष ठाउँमा मात्र हुनुहुन्छ भनी कितान गर्नु पर्दैन (१ राजा ८:२७;

भजन संग्रह १३९:३-१०; यर्मिया २३:२३; प्रेरित १७:२८) ।

**(च) परमेश्वर सबैकुरा जान्नुहुन्छ ।** उहाँ सर्वज्ञानी हुनुहुन्छ । यसकारण प्रकृतिमा भएका सबै कुराहरु (उत्पति १५:५; भजन संग्रह १४७:४,५; यशैया ४०:२६), मानिसहरुका सबै कार्यहरु (भजन संग्रह ११९:१६८; १३९:२,३), मानिसहरुका हृदय (१ शमूएल १६:७) र भविष्य (यशैया ४२:९; ४६:११) जान्नुहुन्छ ।

## परमेश्वरको अनन्तका कार्य

सृष्टिको समयदेखि येशूको दोस्रो आगमनसम्म पृथ्वीका मानिसहरुको विचमा परमेश्वरका कार्यहरु सर्वप्रथम येशूद्धारा प्रकट भयो जो परमेश्वर भईकन शरीरमा आउनु भयो (यूहन्ना १:१,१४) । संसारमा आउनुभएको समयदेखि परमेश्वर पिता येशूको शिरको रुपमा हुनुहुन्थ्यो (१ कोरिन्थी ११:३) । परमेश्वर पवित्र आत्माले प्रारम्भिक रुपमा येशूद्धारा भएर पृथ्वीमा काम गर्नुभयो । पवित्र आत्मा अहिले आज्ञाकारी विश्वासीहरुमा वास गर्नुहुन्छ । पिता र पुत्रबिचको सम्बन्ध कहिल्यै अलग हुदैनन् । जव पुत्र पृथ्वीमा हुनुहुन्थ्यो, पुत्रको स्वभाव र कार्यद्धारा परमेश्वरको कार्य र पिताको एकत्व प्रकट गर्नुभयो ।

**(क) परमेश्वरले पिताजस्तै भएर काम गर्नुहुन्छ ।**

(१) ईश्वरत्वमा पिता "पिता" नै हुनुहुन्छ (उत्पति १:१; कलस्सी १:२,१९; २:९) ।
(२) पिता खीष्टको शिर हुनुहुन्छ (१ कोरिन्थी ११:३) ।
(३) पिता सबैथोकका पिता हुनुहुन्छ (एफिसी ४:६) ।
(४) पिताले सबै अधिकार पुत्रलाई दिनुभयो (मत्ती २८:१८; १ कोरिन्थी १५:२४-२८) ।
(५) पिताको इच्छा संसारमा पुत्रद्धारा पुरा गर्नुभयो (यूहन्ना ४:३४) ।
(६) पिताले सबैकुरा खीष्टद्धारा सृजनुभयो (यूहन्ना १:१-३; कलस्सी १:१६; प्रकाश ४:११) ।

**(ख) परमेश्वरले पुत्रद्धारा भएर संसारमा काम गर्नुभयो ।** संसारको सृष्टिभन्दा अघि परमेश्वर, पुत्र अस्तित्वमा हुनुहुन्थ्यो (उत्पति १:२६; यूहन्ना १:१) । तै पनि, परमेश्वरको सृष्टि, मानिसलाई अनन्त महिमा दिनको निम्ति येशू परमेश्वरको पुत्रको रुपमा प्रकट हुनुभयो ।

(१) पुत्रले परमेश्वरको बराबरीलाई त्याग्ने कुरा रोज्नु भयो (फिलिप्पी २:५-११) ।
(२) परमेश्वरद्धारा पुत्रलाई संसारमा पठाउनुभयो (यूहन्ना १:१४; ४:२३, ३६; ५:२३,३६; ८:१७,१८) ।
(३) पृथ्वीमा हुनुहुँदा पिताभन्दा पुत्र केही मात्रामा कम हुनुहुन्थ्यो (यूहन्ना १०:२९; १४:२८) ।
(४) पृथ्वीमा हुनुहुँदा पुत्रले पिताको इच्छा अनुसारको काम गर्नुभयो (यूहन्ना ४:३४; ६:३८; हिब्रू ५:८) ।
(५) पृथ्वीमा पिताले पुत्रको आर्श्चजनकरुपमा गवाही दिनुभयो (यूहन्ना ५:३१-३७) ।
(६) पिता र पुत्र एकै हुनुहुन्छ (यूहन्ना १०:३०; १७:११, २१-२४) ।

(७) पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ (यूहन्ना १५:९; १७:२४) ।
(८) बलिदानपूर्ण मृत्युद्वारा पिताले पुत्रको महिमा गर्नुभयो (यूहन्ना ८:५४) ।

**(ग) परमेश्वरले अझै पनि काम गर्दै हुनुहुन्छ र भविष्यमा पनि काम गर्नुहुनेछ ।** सबैकुराको अधिकार सहित पुत्र अनन्तको महिमाको निम्ति जानुभएको छ । संसारको अस्तित्व भएका सबै कुराहरुमाथि प्रभुत्व र राज गर्नको निम्ति उहाँले त्यस्तो गर्नुभयो ।

(१) पुत्र स्वर्गारोहण भएर पिताकहाँ फर्किजानुभयो (यूहन्ना १४:१२; २०:१७) ।
(२) पिताले सबै अधिकार पुनरुत्थान हुनुभएको पुत्रलाई दिनुभयो (मत्ती २८:१८; १७:१,२) ।
(३) परमेश्वर पवित्र आत्माद्वारा भएर पृथ्वीमा भएका आफ्ना मानिसहरुमा पिता अहिले वास गर्नुहुन्छ (२ कोरिन्थी ६:१६; १ यूहन्ना ४:१२-१५; एफिसी २:१८-२२) ।
(४) पृथ्वीमा भएका विश्वासीहरुमा पवित्र आत्मा वास गर्नुहुन्छ (प्रेरित २:३८; १ कोरिन्थी ३:१६; ६:१९) ।
(५) अब पुत्रले सबै कुराहरुमाथि राज गर्नुहुन्छ (१ तिमोथी ६:१५; प्रकाश ४:९-११) ।
(६) अब पुत्र स्वर्गदेखि सबै कुराको शिर हुनुहुन्छ (एफिसी १:२२; १ पत्रुस ३:२२) ।
(७) सबै मानिसहरुलाई इन्साफ गर्न पुत्र फेरी आँउदै हुनुहुन्छ (यूहन्ना १२:४८; २ कोरिन्थी ५:१०; २ थेसलोनिकी १:६-९) ।
(८) अन्त्यमा पुत्रले सबै अधिकार पितालाई पुर्नस्थापित गर्नुहुनेछ (१ कोरिन्थी १५ :२८) ।

परमेश्वरको डरलाग्दो शक्ति र अधिकारलाई पहिचान गरेर इमान्दार मानिसहरुलाई सुसमाचारको आज्ञापालन गरेर पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा लिन प्रोत्साहन गरेको छ (मत्ती २८:१८-२०; मर्कूस १६:१५,१६; प्रेरित २:३८) । उहाँको इच्छालाई आज्ञापालन गरेर हामी हाम्रो विश्वासलाई घोषणा गर्छौ ।

-0-

# अनुग्रह

परमेश्वरले दिनुभएको र हामीले कमाउन नसकिने शब्दले "अनुग्रह" जनाउँदछ । हाम्रा असल कार्यहरुद्धारा हामीले कमाउन नसकिने अनन्त जीवन दिने परमेश्वरको प्रेमिलो इच्छा र उद्धार गर्ने कार्य नै अनुग्रह हो । यो अनुग्रह बुझ्नको लागि सर्वप्रथम हाम्रा जीवनका असम्भव प्रसङ्गहरुलाई लिएर परमेश्वरसँगको अनन्त जीवन बिताउने इच्छालाई बुझ्नै पर्छ ।

(१) अनन्त जीवन भौतिक जीवनका थोकहरुसित किनबेच गरेर पाउँदैनन् । हामीले चुकाउने मूल्य भन्दा परमेश्वरले तिर्नुहुने मूल्य बढी हुन्छ (रोमी ८:१ ८) । स्वर्गीय अनन्त जीवनको अन्त्य हुदैन् । खीष्टियानहरुलाई अनन्त जीवनको नाम छन् त्यो कुरा जीवनभरी निष्पक्ष असल कामहरुको सातफेर गरेर पनि हामीले स्वर्ग हासिल गर्ने मार्गहरु छैनन् । जे कुरा परमेश्वरले अनन्त स्वर्गीय वासस्थानको निम्ति दिनुभएको छ त्यसको लागि हाम्रो लामो जीवन भरी यस संसारमा धेरै असल कामहरु गरेर पनि हामी प्राप्त गर्न सक्दैनौ ।

(२) अनन्त जीवन यो भौतिक जीवनबाट आर्जन गर्न असम्भव छ । परमेश्वरको व्यवस्था पालना गर्ने प्रसङ्गमा हाम्रा योग्यतावारे परमेश्वर भन्नुहुन्छ, *"धर्मी कोही छैन्, एकजना पनि छैन"* (रोमी ३:१०) । समस्या यो छ कि *"सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्"* (रोमी ३:२३) । हामी परमेश्वरको अघि निष्पक्ष भएर उभिन चुकेका छौं किनभने हामीले पूर्णरुपमा उहाँका व्यवस्थालाई पालन गर्न सक्दैनौं । परमेश्वर भन्नुहुन्छ, *"व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिन सक्दैनन्"* (रोमी ३:२०) । *"कोही पनि व्यवस्थाको कामद्धारा धर्मी ठहरिन सक्दैनन "* (गलाती २: १६) । परमेश्वरको अघि व्यवस्थाद्धारा हामी धर्मी हुन सक्दैनौ किनभने आफैलाई बचाउन परमेश्वरको व्यवस्थालाई हामीले पूर्णरुपमा पालना गर्न सक्दैनौ ।

जव कसैले पाप गर्छन, व्यवस्थाले भन्दछ कि ऊ व्यवस्था तोडने व्यक्ति हो (१ यूहन्ना ३:४) । नियम अनुसार यसकारण व्यवस्था भङ्ग गर्नेलाई दण्ड हुनुपर्छ (रोमी ६:२३) । व्यवस्था भङ्ग गर्नेले न्यायाधिशबाट दण्ड पाउनै पर्छ (रोमी ४:१५) । जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने, व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ (याकूव २:१०) । यसकारण हामीले न्यायधिशकहाँ कृपा, अनुग्रहको लागि पुकार गर्नैपर्छ । परमेश्वरको अघि पूर्णरुपमा जिउन सक्छु भन्ने योग्यता बुझेर पावल कराउँदछ, *"हाय, म कस्तो दु:खी मानिस यस मृत्युको शक्तिबाट कसले मलाई छुटाउला?"* (रोमी ७:२४) । **व्यवस्था भंग गरेको हुनाले हामीहरु सबैले इन्साफबाट छुटकारा पाउने कुरा खोज्नु पर्छ ।**

धेरै मानिसहरुले परमेश्वरको नियमहरुलाई उलंघन गरेको कुरा पहिचान र महसुस गर्छन । धेरैलाई थाहा छन् कि तिनीहरु पापी हुन् । तर पनि हामी परमेश्वरको अघि एक्लै खडा हुन सक्दैनौ भनी सोच्छन् । परमेश्वरको विरुद्धमा गरेका पाप क्षमा हुन हामी आफ्नै मार्गहरु र नियमहरु खोज्छौ । हाम्रा आफ्नै बल बुद्धिमा आधारित भएर पापक्षमाको निम्ति काम गर्न सक्छौ भनी जवाफ दिइरहेका हुन्छौ ।

*" असल कार्यहरुद्धारा उद्धार मुक्ति "* भन्ने भुटा विश्वासको सिद्धान्तलाई हामीले आविष्कार गरेका छौं जस अनुसार असल कार्यहरुले हाम्रा पापहरुको प्रायश्चित हुन्छन् । धेरै असल कार्यहरु गरेर हाम्रा पापहरु परमेश्वरले क्षमा गर्नुहुन्छ भन्ने कुरा सोचेर हामी आफैले आफैलाई छलिरहेका हुन्छौं । असल काम गरेर कोही परमेश्वरको सामुन्ने असल भएको महसुस गर्न सक्छन्, तर उसले गरेको कुनै असल कामद्धारा कसैको पापलाई क्षमा गर्नुपर्छ भनी परमेश्वर बाध्य हुनुहुन्न् । हामीलाई बाइबलले भन्छ कि हामीहरु असल कामद्धारा बचाएका छैनौं *" यसमा कसैले घमण्ड नगरोस "* (एफिसी २:९) । यदि हामीले असल कामहरुद्धारा उद्धार पाएका छौं भने, हामीहरु एक अर्काको विरुद्धमा घमण्डी हुन्छौं । परमेश्वरको अघि हामी आफै महिमित गरेका हुन्छौं जसरी बाइबलको धार्मिक अगुवाले घमण्डकासाथ आफ्नो प्रार्थनामा भनेको थियो कि उनले हप्ताको दुईचोटी उपवास बसी दशांश भेटी चढाउँथे (लूका १८:११,१२) । **असल कामहरुद्धारा मुक्ति हासिल गर्न सक्दैनन् त्यसो होइन भने हामीले हाम्रो ऋण स्वर्गमा परमेश्वरलाई चुक्ता गर्न लगाउँछौं** । यदि कसैले असल कार्यहरुद्धारा मुक्ति कमाउन सक्थ्यो भने इनाम चाहिँ *" अनुग्रह होइन तर उसको ऋण हुनेछ "* (रोमी ४:४) ।

## परमेश्वरको अनुग्रहको प्रकाश

परमेश्वरले मात्र हाम्रा पापको समस्याको समाधान गर्न सक्नुहुन्छ जहाँ उहाँसंगको हाम्रो सम्वन्ध विग्रिएको थियो । उहाँले मात्र हाम्रो पापको दोषबाट हामीलाई छुटाउन सक्नुहुन्छ । येशूको प्रायश्चितको बलिदानद्धारा उसको पाप छुटकारा भएको छ भनी पाववले परमेश्वरको प्रशंसा गर्दछन्, *" येशू ख्रीष्ट हाम्रा परमप्रभुद्धारा नै परमेश्वरलाई धन्यवाद होस्"* (रोमी ७:२५) ।

बाइबल भन्दछन्, *" किनकि सबै मानिसहरुका मुक्तिको निम्ति परमेश्वरको अनुग्रह प्रकट भएको छ "* (तीतस २:११) । हामी यसको निम्ति हल्लेलूयाह भन्छौं । जसले परमेश्वरसँग करार स्थापना गर्न चाहनुहुन्छ तिनीहरुको निम्ति परमेश्वरसँग नजिकै येशू मध्यस्थकर्त्ता हुनुभएको छ (१ तिमोथी २:५) । मानिस र परमेश्वरविच सम्बन्ध जोडने ईश्वरीय व्यक्ति येशू हुनुहुन्छ । उहाँले परमेश्वरको सित्तैको वरदान हामीकहाँ ल्याउनुभएको छ । बाइबल यसो भन्दछ कि *" एउटा मानिस अर्थात येशू ख्रीष्टद्धारा आएको सित्तैको वरदान अनुग्रह धेरैको निम्ति प्रशस्त भयो"* (रोमी ५:१६) ।

परमेश्वरले हामीलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो पुत्र दिनुभयो (यूहन्ना ३:१६) । हामी व्यवस्था उलंघन गर्ने भएता पनि परमेश्वरले हामीलाई प्रेम गर्नुभयो । हामी आफैले आफैलाई बचाउन व्यर्थको प्रयास गरेता पनि येशूद्धारा भएर परमेश्वर स्वर्गबाट आइपुग्नुभयो र हामीलाई प्रेम गर्नुभयो (रोमी ५:८; एफिसी २:४,५) । पापी मानिसहरुको निम्ति अनुग्रह परमेश्वरको वरदान हो । यसकारण यो हाम्रो आफ्नै धार्मिकताद्धारा आर्जन गरेका होइन् । यो वरदान भएको हुनाले असल कामहरुको आधारमा हामीले हकको रुपमा माग्न सक्दैनौं ।

## परमेश्वरको अनुग्रहप्रति प्रतिक्रिया

परमेश्वरले आफ्नो योजना अनुसार हामीलाई स्वर्गमा लिएर जानको

निम्ति आफ्नो भागको काम गर्नुभएको छ । हामीले अव उहाँको काम येशूद्धारा सिक्नै पर्छ र उहाँको अनुग्रहमा जवाफ दिनुपर्छ । येशू ख्रीष्टद्धारा प्रकट भएको परमेश्वरको अनुग्रहको ज्ञानले विश्वास उत्पन्न गराउँछ (यूहन्ना ६:४५) । परमेश्वरले हामीबाट जे चाहनुभएको छ त्यही आज्ञापालन गर्न हामी परिचालित हुनुपर्छ । धर्मीहरु आफ्ना उद्धारको निम्ति परमेश्वरमा भरोसा गरेर जिउनेछ (रोमी ५:१,२) । तिनीहरुको योग्यता अनुसार व्यवस्थालाई पूर्णरुपले पालन गरेर पनि होइन् वा उहाँको अनुग्रहको निम्ति परमेश्वरमा असल कामहरु गर्न खोजेर पनि होइन् ।

परमेश्वरको अनुग्रहले हामीलाई पाप गर्न स्वतन्त्रता दिदैनन् जसरी कसै कसैले गलत बुझेका छन् (रोमी ६:१; यहूदा ४) । यसले हामीलाई आज्ञापालन गर्न स्वतन्त्रता दिन्छ (१ पत्रुस २:१६) । ख्रीष्टबाट प्रकट भएको परमेश्वरको अनग्रह जसले सुनेका र सिकेका छन्, त्यसलाई पितामा आज्ञाकारी हुन् प्रोत्साहन दिन्छन् । उहाँको अनुग्रहमा जवाफदेही भएर हामीले हाम्रो जीवनमा परमेश्वरको व्यवस्था स्थापना गर्छौ (रोमी ३:३१; १ यूहन्ना ४:२९) ।

परमेश्वरको उद्धार गर्ने अनुग्रह जानेर प्रतिक्रियामा उहाँलाई धन्यवाद दिन्छौ जसबाट असल कार्यहरु गर्न मद्दत मिल्छ । *“ख्रीष्ट येशूमा असल कामको निम्ति हामी सृजेका छौ”* (एफिसी २:१०) । हामी काम गर्छौ किनभने परमेश्वरको अनुग्रहद्धारा हामी बचाएका छौ, बचाउनको निम्ति काम गर्ने होइन् । अरुहरुको लागि गरेका उपकारको कार्य यसकारण हाम्रो उद्धार मुक्तिको निम्ति परमेश्वरको प्रशंसा र कृतज्ञताको अभिव्यक्ति हो ।

## अनुग्रह र स्वतन्त्रता

जहिले पनि यस्ता कुराहरु हुन्छ, जहाँ परमेश्वरले कहिल्यै पनि बाँध्न नचाहनु भएका कुराहरुलाई मानिसहरु आफ्नै विचारहरुले बाँध्न खोज्छन् । पहिलो शताब्दीमा कोही यहूदी शिक्षकहरुले अधिका ख्रीष्टियानहरुको अन्तरस्करणमा खतना र अरु पुराना करारका रीतिथितिहरु मान्नु पर्छ भन्ने कुरा सिकाउँदछन् (प्रेरित १५:१,२,१०) । *“यी झुटा शिक्षकहरु हाम्रा दलभित्र गुप्तरुपले पसीकन ख्रीष्टमा भएको हाम्रो स्वतन्त्रताको चेवा गरी हामीलाई बन्धनमा ल्याउन चाहन्थे”* (गलाती २:४) । तर परमेश्वरको अनुग्रहद्धारा हामीहरुलाई मानिसहरुको धार्मिक परम्पराको बन्धनबाट स्वतन्त्र पार्दछ (गलाती ५:१) । यदि कोही आफै धार्मिक परम्पराहरु र रितिरिवाजहरुका कामहरु गरेर आफै धर्मी हुन खोज्दछन् भने उ अनुग्रहबाट तल खसेको हुन्छ (गलाती ५:४) ।

परमेश्वरको अनुग्रहको राज्यमा आउनको निम्ति तपाईले सु-समाचारको आज्ञाकारिता जुन हाम्रो पापको निम्ति येशू मर्नुभयो र हाम्रो आशाको लागि उहाँ बौरी उठनुभयो भनी अनुग्रहद्धारा जवाफ दिनुपर्छ (२ थेसलोनिकी १:७-९; १ कोरिन्थी १५:१-५; रोमी ६:३-६) । यसकारण पाप क्षमाको लागि बप्तिस्मा लिनु काम होइन् । यो परमेश्वरको अनुग्रहको सकारात्मक जवाफ हो जुन क्रूसमा प्रकट भएको थियो । जसले बप्तिस्माद्धारा अनुग्रहमा सकारात्मक जवाफ दिनुहुन्छ, येशूले प्रकट गर्नुभएको परमेश्वरको अनुग्रहलाई उहाँहरुले प्रशंसा गरेका हुन्छन् ।

-o-

# पवित्र आत्मा



आफै पवित्र आत्माको अभिव्यक्ति भई परमेश्वर पृथ्वीमा कार्य गर्दै हुनुहुन्छ । जव परमेश्वरको पुत्र, सबै कुराहरुमाथि शिर हुनको निम्ति स्वर्गमा उचालिनुभयो, अभिप्रेरित परमेश्वरको वचनद्धारा पृथ्वीमा पुत्रको कार्यलाई निरन्तरता दिन पवित्र आत्मा पठाउनुभयो ।

पवित्र आत्माको कार्यवारे आज धेरै अलमल्ल भएता पनि एउटा कुरा पक्का छ । उहाँका सम्पूर्ण कार्यहरु हाम्रो समभ्भन्दा पर भएता पनि पवित्र आत्माले परमेश्वरका सन्तहरुविच आफ्ना कार्य गर्नुहुन्छ । पवित्र आत्माको कार्यलाई हाम्रो ज्ञानले नियन्त्रण गरेको हुँदैन् ।

हामीलाई थाहा छ कि विश्वासीहरुको माभ्मा एकता ल्याउन आत्माले काम गर्नुहुन्छ । सुसमाचार पालन गरेकाहरुको विचमा उहाँले एकता ल्याउनको निम्ति काम गर्नुहुन्छ, आज्ञाकारी विश्वासीहरुले आत्मा पाएका छन् । संसारमा परमेश्वरको सुसमाचारको कार्य पुरा गर्नको निम्ति परमेश्वरसंग करारको सम्वन्ध भएकाहरुसित भएर आज आत्माले काम गर्नुहुन्छ ।

भावनात्मक तरीकाले गलत दिशामा दोहऱ्याएको अलमल्ललाई रोक्नको निम्ति पवित्र आत्माले तिनीहरुको जीवनमा कसरी काम गर्नुहुन्छ भन्ने व्याख्या बुभ्न विश्वासीहरुले परमेश्वरको वचनलाई हेर्नुपर्छ । हाम्रा आˆनै इच्छाहरुद्धारा हाम्रा विचारहरु छल्न सक्छन् । यसैकारण पवित्र आत्माले हामीलाई परमेश्वरको वचनद्धारा अगुवाई गरेको चाहनुहुन्छ, जुन हाम्रा मार्गदर्शनको निम्ति उहाँले अभिप्रेरित गरेर लेख्नु भएको छ । ख्रीष्टियानहरुसंग आत्मा भएकोले पवित्र आत्माले अभिप्रेरित भएका परमेश्वरको वचनको निर्देशन अनुसार तिनीहरुले काम गर्ने इच्छा गर्नुपर्छ ।

## परमेश्वरको काम, पवित्र आत्मा

**(क) आत्मा परमेश्वर हुनुहुन्छ ।** ईश्वरत्वको काम मानिसहरुको विचमा पुरा गर्नको निम्ति परमेश्वर पवित्र आत्मा मानिसहरुको इतिहासमा आफै गर्नु भएको थियो । यसैकारण बाइबलमा उहाँलाई परमेश्वरसित हुनुभएको व्यक्तिको रुपमा उल्लेख गरेको छ ।

(१) ईश्वरत्वको हिस्साको रुपमा परमेश्वर पवित्र आत्मा संसारको सृष्टिभन्दा अघि अस्तित्वमा हुनुहुन्थ्यो (उत्पति १:१,२६) ।

(२) अनन्तको आत्माले ईश्वरत्वको भागको रुपमा सृष्टिको शुरुवाटमा काम गरिरहनु भएको थियो (उत्पति १:१,२; अयुव २६:१३; भजन संग्रह १०४:३०; हिब्रू ९:१४) ।

(३) यदि कसैले आत्मालाई भ्मुट बोल्छन भने वास्तवमा परमेश्वर पवित्र आत्मालाई भ्मुट बोलिराख्नु भएको हुन्छ (प्रेरित ५:३,४) ।

**(ख) परमेश्वरको आत्मा काममा हुनुहुन्छ ।** एउटा सत्य परमेश्वरले आफैलाई मानिसहरुको बिचमा पिता, पुत्र र पवित्र आत्माको कामद्वारा प्रकट गर्नुभयो । पिता र पुत्रसँग परमेश्वर आत्मा काम गर्नुहुन्छ ।

(१) पुत्र संसारमा हुनुहुँदा आत्माले पुत्रसंग भएर काम गर्नुभयो (मत्ती ३:१६; ४:१; १२:२८; लूका ४:१,१४,१८,२१; यूहन्ना ३:३४) ।

(२) आत्माले पुत्रको महिमा गर्नुहुन्छ, आफ्नै होइनन् (यूहन्ना १६:१३,१४) ।

(३) आत्माले परमेश्वर पुत्रको गवाही दिनुहुन्छ (यूहन्ना १:२६) ।

(४) पहिलो शताब्दीमा पिता र पुत्रले बाह्र प्रेरितहरुलाई आत्मा पठाउनु भएको थियो (यूहन्ना १४:२६; १५:२६) ।

(५) आत्माले प्रेरितहरुलाई सबै सत्यता प्रकट गर्नुभयो जुन उहाँले पिता र पुत्रबाट सुन्नुभएको थियो (यूहन्ना १४:२६; १६:१३,१४) ।

(६) पहिलो शताब्दीका प्रेरितहरु र अगमवक्ताहरुलाई आत्माले परमेश्वरको विचार प्रकट गर्नुभयो (१ कोरिन्थी २:१०-१३; २ पत्रुस १:२०-२१) ।

(७) मानिसहरुको बिचमा परमेश्वरको कामलाई निरन्तरता दिनलाई पवित्र आत्माले परमेश्वरको वचनलाई लेख्न अभिप्रेरित गर्नुभयो (२ तिमोथी ३:१६,१७; २ पत्रुस १:२०,२१; प्रेरित २०:३२) ।

## पवित्र आत्माका विशेषताहरु

**(क) आत्मासंग परमेश्वरको स्वभाव र विशेषताहरु छन् ।**

(१) आत्मा अनन्तको हुनुहुन्छ (अयुब २६:१३; हिब्रू ९:१४) ।

(२) आत्मा सर्वशक्तिमान हुनुहुन्छ (उत्पति १:२; लूका ४:१,१४) ।

(३) आत्मा सर्वज्ञानी हुनुहुन्छ (रोमी ८:२६,२७; १ कोरिन्थी २:१०-१३) ।

(४) आत्माले सबै कुराको खोजी गर्नुहुन्छ (१ कोरिन्थी २:१०) ।

(५) आत्माले सन्तहरुलाई प्रेम गर्नुहुन्छ (रोमी १५:३०) ।

(६) आत्मा एउटा व्यक्तित्व हुनुहुन्छ जसलाई दुःखित बनाउन सक्छन् (यशैया ६३:१०; एफिसी ४:३०), झुटो बोल्न सक्छन् (प्रेरित ७:५१; १ थेसलोनिकी ५:१९), घृणा गर्न सक्छन् (हिब्रू १०:२९), निन्दा र पाप गर्न सक्छन् (मत्ती १२:३१,३२; मर्कूस ३:२८,२९; लूका १२:१०) ।

## ख्रीष्टियान र पवित्र आत्मा

पेन्तिकोसको दिनमा प्रेरित २:१-४ मा जव प्रेरितहरुमा पवित्र आत्माको शक्तिले भरिनुभयो, तव योएल २:२८ को भविष्यवाणी पुरा भयो । पवित्र आत्माको कार्य ख्रीष्टियानहरुमाझ पृथ्वीमा शुरुवाट भयो । संसारमाझ परमेश्वरको सन्देश, तिनीहरुले बोलेका र लेखेका वचनहरुलाई पक्का गर्नको निम्ति पवित्र आत्माको आश्चर्यकर्मले निरन्तरता लियो । जव कसैले बप्तिमा लिन्छन्, त्यति नै बेला पवित्र आत्मा प्राप्त हुन्छ । यसरी ख्रीष्टियानहरुमाझ आज परमेश्वरको उपस्थितिमा आत्माद्वारा निरतन्तरता दिनुहुन्छ ।

## (क) पहिलो शताब्दीमा खीष्टियान र आत्मा

(१) पवित्र आत्माद्वारा अविश्वासीहरुमाझ आश्चर्यजनक रुपमा प्रेरणाप्राप्त बोलेको वचन पक्का हुन्थ्यो (मर्कूस १६:१७-२०; हिब्रू २:३,४)।

(२) लेखिएका वचनहरु नभएको हुनाले आत्माले खीष्टियान शिक्षकहरु लाई अगुवाई गर्नुहुन्थ्यो, जसको शिक्षालाई पवित्र आत्माले प्रेरणा दिनुहुन्थ्यो (१ कोरिन्थी १२-१४)।

(३) मण्डलीलाई परिपक्व बनाउनको निम्ति प्रेरितहरुले हात हालेर पवित्र आत्माका आश्चर्यकर्महरुका वरदानहरु सुम्पिएको थियो (प्रेरित ८: १८; रोमी १:१; २ तिमोथी १:६)।

(४) सबै आवश्यक सत्यता पहिलो शताब्दीमा प्रकट गरियो (२ तिमोथी ३:१६,१७)।

(५) सबै खीष्टियानहरुले अहिले परमेश्वरको मार्गदर्शनको निम्ति लेखिएको परमेश्वरको वचनमा निर्भर हुनुपर्छ (प्रेरित २०:३२; एफिसी ३:३-५; २ तिमोथी ३:१६,१७; गलाती १:६-९; यहूदा ३; प्रकाश २२:१८,१९)।

(६) पहिलो शताब्दीमा वचन लेखन कार्य समाप्त भैसके पछि अविश्वासीहरुको अघि पवित्र आत्माले पक्का गर्ने कार्य पनि अन्त्य भयो (१ कोरिन्थी १३:८-१३)।

(७) आत्माले प्रेरित गर्नुभएको लिखित परमेश्वरको वचनमा परिवर्तन नगर्न, नथप्न र नघटाउन खीष्टियानहरुलाई चेतावनी दिएका छन् (गलाती १:६-९; यहूदा ३; प्रकाश २२:१८,१९)।

## (ख) वर्तमान समयमा खीष्टियान र आत्मा

(१) खीष्टियानहरुमा पवित्र आत्मा वास गर्नुहुन्छ (१ कोरिन्थी ३:१६; २ कोरिन्थी ६: १६; एफिसी २:२२; २ तिमोथी १:१४)।

(२) आत्माले शुद्ध गर्नुहुन्छ (२ थेसलोनिकी २:१३,१४; यूहन्ना १७:१७; प्रेरित १५:९; एफिसी ५:२६; १ थेसलोनिकी ५:२३; १ तिमोथी ४:४,५)।

(३) आत्माले शक्ति दिनुहुन्छ (प्रेरित २०:३२; एफिसी ३:१६,२०; कलस्सी १:१०,११)।

(४) आत्माले सान्त्वना दिनुहुन्छ (प्रेरित ९:३१; २ कोरिन्थी ७:६,७,१३; रोमी १५:४; २ थेसलोनिकी २:१६,१७)।

(५) आत्माले अगुवाई गर्नुहुन्छ (रोमी ८:१४; गलाती ५:१८,२५; यशैया ४८: १७; भजन संग्रह ११९:१०५; २ थेसलोनिकी ३:५)।

(६) हाम्रो जीवनमा आत्माको फल फलाउने कुरा आत्माले खोजी गर्नुहुन्छ ( गलाती ५:२२,२३)।

(७) आत्माले खीष्टियानहरुलाई छाप लाउनुहुन्छ (२ कोरिन्थी १:२१,२२; एफिसी १:१ ३,१४; ४:३०)।

(८) परमेश्वको वचनद्धारा भएर आज पवित्र आत्माले मानिसहरुको हृदयमा विश्वास उत्पन्न गर्न (यूहन्ना २०:३०,३१; रोमी १०:१७), परिवर्तन गर्न ( याकूव १:१८; १ पत्रुस १:२२,२३), बचाउन (प्रेरित ११:१४; याकूव १:२१), शुद्ध पार्न (यूहन्ना १५:२; एफिसी ५:२६), जीवित पार्न (भजन संग्रह ११९:४०,९३; यूहन्ना ६:६३), समझ दिन (एफिसी ३:४; २ तिमोथी ३:१५), रक्षा गर्न

(२ तिमोथी ३:१६,१७), जगाउन (२ पत्रुस ५:१२), आत्मालाई शुद्ध गर्न (१ पत्रुस १:२२) र मनलाई उज्यालो पार्ने (भजन संग्रह १९:८; ११९:१३०) काम गर्नुहुन्छ ।

## वर्तमान समयमा पवित्र आत्माको कार्य

पवित्र आत्माले आज यस्तो तरिकाले काम गर्नुहुन्छ जुन हाम्रो पूर्ण समझभन्दा बाहिर छन् । तै पनि उहाँले बाइबलमा व्याख्या गर्नुभएको छ र सबै ख्रीष्टियानहरुले आत्मसंयम र निष्ठाको जीवन जिएको होस् भनी उहाँ चाहनुहुन्छ । यस्तो तरिकाले जिउन आत्माले इच्छा गर्नुहुन्छ कि

(१) हामीले हाम्रो स्वतन्त्र नैतिक रोजाइको भावनालाई कायम गर्नुपर्छ किनभने ख्रीष्टको अगाडि हामीले हाम्रो व्यवहारको लेखा दिनै पर्छ (२ कोरिन्थी ५:१०)।

(२) हामीले परमेश्वरको वचनको जगमा एकता कायम गर्नुपर्छ किनभने हामीले परमेश्वरको वाणी बोल्नै पर्छ (१ पत्रुस ४:११; १ कोरिन्थी १:१०; गलाती १:६-९; १ यूहन्ना ४:१-४) ।

(३) हामीले काम र उद्देश्यमा एकता कायम गर्नुपर्छ किनभने मण्डली एउटै शरीर भएर काम गर्नुपर्छ (१ कोरिन्थी १२:१२-३१; कलस्सी ३:१२-१७) ।

(४) सबैले बुझ्नको निम्ति अनुग्रहद्धारा बोल्न हामीले हाम्रो बोलीवचनलाई नियन्त्रण गर्नुपर्छ किनभने हामीले बोलेका सबै वचनहरु परमेश्वरको अगाडि हामीले लेखा दिनुपर्छ (मत्ती १२:३६,३७; कलस्सी ४:६) ।

(५) हामीले अध्ययनपूर्ण जीवनलाई कायम गर्नुपर्छ किनभने परमेश्वरको अगाडि धर्मशास्त्रलाई जान्नु हाम्रो जिम्मेवारी हो (प्रेरित १७:११; २ तिमोथी २:१५; २ पत्रुस ३:१५,१६) ।

मुक्तिको निम्ति आत्माले दिनुभएका अर्तीहरु परमेश्वरबाट आएको होइनन् भनी कसैले आत्मालाई निन्दा गर्छन् । कसैले उद्धार पाउन के गर्नुपर्छ भनी बाइबलमा आत्माका अर्तीहरुलाई इन्कार गर्नेहरुले आत्माको विरुद्धमा पाप गर्छ (मत्ती १२:३१,३२; मर्कूस ३:२८-३०; लूका १२:१०) । अभिप्रेरित गर्नुभएको वचनको प्रचारद्धारा आज मानिसहरुलाई परिवर्तन गर्न खोज्ने कुरा आत्माले खोज्नुहुन्छ (याकूब १:२२), जसद्धारा कोही नयाँ गरी जन्मन्छन् (१ कोरिन्थी ४:१५; १ पत्रुस १:२२,२३) । उद्धार पाउनको निम्ति पवित्र आत्माले अर्ती दिएर लेखिएको वचनहरुलाई कसैले पालन गर्छन् भने त्यो नयाँ गरी जन्मिन्छ, पाप क्षमाको निम्ति हामीले विश्वास गर्नै पर्छ र बप्तिस्मा लिनै पर्छ (मर्कूस १६:१६; प्रेरित २:३८) ।

-०-



# येशू



मानव इतिहासको सबैभन्दा महान व्यक्ति जसले लाखौ मानिसहरुको जीवनलाई प्रभाव पाऱ्यो जसको जन्म दुई हजार वर्ष अघि नम्र वातावरणमा बेथहलेमको डुँडमा भयो । उहाँ नासरतको येशू, परमेश्वरको पुत्र हुनुहुन्थ्यो । उहाँ परमेश्वरले जन्माउनुभएको एक मात्र पुत्र हुनुहुन्थ्यो ।

इतिहासमा खीष्टियानिटिको विस्फोट र येशूका चेलाहरुका मण्डलीको तीव्र बृद्धि केवल मानिसहरुले उत्पन्न गरेको हुन सक्दैनन् । पहिलो शताब्दीमा खीष्टियानिटिको अदभुत बृद्धिको निम्ति केवल एउटै उत्तर हो कि यसको शुरुवाट अप्राकृतिक रुपबाट भयो । ऐतिहासिक चरित्रको रुपमा परमेश्वरको पुत्र भनेर येशूले जे भन्नुभएको थियो उहाँ उही नै हुनुहुन्छ । शताब्दीयौ सम्म लाखौ मानिसहरुको हृदयमा खीष्टियानिटिले कैद गरी संख्यात्मकमा बृद्धि भयो भन्ने प्रश्नको अरु कुनै जवाफ छैनन् । येशूले सयौ भविष्यवाणीहरु पुरा गर्नु भयो । आश्चर्य कर्मको प्रमाणद्धारा उहाँका शिक्षाहरु ईश्वरबाट आएका हुन भनी उहाँले प्रमाणित गर्नुभयो । उहाँले जीवनका मार्गहरु सिकाउनुभयो, जुन कुराहरु मानिसहरुले बनाएका धर्मकहरुसंग अमिल्दो छन् । र अन्त्यमा, अहिले स्वर्गमा राज गर्नको निम्ति मृत्युबाट उहाँको पुनरुत्थानद्धारा उहाँ परमेश्वरको एकमात्र पुत्र हो भनी उहाँले प्रमाणित गर्नुभयो ।

जोशिला चेलाहरुले येशू खीष्टको अस्तित्व, कार्य, र चरित्रको बारेमा कल्पना गर्न सक्दैथ्यो । उहाँ परमेश्वर हुनुहुन्थ्यो, शरीरमा प्रकट हुनुभयो, त्यसैले सबै मानिसहरुबाट आज्ञाकारिता चाहनुहुन्छ र माग गर्नुहुन्छ । मानव निर्मित समुहद्धारा इतिहासमा फेला परेको व्यक्ति येशू हो भन्ने कुरा नबुझ्नै, तर वास्तविक परमेश्वरको पुत्र जसलाई सेवा गर्न हामी सबै परिचालित हुनुपर्छ ।

## येशूको व्यक्तित्व

उहाँ को हुनुहुन्छ भन्ने कारणले येशूप्रति हाम्रो आकर्षण हुन्छ । उहाँ साँच्चै नै परमेश्वरको पुत्र हुनुहुन्छ र उहाँको बारेमा बाइबलले सबै कुरा भन्दछन् । त्यसो भए तिनीहरुको उद्धार मुक्तिको निम्ति लाखौ मानिसहरु जसले उहाँमा विश्वास गर्छन तिनीहरुको निम्ति उहाँ विश्वासको मजबुत जग हुनुहुन्छ ।

(क) खीष्टमा परमेश्वरको पूर्णता वास गर्नुभएको थियो (कलस्सी १:१९; २:९) ।
(ख) येशू परमेश्वरको वचनको अवतार हुनुहुन्छ (यूहन्ना १:१,१४; १ यूहन्ना १:१,२; २ यूहन्ना ७) ।
(ग) येशू परमेश्वरको एकमात्र पुत्र हुनुहुन्छ (यूहन्ना १:१४,१८; ३:१६,१८) ।
(घ) येशू परमेश्वरसित एक हुनुहुन्छ (यशैया ९:६; यूहन्ना १:१,२; १०:३०; तीतस २:१३; २:१३; १ यूहन्ना ५:२०) ।

(ङ) येशू अस्तित्वमा अनन्त हुनुहुन्छ (रोमी ९:५; हिब्रू ७:३; प्रकाश १:८)।
(च) येशू सबैकुरा जान्नुहुन्छ (मत्ती ९:४; लूका ५:३२; यूहन्ना २:२५)।

## येशूको प्रमाण

उहाँ को हुनुहुन्थ्यो भनी येशूले जे भन्नुभएको थियो त्यसका प्रमाणहरु बाइबल र इतिहास हुन्। यदि कसैले बाइबलमा विश्वास गर्छन भने येशू परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने कुरालाई पनि उसले विश्वास गर्नै पर्छ (यूहन्ना २०:३०,३१)। यदि कसैले ऐतिहासिक लेखहरुलाई विश्वास गर्नुहुन्छ भने येशू अस्तित्वमा हुनुहुन्थ्यो भन्ने कुरालाई पनि उसले विश्वास गर्ने पर्छ।

**(क) भविष्यावाणीको प्रमाण।** येशू र उहाँका कार्यहरुको बारेमा पुराना करारमा ३०० भन्दा बढी अगमवाणीहरु छन्। ती भविष्यवाणीहरु येशू जन्मनु भन्दा सयौ वर्ष अगाडी लेखेका थिए।

(१) उहाँ अब्राहामको सन्तान हुनुहुनेछ (उत्पति १२:१-३; गलाती ३:१६)।
(२) उहाँ इसहाकको सन्तान हुनुहुनेछ (उत्पति २१:१२; हिब्रू ११:१८)।
(३) उहाँ यहूदा कूलमा जन्मनुहुनेछ (उत्पति ४९:१०; लूका ३:३३)।
(४) उहाँ बेथहलेममा जन्मनुहुनेछ (मिका ५:२; मत्ती २:१,३)।
(५) उहाँ दाऊदको सन्तान हुनुहुनेछ (२ शमूएल ७:१२-१६)।
(६) उहाँलाई धोका दिइनेछ (भजन संग्रह ४१:९; ५५:१२-१४; मर्कूस १४:६६-७२)।
(७) उहाँ मृत्युबाट बौरी उठनुहुनेछ (भजन संग्रह १६:१०; प्रेरित २:३२)।

**(ख) उहाँको अस्तित्वको प्रमाण।** धेरै प्राचीन ऐतिहासिक लेखहरुले येशू र उहाँका सेवाकाईका वरपरका घटनाहरुलाई उल्लेख गर्दछन्।

(१) जुलियस अफ्रिकानसले थालसलाई उदघृत गऱ्यो, जो करिव इ.स. ५२ तिर रोममा बाँचेको थियो। येशूलाई क्रूसमा टाँग्दा खेरी पृथ्वी अन्धकारले छाएको कुरा थालसलाई थाहा थियो (मत्ती २७:४५)।
(२) मारा-बार सेरापियोनले आफ्नो छोरालाई चिठ्ठी लेख्दा यहूदीहरुले "तिनीहरुका राजा" येशूलाई प्रतिनिधित्व गरेर झुण्ड्याइयो भनेका थिए।
(३) टाकिटस् जो इ.स. ५२-५४ तिर जन्मेको थियो, उनले भनेका थिए कि टाइविरियसको शासन कालमा "क्रिस्टोस" (खीष्ट) जसलाई झुण्डयाएर मारेको थियो।
(४) सि.प्लीनियस सिकन्डस (प्लीनि, जवान), इ.सं ११२ तिर बेथानियाको शासक थियो, जसले आफ्नो राज्यमा "खीष्टियानहरुको" समस्याबारे कैसर ट्राजनलाई पत्र लेखेको थियो।
(५) यहूदी तालमुड (इ.स.७०-२०० विच सम्मको यहूदी शिक्षा संग्रह) ले "नासरतको येशू" बारे धेरै कुराहरु लेखेका थिए, यद्यपी ती सन्देशहरु नकारात्मक पक्षमा लेखेका थिए।
(६) योसेफस, पहिलो शताब्दीको अन्त्यतिरको यहूदी इतिहासकारले

येशूलाई "बुद्धिमानी मानिस"...आश्चर्यकर्म गर्ने व्यक्ति भनी जनायो ।

**(ग) उहाँको आश्चर्यकर्म र पुनरुत्थानको प्रमाण ।** उहाँ को हुनुहुन्थ्यो भनी येशूले जे भन्नुभएको थियो, त्यसपछि यो प्राकृतिक संसार र अलौकिक शक्तिलाई नियन्त्रण गर्ने शक्ति उहाँमा छ भनी हामी उहाँमा अपेक्षा गर्छौ । उहाँको पुनरुत्थान विना मृत्युमामात्र उहाँको कुनै विषय हुँदैनन् होला । जब धार्मिक मानिसहरुले तिनीहरुका धर्म संस्थापकहरुको चिहानलाई केन्द्रित गर्छन, खीष्टियानहरुले पुनरुत्थान भएको मुक्तिदाताको शासनलाई केन्द्रित गर्छन् । वास्तविक रुपमा येशू मृत्युबाट बौरी उठनुभएको तथ्यलाई केही वर्षसम्म जवाफ दिदै पहिलो शताब्दीमा मण्डली तीव्ररुपमा बढदै गयो ।

**(घ) सताइएका चेलाहरुका प्रमाण ।** तिनीहरुले पुनरुत्थान भएको परमेश्वरको पुत्रलाई विश्वास गरेको तथ्य नै त्यो जवाफ हुन सक्छ जसले गर्दा अघिका खीष्टियानहरुले कष्ट भोगी मृत्यु भएका थिए ।

(१) चेलाहरु येशूको निम्ति इच्छुक भएर कष्ट भोगे (प्रेरित ४:१८,१९; १४:२२; २ तिमोथी ३:१२) ।

(२) चेलाहरु येशूको निम्ति मर्न इच्छुक भए (प्रेरित ८:१-३; १२:१-४; १ पत्रुस ४:१६; प्रकाश २:१०) ।

**(ङ) नयाँ नियमको लेखहरुका प्रमाण ।** पहिलो शताब्दीमा खीष्टियानिटि शक्तिशाली आन्दोलन भएको थियो भनी प्राचीन नयाँ नियमको लेखहरुका अस्तित्वले प्रमाणित गर्छन् । किनभने धेरै वर्षको समय अन्तरालमा धेरै मानिसहरु द्धारा विना विरोधाभास यी लेखहरु लेखेका थिए जसले न ता येशू न ता मण्डली नै मानिसहरुले आविष्कार गरेका हुन भनी प्रमाणित गर्छ (यूहन्ना २०:३०,३१) ।

## येशूको शक्ति

पृथ्वीका कुनै पनि मानिसहरुले परमेश्वर हो भनी दावा गरेका छैनन् जसरी येशूले आफु हो भनी दावा गर्नुभयो (यूहन्ना १०:३०-३३) । यसकारण, अहिले सम्ममा जिवित भएकाहरु मध्ये कि त उहाँ सबैभन्दा महान छलि र भुटा हुनुपर्छ नत्र भने उहाँ जसले यो अधिकार र शक्तिसाथ आज जोसंग सबै कुरा छ भनी दावा गर्ने व्यक्ति नै सही हुनुपर्छ । येशू जसले दावा गर्नुभयो उहाँलाई सबै मानिसहरुभन्दा महान बनाउँछन् ।

(क) येशू सबै कुराहरुको सृष्टिकर्त्ता हुनुहुन्थ्यो (कलस्सी १:१६; हिब्रू १:२) ।

(ख) येशू अहिले सबै कुराहरुको शिर हुनुहुन्छ (मत्ती २८:१८; यूहन्ना १३:३; एफिसी १:२०-२२) ।

(ग) येशू पृथ्वीका सबै शासकहरुका राजा हुनुहुन्छ (१ तिमोथी ६:१५; प्रकाश १९:१६) ।

(घ) येशू अहिले सबै कुराहरुमाथि राज गर्नुहुन्छ (रोमी ५:१७; फिलिप्पी २:९-११; १ पत्रुस ३:२२) ।

(ङ) येशू हाम्रा मुक्तिदाता र छुटकारक हुनुहुन्छ (यूहन्ना १४:६; प्रेरित ४:१२; एफिसी १:७; तीतस २:१४)।

(च) येशू परमेश्वरको अगाडी हाम्रो प्रधान पूजाहारी हुनुहुन्छ (हिब्रू ३:१; ४:१४; ७:२६)।

(छ) येशू अगाडी भविष्यवाणी गर्नुभएको अगमवक्ता हुनुहुन्छ (लूका १३:३३; यूहन्ना १:२१; प्रेरित ३:२२-२६)।

(ज) येशू परमेश्वरसितको हाम्रो केवल एउटै मध्यस्थकर्त्ता हुनुहुन्छ (१ तिमोथी २:५; हिब्रू ८:६; ९:१५; १२:२४)।

(झ) येशू सबैको अन्तिम न्यायकर्त्ता हुनुहुनेछ (यूहन्ना १२:४८; २ कोरिन्थी ५:१०)।

## येशूको बिन्ति

येशूसँग विश्वव्यापी अधिकार भएको हुनाले अनन्त अस्तित्वका परमेश्वरको सामुन्ने उहाँको अघि आउनको लागि सबै मानिसहरुलाई विश्वव्यापी रुपमा बिन्ति गर्ने अधिकार केवल उहाँमा मात्र छन्।

(क) उहाँ नै बाटो, सत्य र जीवन हुनुहुन्छ भनी येशू भन्नुहुन्छ (यूहन्ना १४:६)।

(ख) सबै मानिसहरु उहाँमा आउनको निम्ति येशू बिन्ति गर्नुहुन्छ (मत्ती ११:२८,२९)।

(ग) सबै मानिसहरुले उहाँमा विश्वास गर्ने पर्छ भनी येशू भन्नुहुन्छ (यूहन्ना ८:२४)।

(घ) मुक्ति पाउनको निम्ति प्रत्येक सबैले विश्वास गरेर बप्तिस्मा लिनै पर्छ भनी येशू भन्नुहुन्छ (मर्कूस १६:१५,१६)।

परमेश्वर येशूको शरीर भएर संसारमा आउनुको कारण हाम्रा पापको निम्ति बलिदानको प्रायश्चित हुनको निम्ति हो (यूहन्ना ३:१-२१)। उहाँको बलिदानद्धारा कोही पनि परमेश्वरसँग मेलमिलाप हुन सक्छन् (२ कोरिन्थी ५:१६-२१)। प्रत्येक जसले उहाँको मृत्यु र पुनरुत्थानद्धारा भएर बप्तिस्मामा आज्ञाकारिता हुन्छन तिनीहरु सबै परमेश्वरको उपस्थितिमा सदाकाल जिवित रहनेछन् (यूहन्ना ५:२४,२५; रोमी ६:३-६; २ थेसलोनिकी १:६-९; १ पत्रुस ३:२१)।

-o-

## तपाई कसरी नाप्नुहुन्छ?

परमप्रभु यसो भन्नुहुन्छः “बुद्धिमान् मानिसले आफ्नो बुद्धिमा घमण्ड नगरोस, अथवा बलियो मानिसले आफ्नो बलमा घमण्ड नगरोस्, अथवा धनी मानिसले आफ्नो धनमा घमण्ड नगरोस्, तर जसले घमण्ड गर्छ त्यसले यस विषयमा घमण्ड गरोसः ‘म परमप्रभुलाई जान्दछु, जसले पृथ्वीमा दया, न्याय र धार्मिकताको व्यवहार गर्नुहुन्छ। किनभने यिनैमा म प्रशन्न हुन्छु,” परमप्रभु भन्नुहुन्छ।

-(यर्मिया ९:२३,२४)

# बाइबलिय अधिकार हुनुको आवश्यकता

नयाँ नियम परमेश्वरको आखिरी अधिकार हो । सम्भवत आज सबै मानिसहरु येशू ख्रीष्टको सुसमाचार अन्तर्गत जीवित भएका छन् (मत्ती २८:१८-२०; मर्कूस १६:१५,१६; लूका २४:४५-४९) । ख्रीष्टको व्यवस्थाले जे भन्दछ, त्यो नियमको अधिनमा भएकाहरुलाई मात्र भन्दछ । यो सिद्धान्त स्पष्टरुपमा रोमी ३: १९ र ४:१५ मा लेखिएको छ ।

यसरी परमेश्वरलाई प्रशन्न तुल्याउनको निम्ति आज जीवित भएका सबै मानिसहरुले उद्धार मुक्तिको लागि नयाँ नियमको अधिकारलाई पालन गर्नै पर्छ । उदाहराणको लागि बप्तिस्मा लिनु भनी आज्ञा दिनु पर्दैन् किनभने उसको पहिले नै उद्धार भै सकेको थियो । यस्ता कुराहरु समावेश गर्न सक्दैनन् । आज यस्ता उदाहरणहरु दियाबलसको झुटा शिक्षाहरु हुन् । पश्चात्तापी विश्वासी जो, अझै पनि हराएका छन् उद्धार पाउनको निम्ति बप्तिस्मा लिनु भनी नयाँ नियमले अधिकृत गर्छन् (मर्कूस १६:१६; प्रेरित २:३८) । परमेश्वरको सन्तान, उद्धार पाएको मानिस हुनको निम्ति हो (प्रेरित २२:१६; रोमी ६:३-५; गलाती ३:२६,२७; २ तिमोथी २:१०; १ पत्रुस ३:२१ आदि) । मानिसहरुले सृजना गरेका उद्धार मुक्तिको योजनालाई पालन गरेर हरेक मानिसले ख्रीष्टको रगतद्धारा उद्धार पाउन खोज्छन् भने त्यो उद्धार पाउन असफल हुन्छन् । उसले आफ्नो सम्प्रदायिक गलतबाट पश्चाताप हुनैपर्छ र नयाँ नियममा अधिकृत गरिएको उद्धार मुक्तिलाई पालन गर्नै पर्छ ।

धेरै मानिसहरु जो वचाइएका छन् भनी सोच्ने गर्दछन् तिनीहरु डरलाग्दो गलतमा छन् भनी येशू आफैले स्पष्ट पार्नुभयो । किन? किनभने तिनीहरुले मुक्तिको ईश्वरीय योजनाहरुलाई भन्दा मानविय मुक्तिको योजनाहरुलाई मात्र पालना गरेका छन् (मत्ती ७:१३,१४,२१-२३) । बप्तिस्मा ख्रीष्टको सुसमाचार लाई पालना विना इमान्दार र धार्मिक साँचो भएता पनि उद्धार पाइनेछैन् (प्रेरित ९:२२,२४-टार्ससको पावलको उदाहरण पढ्नुहोस्) ।

येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ भनी जुन वेला विश्वास गर्छन त्यहि बेला पापमा हराएका मानिसहरुको उद्धार हुनेछन् भन्ने गलत शिक्षाहरु कोही-कोही मानिसहरुले निकालेका छन् । विश्वासको विन्दुमा आउँदा तिनीहरुले भन्ने छन् कि आफ्नो हृदयमा येशूलाई ग्रहण गरिसकेका छौं । अरु धेरैले भन्दछन् कि केवल विश्वासले मात्र उद्धार हुन्छ, अरु कुनै कुराले होइन् । तर बाइबलले सिकाउँदछ कि काम (ख्रीष्टमा आज्ञाकारी हुने क्रिया) विनाको विश्वास मरेको हुन्छ (आत्मा विनाको शरीरसँग तुलना गर्नुहोस्) (याकूब २:२४,२६) । भूतात्माहरुले पनि विश्वास गर्छन् (याकूब २:१९), तै पनि तिनीहरु बचाइदैनन, किनभने तिनीहरुले आज्ञा पालन गर्दैनन् । मानिसहरु इमान्दार हुनैपर्छ (लूका ८: १५) । मानिसहरुले परमेश्वरको इच्छा बुझ्नै पर्छ र बाइबलले अधिकार दिएको मात्र गर्नु पर्छ । आज्ञापालनको कुनै क्रिया विना वा अघि कोही पनि विश्वासद्धारा उद्धार पाउन सक्दैनन् ।

## परमेश्वरको वचन

उद्धार पाउनको निम्ति पश्चात्तापी व्यक्तिले येशू नै ख्रीष्ट परमेश्वरको पुत्र हो भनी विश्वास गर्छ (लूका १३:३; यूहन्ना ८:२४), ख्रीष्टमा बप्तिस्मा लिन्छ (रोमी ६:३-५; गलाती ३:२६,२७) र ख्रीष्टको मृत्यु (रगत) र पुनरुत्थानद्धारा उद्धार हुन्छ (१ पत्रुस ३:२०,२१; प्रकाश १:५) । त्यसपछि उ मृत्युसम्मै विश्वास योग्य भएर परमेश्वरमा जिउनु पर्छ (प्रकाश २:१०) ।

येशूले भन्नुभयो, *" स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ "* (मत्ती २८:१८) । जव कुनै बिषय आत्मासँग सम्वन्धित हुन्छन् भने येशू नै केवल अधिकार हुनुहुन्छ । हाम्रो प्रधान प्रजाहारीको रुपमा केवल उहाँले नै हाम्रो नैतिक र आत्मिक मामिलाहरु संचालन गर्नुहुन्छ । आखिरी दिनमा हामीले उहाँलाई हाम्रो न्यायाधिशको रुपमा सामना गर्नेछौं (यूहन्ना ५:२२) ।

येशूको अधिकार ब्रम्हाण्डका सबै क्षेत्रहरुमा छन् (स्वर्ग र पृथ्वी) । यस्तो शक्ति स्वर्गदूत, पूजाहारी, पोप वा कुनै प्रचारकहरुमा छैनन् । येशू अधिकारमा सर्वोच्च हुनुहुन्छ; येशूको दावा निकै उच्चतम छ; स्वर्ग र पृथ्वीमा भएका सबै वैधानिक, न्यायिक र कार्यकारी अधिकार उहाँलाई दिइएको छ । मानव शरीर भएका कसैले पनि अहिले सबै त्यस्तो दावा गर्न सकेका छैनन् । उहाँ परमेश्वरको अधिकारमा ढाकिएको थियो, *" ...उहाँले ख्रीष्टलाई मरेकाहरुलाई जीवित पार्नुभयो, अनि स्वर्गीय स्थानहरुमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो, सबै शासन र अधिकार, र शक्ति र राज्यमाथि र यस युगका मात्र होइन, तर आउने युगका पनि जति नाउँ छन्, ती सबैमाथि उहाँलाई राख्नुभयो"* (एफिसी १:२०,२१) । येशू राजाहरुका राजा र प्रभुहरुका प्रभु हुनुहुन्छ (१ तिमोथी ६:१५) र संसारका राजाहरुका शासक हुनुहुन्छ । अन्तिम शत्रुलाई विजय नगरुञ्जेलसम्म उहाँले यो आफ्नो अधिकार आफ्नो राज्यको राजा भएर अभ्यास गर्नुहुन्छ र त्यसपछि उहाँले राज्यलाई परमेश्वर पिताको हातमा सुम्पिदिनुहुन्छ (१ कोरिन्थी १५:२४) । आज मण्डलीमा कुनै वैधानिक अधिकार छैनन् । हामी उहाँका आज्ञाहरु पालन गर्छौ र अभ्यास गर्छौ, तर हामीले मण्डलीको निम्ति नियमहरु बनाउन सक्दैनौ । सबै अधिकार येशूमा भएकोले मण्डलीमा मानिसहरुको कार्यक्रमहरुको निम्ति कुनै स्थान छैनन् ।

परमेश्वरको वचन अनन्तको छ भनी धर्मशास्त्रले प्रकट गर्दछ (१ पत्रुस १ :२५) । येशू भन्नुहुन्छ, *" स्वर्ग र पृथ्वी बितेर जानेछ तर मेरो वचन बितेर जानेछैनन्"* (मत्ती २४:३५) । परमेश्वरको वचनको अधिकारलाई सम्मान गर्दै सत्यतालाई कहिल्यै बिर्सनु हुँदैन: *" हे परमप्रभु, तपाईंको वचन सनातन र अनन्त छ, आकाशमा त्यो स्थिर रहन्छ"* (भजन संग्रह ११९:८९) ।

कृपया माथिका धर्मशास्त्रहरु खोजी गर्नुहोस र त्यस्तै छ कि छैन भनी हेर्नुहोस् (प्रेरित १७:११) ख्रीष्टका मण्डलीहरु न क्याथोलिक, प्रोटेस्टेन्ट वा यहूदी हुन् । हामी ख्रीष्टियान हौ (१ पत्रुस ४:१६) ।

-o-

# आश्चर्य कर्म



प्राकृतिक नियमहरुसित परमेश्वर सीमित हुनुहुन्न । नता उहाँ प्राकृतिक नियमद्धारा नियन्त्रण गरेको क्षेत्रमा वास गर्नुहुन्छ । उहाँ प्रकृतिभन्दा माथि हुनुहुन्छ । भौतिक संसारको नियमभन्दा उहाँ माथि हुनुहुन्छ । उहाँ अलौकिक हुनुहुन्छ । हाम्रा भौतिक संसारमा परमेश्वरले आफैलाई अलौकिक हिसाबले प्रकट गर्नुभएको कुरालाई वर्णन गर्न नयाँ नियममा चारवटा फरक शब्दहरु प्रयोग गरेका छन् ।

**अच्चम** (तेरास):- यो शब्दलाई कहिल्यै पनि आश्चर्य कर्मको सन्दर्भमा प्रयोग गरेनन् । परमेश्वरको अलौकिक क्रियाकलापहरुलाई उल्लेख गर्दै यो शब्दको प्रयोग हुन्छ (प्रेरित २:२२,४३; ४:३०; ५:१२; ६:८; १५:१२; हिब्रू २:१४) । आश्चर्य कर्मप्रति मानिसहरुको प्रतिक्रियालाई व्याख्या गर्न यो शब्द प्रयोग गरिन्छ (मत्ती ९:२६; मर्कूस २:१२; ४:४१; ६:५१; ७: ३७; लूका ८:५६; १३:१७) ।

**चिन्ह** (सिमियोन):- जसले उहाँको वचन प्रचार गऱ्यो, उनीहरुसित परमेश्वरको उपस्थिति छ भनी अविश्वासीहरुलाई परमेश्वरले संकेट देखाउन चाहेको बेला यो शब्द प्रयोग हुन्छ (मर्कूस १६:२०; यूहन्ना ३:२; प्रेरित १४:३; २ कोरिन्थी १२:१२; हिब्रू २:१४) ।

**शक्ति वा शक्तिशाली कामहरु** (डुनामिस):- हाम्रा वातावरणको दैनिक कामहरु वा प्राकृतिक नियमहरु भन्दा महान छ भनी परमेश्वरले शक्ति पहिचान गराउन चाहेको बेला यो शब्द प्रयोग हुन्छ (उत्पति १८:१४; प्रस्थान ५:२; भजन संग्रह ३३:४-९; १०७:२३-३२; यशैया ४०:१२-२७; प्रेरित २:२२; १९:११) । आश्चर्य कर्मले पिता, पुत्र र पवित्र आत्माको शक्ति प्रकट भयो (प्रेरित १६:१२; मत्ती १०:१; १२:२८) ।

**कार्यहरु** (इरगोन):- मानिसहरुको निम्ति आश्चर्य कर्म अदभुत क्रिया लागेता पनि जहाँ परमेश्वर वास गर्नुहुन्छ त्यो वातावरणलाई आश्चर्य कर्मले प्रकट गर्छ (यूहन्ना ५:३६; ७:२१; १०:२४,३२,३८; १४:११,१२; १५:२४) । यसकारण, आश्चर्य कर्म स्पष्टरुपमा परमेश्वरको उपस्थिति सबै मानिसहरुलाई प्रकट भएको कुरा हो ।

## आश्चर्य कर्मका उद्देश्यहरु

परमेश्वरले उद्देश्यविना कुनै काम गर्नुहुन्न् । मानिसहरुको निष्क्रिय चासोहरुलाई सन्तुष्ट पार्न उहाँले चमत्कारी तरिकाद्धारा काम गर्नुहुन्न् । विशेष उद्देश्यहरु पुरा गर्नको निम्ति उहाँले आश्चर्यकर्मद्धारा भएर काम गर्नुभयो ।

**(क) आश्चर्य कर्मले परमेश्वरको महिमा प्रकट भयो ।**

(१) जव परमेश्वरले अलौकिक क्षेत्रलाई आश्चर्य कर्मद्धारा प्रकट गर्नुभयो, उहाँको महिमा मानिसहरुको विचमा यसरी प्रकट भयो कि त्यसलाई इन्कार गर्न सक्दैनन् (यूहन्ना १:१४; ११:४०-४२; १७:६-८; प्रेरित ४:१४-१६) ।

(२) परमेश्वरको आश्चर्यजनक महिमा बाइबलमा हाम्रो निम्ति पढ्नको लागि अभिलेख गरेको छ र त्यसैले आज हामीले परमेश्वरलाई महिमा दिनुपर्छ (यशैया ४०; भजन संग्रह १९:१,२; अयुव ३८,३९; रोमी १:२०) ।

**(ख) आश्चर्य कर्मले येशूको महिमा प्रकट भयो ।**

(१) येशूलाई परमेश्वरले प्रत्यक्षरुपमा यो संसारमा पठाउनु भएको कुरा आश्चर्य कर्मले प्रमाणित गऱ्यो (यूहन्ना ३:२; ४:४८; ५:३६; ६:१४; १०:२४,३७,३८; ११:१५; १४:११) ।

(२) येशू उहाँको पुत्र हुनुहुन्छ भनी परमेश्वरले अनुमोदन गर्नुभएको कुरा आश्चर्य कर्मले प्रकट गऱ्यो (प्रेरित २:२२) ।

(३) येशू नै ख्रीष्ट र परमेश्वरको पुत्रको अवतार हुनुहन्छ भन्ने कुरा आश्चर्य कर्मले प्रमाणित गऱ्यो (मत्ती ११:२-६; लूका ७:२०-२२; यूहन्ना २०:३०,३१) ।

(४) येशू पृथ्वीमा हुनुहुँदा आश्चर्य कर्मले उहाँको महिमा गऱ्यो (यूहन्ना २:११) ।

(५) व्यक्तिगतरुपमा पाप क्षमा गर्ने अधिकारसित येशू संसारमा परमेश्वर हुनुहुन्थ्यो भन्ने प्रमाण आश्चर्य कर्मले गऱ्यो (मत्ती ९:६; मर्कूस २:९-१२; लूका ५:२६) ।

(६) यो संसारमा भएका भौतिक पदार्थहरुमाथि (यूहन्ना २:१-११), दुरीमाथि (यूहन्ना ४:४६-५४), समयमाथि (यूहन्ना ५:१-९), सृष्टिमाथि (यूहन्ना ६:१-१४), प्रकृतिमाथि (यूहन्ना ६:१६-२१), र्दुभाग्यमाथि (यूहन्ना ९:१-१२) र मृत्युमाथि (यूहन्ना ११:१-४६) येशूको अलौकिक शक्ति छ भन्ने कुराको प्रमाणित भयो ।

**(ग) आश्चर्य कर्महरुले परमेश्वरका सन्देशवाहकहरुलाई दिव्य गवाही दियो ।**

(१) परमेश्वर आफ्ना मानिसहरुसित कार्य गर्दै हुनुहुन्थ्यो भनी आश्चर्य कर्मले प्रमाणित गऱ्यो (व्यवस्था १३:१-४; मत्ती १२:२४-२७; प्रेरित २:१-४, ६-८, ४२; ३:६-१०; ४:१४-१६; ५:१२-१६; ८:६,९, ३६;४२; १४:८-११; हिब्रू २:३,४) ।

(२) उहाँका सन्देशवाहकहरु उहाँद्धारा पठाइएको हो भनी संसारलाई प्रकट गर्न आफ्ना सन्देशवाहकहरुले आश्चर्य कर्म गर्न परमेश्वरले अनुमति दिनुभयो । उहाँले आश्चर्य कर्मको साक्षी एलिशा (२ राजा २), मोशा (प्रस्थान ७:८-१३), येशू (यूहन्ना ३:२), प्रेरितहरु (प्रेरित २:४३; २ कोरिन्थी १२:१२) र विशेष त पहिलो शताब्दीका चेलाहरुलाई (मर्कूस १६:१७-२०; हिब्रू २:३,४) दिनुभयो । परमेश्वरका आश्चर्य कर्मका यी गवाहीहरु बाइबलमा अभिलेख गरेका छन् । यसरी येशू परमेश्वरको पुत्र हुनुहुछ भनी आज विश्वास गर्न यी गवाहीहरु पर्याप्त छन् (यूहन्ना २० :३०,३१; २ तिमोथी ३:१६,१७) ।

**(घ) परमेश्वरको वचन परमेश्वरद्धारा नै आएको थियो भनी आश्चर्य कर्मले पुष्टि गऱ्यो ।**

(१) प्रेरितहरुलाई ख्रीष्टले दिनुभएको अभिप्रेरित वचनहरु परमेश्वरवाट आएको थियो मानिसहबाट होइन भनी आश्चर्य कर्मले प्रमाणित गऱ्यो

(मर्कूस १६:१७-२०; यूहन्ना १४:२६; १६:१३,१४) ।
(२) आश्चर्य कर्मद्धारा प्रमाणित भयो कि ख्रीष्टले प्रेरितहरुलाई परमेश्वरको सन्देशवाहको रुपमा पठाउनुभयो जोसँग उहाँको वचन बोल्ने अधिकार थियो (हिब्रू २:३,४) ।
(३) परमेश्वरका इच्छाहरु आश्चर्य कर्मद्धारा पुष्टि भयो र हाम्रा अध्ययनको निम्ति अभिलेख गऱ्यो । येशूका चेलाहरुलाई आश्चर्य कर्मको ऐतिहासिक तथ्यहरुमा पूर्ण भरोसा भएको पाउँछ किनभने तिनीहरु बाइबलमा उल्लेख गरेका छन् (२ थेसलोनिकी २:१०-१२; २ तिमोथी ३:१६,१७) ।
(४) व्यक्तिगत फाइदाको निम्ति आश्चर्य कर्म दिएको थिएनन् (फिलिप्पी २:२५-२७; २ तिमोथी ४:२०) ।

## साँचो आश्चर्य कर्महरुका विशेषताहरु

(क) आश्चर्य कर्मको मान्यताको निम्ति आश्चर्य कर्मका घटनाहरु एक वा वढी मानिसहरुको भावले अनुभव गरेको हुनुपर्छ (यूहन्ना ३:२; प्रेरित २६:२६) ।
(ख) प्राकृतिक नियमको सामान्य घटनाहरुले आश्चर्य कर्मलाई बयान गर्न सक्दैनन् । जसले साँचो आश्चर्य कर्मलाई वयान गर्छन तिनीहरुले केही असाधारण कुरा भएको स्पष्ट बुझिन्छ (प्रेरित ४:१४-१६; २६:२६) ।
(ग) परमेश्वरको अलौकिक कार्यको उपस्थिति आश्चर्य कर्ममा स्पष्ट देखियो (१ राजा १८:१७-४६; ११:४३-४५) ।
(घ) लामो समयसम्मको निम्ति आश्चर्य कर्म हुँदैनन् । आश्चर्य कर्म तत्कालिन हुन्थ्यो यसकारण प्राकृतिक नियमको साधारण घटनाहरुमा यसले अलमल्ल ल्याउँदैनन् (मत्ती ८:३; २०:३४; मर्कूस १०:५२; यूहन्ना ११:४३-४४) ।
(ङ) दर्शकहरुदेखि लुकाउने तरिकाले बाइबलमा आश्चर्य कर्महरु गरेका थिएनन् । सबै मानिसहरु आश्चर्य कर्मका गवाही हुन सक्थ्यो, साँचो आश्चर्य कर्म अविश्वासीहरुले पनि इन्कार गर्न सक्दैन्थ्यो (१ राजा १८:३०-४०; यूहन्ना ९:११; ११:४५-४६; प्रेरित ४:१४-१६; २६:२६) ।
(च) आश्चर्य कर्मका गवाहीहरु हुन्थ्यो । अविश्वासीहरुमाझ परमेश्वरको उपस्थितिको संकेटको उद्देश्य पुरा हुन्थ्यो (मर्कूस १६:१७-२०) ।

## आज परमेश्वरले दैवी व्यावधानबाट काम गर्नुहुन्छ ।

प्राकृतिक नियमको सामान्य घटनाहरुदेखि वाहेक आज परमेश्वर निरन्तररुपमा काम गर्नुहुन्छ, तर विश्वासीहरुको विश्वासद्धारा भएर देख्ने तरिकाले गर्नुहुन्छ । उहाँका कार्यहरु विश्वासीहरुले विश्वास गऱ्यो तर प्रायजसो अविश्वासीहरुद्धारा इन्कार गरियो । जे होस, आफ्ना मानिसहरुको जीवनमा उहाँ लगातार मौकाको रुपमा काम गर्नुहुन्छ ।
(क) येशू, मसीह र उहाँको पुत्र हुनुहुन्छ भन्ने पुष्टि गर्नको निम्ति परमेश्वरले पहिले नै आश्चर्य कर्म गर्नु भएको थियो । मानिसहरुले विश्वास गर्नको निम्ति प्रचार गरेको वचनद्धारा भएर उहाँ अहिले काम गर्नुहुन्छ (यूहन्ना २०

:३०,३१; प्रेरित २:२२) ।

(ख) निको हुनको निम्ति जसले प्रार्थना गर्छन ती विश्वासीहरुको स्वाथ्य पुर्नस्थापना गर्न परमेश्वरले मौकामा काम गर्नुहुन्छ (२ राजा २०:५; याकूव ५:१३-१६) ।

(ग) जीवनका आवश्यकताहरुको निम्ति माग्ने विश्वासीहरुको वास्ता गर्न परमेश्वरले मौकामा काम गर्नुहुन्छ (मत्ती ६:९-१३) ।

(घ) सुसमाचारको निम्ति ढोकाहरु खोल्न परमेश्वरले मौकामा काम गर्नुहुन्छ (१ कोरिन्थी १६:९; २ कोरिन्थी २:१२; २ थेसलोनिकी ३:१,२) ।

(ङ) परीक्षा र कष्टको समयमा उम्कने बाटो उपलब्ध गराउन परमेश्वरले मौकामा काम गर्नु हुन्छ (रोमी ८:२८; १ कोरिन्थी १०:१३; फिलिप्पी १:९; २ पत्रुस २:९) ।

(च) खराव काम गर्ने मानिसहरुदेखि आफ्ना मानिसहरुलाई छुटकारा गर्न परमेश्वर काम गर्नु हुन्छ (२ थेसलोनिकी १:९-११; २ तिमोथी ३:११; ४:१७; फिलेमोन २२) ।

(छ) प्रचारकहरुलाई उठाउन परमेश्वरले काम गर्नुहुन्छ (मत्ती ९:३८) ।

(ज) हाम्रो विश्वास असफल नहुनको निम्ति परमेश्वरले काम गर्नुहुन्छ (लूका २२:३१; भजन संग्रह १२५:३; १ कोरिन्थी १०:१३; कलस्सी ४:१२) ।

(झ) सन्तहरुको आवश्यकतामा मद्दत गर्न परमेश्वर कामले गर्नु हुन्छ (रोमी १:९,१०; १ थेसलोनिकी ३:१०) ।

(ञ) उहाँको महिमाको निम्ति फलहरु फलाउन परमेश्वरले काम गर्नुहुन्छ (१ कोरिन्थी ३:५,६; १ थेसलोनिकी १:२-८; २ थेसलोनिकी १:११,१२) ।

सुसमाचारलाई विश्वास र आज्ञापालन गर्नको निम्ति प्रचार गरिएको उहाँका वचनहरुलाई मानिसहरुले आज प्रतिक्रिया गरेको परमेश्वर अपेक्षा गर्नुहुन्छ (रोमी १०:१७; यूहन्ना २०:३०,३१) । विश्वास उत्पन्न गर्नको निम्ति पुष्टि गरेको परमेश्वरको वचन पर्याप्त छ, सुसमाचारको सन्देशको लागि आश्चर्य कर्मको पुष्टिकरण चाहिदैनन् (रोमी १०:१७; २ तिमोथी ३:१६,१७; १ कोरिन्थी १५:१-४) । गलत आश्चर्य कर्महरुमा विश्वास गर्न परमेश्वरले अनुमति दिनुभएता पनि (२ थेसलोनिकी २:१०-१२), बाइबलमा अभिलेख गरेका आश्चर्य कर्मका गवाहीहरुलाई अहिले कसैले विश्वास गर्नैपर्छ । आश्चर्य कर्मद्धारा पुष्टि भएको येशूको सुसमाचारलाई बप्तिस्मामा आज्ञाकारी हुन प्रचार गरेको परमेश्वरको वचनप्रति जवाफ दिनै पर्छ ।

-o-

# खीष्टियानहरु

लगभग दुई हजार वर्ष अघि येशूका चेलाहरुलाई खीष्टियान भनिए । धेरै अलमल्ल भएका धार्मिक विश्वासहरुको माझमा पहिलो शताब्दीमा खीष्टियान हुनुको के अर्थ लाग्छ भन्ने बिषयमा तपाई कहिल्यै अचम्मित हुनुभएको छ? आज पनि संसार भरी हजारौ धार्मिक समुहहरु छन् । तै पनि, धेरै धार्मिक विश्वासहरुको विचमा लाखौ मानिसहरु केवल खीष्टियान हुन्छन् । नासरतको येशू अगमवक्ता भन्दा ठुलो हुनुहुन्छ भन्ने भारी सत्यताको कारणले गर्दा मानिसहरु खीष्टियान भएका छन् । उहाँले दावी गर्नुभए अनुसार उहाँ परमेश्वरको पुत्र हुनुहुन्थ्यो ।

हामी केवल खीष्टियान हुन चाहन्छौ । यति नै हो । धार्मिक विश्वास र अभ्यासको भ्रामक र विरोधाभास संसारमा पनि तपाई केवल खीष्टियान हुन सक्नुहुन्छ । मानव निर्मित कुनै धार्मिक संस्थाको हिस्सा नभईकन तपाई खीष्टको चेला हुन सक्नुहुन्छ । मानिसहरुका धार्मिक संगठनको तपाई सदस्यता हो भन्ने दावी गर्न खोजेता पनि तपाई आˆनो सदस्यता ती धार्मिक संगठनहरुमा नराखी तपाई केवल खीष्टियान हुन सक्नु हुन्छ । तपाईको सदस्यता केवल स्वर्गमा हुनेछ ।

"खीष्टियान" शब्दको अर्थ "खीष्टको" भन्ने लाग्छ । खीष्टियान हुनुभएकोले तपाई खीष्टको हुनुहुन्छ । तपाई येशूको व्यक्तित्व र उहाँको शिक्षाहरुलाई पछ्याउने व्यक्ति हुनुहन्छ । जसले येशूको व्यक्तित्व र उहाँको शिक्षाहरुमा आज्ञाकारी हुन्छन् त्यो व्यक्ति केवल खीष्टियान हुन्छन् । के तपाई इच्छुक हुनुहुन्छ? यदि त्यसो हो भने, जो केवल खीष्टियन भएर स्वतन्त्र हुन चाहनु भएका संसारका लाखौं मानिसहरुलाई सहभागी हुन यो निमन्त्रणा गरिएको छ ।

## खीष्टियान किन हुने

येशू संसारमा जीउनु भन्दा सयौ वर्ष अगाडी उहाँको बारेमा लेखिएका ३०० भन्दा बढी भविष्यवाणीहरु उहाँले पुरा गर्नुभयो, त्यसैले उहाँलाई विश्वास गर्ने पर्छ । यहाँ पुरा भएका केही भविष्यवाणीका उदाहरणहरु छन् ।

(क) उहाँ अब्राहाको सन्तान हुनुहुन्छ (उत्पति १२:१-३; गलाती ३:१६) ।
(ख) उहाँ बेथहलेममा जन्मनु भयो (मीका ५:२; मत्ती २:१-३) ।
(ग) उहाँ अन्यजातिहरुको शिक्षक हुनुभयो (यशैया ४२:१-४; मत्ती १२:१८-२१) ।
(घ) उहाँ मिश्रदेशमा जानुभयो (होशे ११:६; मत्ती २:१५) ।
(ङ) उहाँले आश्चर्य कर्महरु गर्नुभयो (यशैया ३५:५,६; मत्ती १२:१८-२१) ।
(च) उहाँलाई धोका दिइयो (जकरिया १३:७; लूका ७:१८-२३) ।
(छ) उहाँ मर्नुभयो र मृत्युबाट बौरी उठनुभयो (भजन संग्रह १६:१०; यूहन्ना २:१९-२२) ।

## खीष्टियान एकता

संसारभारी उहाँका मानिसहरु एक भएको परमेश्वर अपेक्षा गर्नुहुन्छ । पहिलो शताब्दीमा कोरिन्थीमा, एफिसीमा जस्तै खीष्टियानहरुको आफ्नै भेला भएता

पनि सबै स्थानिय चेलाहरु विश्वव्यापी मण्डलीको हिस्सा थिए । संसारभरी केवल एउटै मण्डली छ जुन केवल सबै खीष्टियानहरुबाट बनेका हुन्छन् । विश्वव्यापी मण्डलीको रुपमा सबै खीष्टियानहरु एकजुट भएको परमेश्वर चाहनुहुन्छ (१ कोरिन्थी १:१०) । तिनीहरु आफै एक अर्कामा फरक नामहरु होइनन् । येशूका आज्ञाकारी चेलाहरुको रुपमा जसले आफैलाई परमेश्वरको सेवामा समर्पण गर्छन, शैतानका कामहरुको विरुद्धमा एउटै हृदय र मनसित विश्वासमा दृढ भएर खडा हुन्छन् (फिलिप्पी १:२७; कलस्सी १:२-१६) । परमेश्वरको शक्ति र तिनीहरुको एकताद्धारा संसारभरी तिनीहरु दुष्टताको विरुद्धको बल हो ।

## खीष्टियानहरुको निम्ति प्रार्थना

जसले उहाँलाई पछ्याउँछन् तिनीहरु पनि एक होऔ भनी येशूले प्रार्थना गर्नुभयो (यूहन्ना १७:२०,२१) । हामी आफै सन्तुष्ट हुनुको लागि भिन्नै सम्प्रदायहरुमा विभाजनको निम्ति उहाँले प्रार्थना गर्नु भएनन् । हामी सबै जसले येशू र उहाँका कार्यहरुमा विश्वास गर्छौ भने येशूको प्रार्थनामा एक हुने जवाफलाई खोजिरहन्छौ । सुसमाचारको आज्ञाकारिताद्धारा परमेश्वरसंगको करार सम्वन्धमा अखीष्टियानहरुलाई संसारलाई बोलाउनको निम्ति हामी एकजुटको लागि प्रयास गरिरहन्छौ (रोमी ६:३-६) ।

## खीष्टियान भएर स्वतन्त्र हुनु

तपाई खीष्टियान भएर स्वतन्त्र हुन सक्नु हुन्छ । येशूमा विश्वास गर्ने खीष्टियानहरु हुन सक्छन् र मानिसले बनाएका कुनै धर्मबाट स्वतन्त्र हुन सक्छन । विभाजन भएका अलग धार्मिक समुहबाट येशूका विश्वासीहरु स्वतन्त्र हुन सक्छन् । धार्मिक विषयहरुमा कसैले बाइबललाई मात्र केवल उसको अधिकारको रुपमा प्रयोग गर्न अनुमति दिन्छन् भने उ केवल खीष्टियान मात्र भएर स्वतन्त्र हुन सक्छन् । हामी सबै केवल येशूको वचनद्धारा मात्र इन्साफ हुनेछौ (यूहन्ना १२:४८) । येशूको वचनलाई मात्र हामीले जवाफ दियौ भने धार्मिक कुराहरुबाट हामी स्वतन्त्र हुन्छौ । परमेश्वरको वचनको प्रेरणप्राप्त आत्मा बाइबल भएकोले ईश्वरभक्त जीवनमा हामीलाई केवल बाइबलले मात्र मार्ग निर्देशन गर्न स्वतन्त्रतासाथ अनुमति दिन्छ । येशूको वचन हाम्रो विश्वासको स्रोत भएकोले हामीले यसलाई हाम्रो विश्वासको केवल जग बनाउन स्वतन्त्ररुपमा अनुमति दिनुपर्छ (रोमी १०:१७) । धार्मिक परम्पराहरु हुनु गलत होइनन् । तै पनि, धार्मिक परम्पराहरुले विश्वासीहरुलाई यस्तो तरिकाले कहिल्यै बाँधिएको हुनुहुँदैनन् जसले गर्दा खीष्टियानहरुविच विभाजनको कारण परम्परा हुन जान्छ (गलाती ५:१; मर्कूस ७:१-९) । यसको निम्ति सत्यताले हामीलाई साँच्चै स्वतन्त्र बनाउँछ । बाइबललाई हाम्रो अन्तिम अधिकारको रुपमा अनुमति दिने कुरामा हामी सहमति हुनै पर्छ (यूहन्ना ८:३२) । बाइबल जहाँ बोल्दछ, हामी बोल्नै पर्छ । तर जहाँ बाइबल मौन हुन्छन, प्रेमपूर्वक छलफलको निम्ति विचारहरुको स्वतन्त्रतालाई हामीले अनुमति दिनै पर्छ ।

## ख्रीष्टियानहरुका निम्ति पहिलो सिद्धान्तहरु

समाजमा केवल ख्रीष्टियान हुनु भन्नाले विश्वास गर्ने र महान कार्य गर्ने भन्ने बुझिन्छ । ख्रीष्टियान हुनु भन्नाले ख्रीष्टको निम्ति काम गर्ने चेला हुनु भन्ने बुझिन्छ । तपाई ख्रीष्टियान जीवन शुरुवाट गर्नको लागि तल दिएका अति आवश्यक विश्वासका जगहरुलाई सबै ख्रीष्टियानहरुले आफ्नो जीवनमा कायम गर्नै पर्छ :

(क) एउटै सत्य र जीवित परमेश्वरमा विश्वास गर्ने (यशैया ४४:८; एफिसी ४:४-६) ।
(ख) येशूलाई एउटै प्रभुको रुपमा विश्वास गर्ने (यूहन्ना २०:३०,३१; एफिसी ४:४-६) ।
(ग) एउटै विश्वव्यापी शरीर, मण्डलीमा विश्वास गर्ने (कलस्सी १:१८) ।
(घ) एउटै पवित्र आत्मा र उहाँका फलहरुमा विश्वास गर्ने (गलाती ५:२२,२३) ।
(ङ) एउटै बप्तिस्मामा (डुबाई) विश्वास गर्ने (प्रेरित २:३८; एफिसी ४:४-६) ।
(च) एउटै विश्वासमा विश्वास गर्ने (एफिसी ४:४-६; यहूदा ३) ।
(छ) पवित्र र नैतिक जीवनमा विश्वास गर्ने (कलस्सी ३:१२-१७; १ पत्रुस १:१५) ।

## ख्रीष्टियानहरुका अपेक्षाहरु

येशूसंगको तिनीहरुको प्रतिवद्धताको परिणाममा ख्रीष्टियानहरु यो संसारमा प्रचुरमात्रामा आत्मिक जीवन र भावनात्मक शान्तमा जिउने अपेक्षा गर्दछन् (यूहन्ना १०:१०; फिलिप्पी ४:६,७) । भलाइको निम्ति सबै काम कुराहरु एकसाथ हुन्छ भन्ने कुरा ख्रीष्टियानहरुले आशा गर्दछन् र जान्दछन् (रोमी ८:२८) । तिनीहरुले सहन सक्ने भन्दा वढी परीक्षाको अपेक्षा गर्दैनन् (१ कोरिन्थी १०:१३) । तै पनि, तिनीहरुको प्रभु येशूको निम्ति काम गर्ने चेलाहरुको समपर्णले गर्दा परमेश्वरको कामलाई नष्ट गर्न शैतानले प्रयोग गर्ने मानिसहरुबाट तिनीहरुले खेदो सतावटको अपेक्षा गर्छन (२ तिमोथी ३:१२) । परमेश्वरको वचनले तिनीहरुलाई लाज नमान्नु भन्ने तिनीहरु सम्झन्छन्, तर ख्रीष्टियान भएर जिइएकोमा त्यसबाट परमेश्वरको महिमा होस (१ पत्रुस ४:१६) । येशूका चेलाहरु केवल नाममा ख्रीष्टियान भन्दा बढी छन्, परमप्रभु येशू ख्रीष्टको आज्ञाकारी सेवा गर्दा सतावटले हलचल गर्नेछन् भनी तिनीहरुले बुझ्छन् । विश्वासयोग्य चेलाहरुको निम्ति अनन्त जीवन स्वर्ग हुनेछन भनी तिनीहरुले याद गर्दछन् ।

## तपाई केवल ख्रीष्टियानमात्र हुन सक्नुहुन्छ ।

येशूको चेला हुनको निम्ति येशू परमेश्वरको पुत्र हुनुहुन्छ भनी तपाईले विश्वास गर्ने पर्छ (यूहन्ना २०:३०,३१) । ख्रीष्टलाई धारण गर्न तपाई ख्रीष्टमा डुबेको हुनै पर्छ (गलाती ३:२६,२७) । तपाईको पापको निम्ति उहाँको मृत्युको सुसमाचार र तपाईको आशाको निम्ति पुनरुत्थान भएर येशूले तपाईलाई बोलाउँदै हुनुहुन्छ (२ थेसलोनिकी २:१४) । यदि तपाईले उहाँको बोलावटलाई स्वीकार गर्नुहुन्छ भने तपाई केवल ख्रीष्टियान हुनुहुन्छ । त्यसपछि तपाईको जीवनमा महान कुराहरु हुनेछन् (प्रेरित २:३८,४७) । ख्रीष्टियान भएर परमेश्वरको महिमा गर्न आजैबाट शुरुवाट गर्नको निम्ति हामी तपाईलाई हौसला दिन्छौ । तपाईको यो जीवनमा परमेश्वर हुनु महान कुरा हो भनी तपाईले थाहा पाउनुहुनेछ ।

# राजा येशू

आजको वर्तमान संसारमा जे भएता पनि केही फरक पर्दैनन, एउटा कुरा सत्य छ । सबै कुराहरुमाथि येशू खीष्ट अहिले राज गर्नुहुन्छ । भौतिक संसारको नियन्त्रण पनि उहाँले गर्नुहुन्छ । पृथ्वीका सबै मानिसहरु उहाँको राज्य शासनको अधिनमा छन् । शैतान र दुष्ट आत्माहरु पनि उहाँको अधिकारभित्र छन् । पृथ्वी वा आत्मिक संसारमा वेवास्ता गरेर जे हुन्छ, हामी विश्वस्त हुन सक्छौं कि स्वर्ग र पृथ्वीका सबै कुराहरुमाथि येशू सर्वोच्च अधिकारको रुपमा राज गर्नुहुन्छ ।

अब यहाँ यो राज्यबारे केही चाखलाग्दो तथ्यहरु छन् । येशू, मसीहबारे लगभग ३०० भविष्यवाणीहरु पुरानो करारमा उल्लेख गरेका छन् । दानिएल २ र ७ अध्यायको भविष्यवाणीले येशूको राज्य र येशूको राज्यको स्थापनालाई जनाउँछ ।

दानिएल २ अध्यायमा परमेश्वरद्धारा बेबिलोनको राजा नबुकदनेसरलाई दर्शन दिनु भएको थियो । दर्शन एउटा आकृतिको थियो, टाउको सुनको थियो, छाती र पाखुरा चाँदीको थियो, पेट काँसाको थियो, खुट्टा र औंलाको केही भाग फलाम र केही भाग माटोको थियो ((दानिएल २:३१-३५) । दानिएलले यो दर्शनको अनुवाद गऱ्यो । यो अच्चमको दर्शन संसारका चार राज्यहरुबारे थियो (दानिएल २:३६-४५) । सुनको टाउको बेबिलोन राज्य थियो; चाँदीको छाती र पाखुरा मेदो-पर्सिया थियो; काँसाको पेट ग्रीक साम्राज्य थियो; फलाम र माटोको केही भएको खुट्टा र औंला रोमी साम्राज्य थियो । रोमी साम्राज्यको दिनमा परमेश्वरले नयाँ राज्य स्थापना गर्नुहुनेछ भनी दानिएलले भन्यो (दानिएल २:४४) । यो भविष्यवाणी पुरा भएको छ ।

दानिएल २ अध्यायमा चार संसारिक साम्राज्यहरुको बारेमा भविष्यवाणी गरेको दानिएल ७ अध्यायसँग समानान्तर छन् । दानिएल ७ अध्यायमा मानिसको पुत्र (खीष्ट) प्राचीन दिन (परमेश्वर) कहाँ आउनु भएको देख्छ (दानिएल ७:१३) । जव मानिसको पुत्र उहाँको सिंहासनमा चढनुभयो तव राज्य शासन र प्रभुत्व उहाँलाई दिएको थियो (दानिएल ७:१४; २ शमूएल ७:१,१२; भजन संग्रह १६:८-११ ; ११०:१; जकरिया ६:१२,१३; योएल २:२८-३२; यशैया २:१-५; मीका ४:१-३) ।

पिताको दाहिने हातमा बिराजमान हुनको निम्ति येशूको पुनरुत्थान र स्वर्गारोहणबारे दानिएल २ र ७ अध्याय लगायत अरु भविष्यवाणीहरुले भन्दछन् ।

परमेश्वरको सिंहासनमा येशू सबै कुराहरुमाथि राजा हुनुहुनेछ भनी यी भविष्यवाणीहरुले भने । सिंहासनमा उहाँ दुवै पूजाहारी र राजाको रुपमा काम गर्नुहुन्छ । परमेश्वरको वचनद्धारा तिनीहरुलाई खिच्नुभएकोले सबै देशका मानिसहरु आत्मिकी वासस्थान परमेश्वरको घरमा प्रवाह हुनेछन् ।

## येशू र यूहन्नाले राज्यको वारेमा बोल्नुभयो ।

मसीहको मार्ग तयार गर्नको निम्ति प्यालेसटाइनको उजाड स्थानमा बप्तिस्मा दिने यूहन्ना येशूको अग्रदूतको रुपमा कराउँदै थियो । राजाको आगमनको तयार गर्दै उनले घोषणा गऱ्यो, *“परमप्रभुको मार्ग तयार पार, उहाँका पथ सोझा बनाओ”* (मत्ती ३:३; यशैया ४०:३; मीका ३:१) । यूहन्नाको तयारीलाई येशूले पछ्याउनु भयो । येशूले घोषणा गर्नुभयो, *“मेरो राज्य*

*यो संसारको हुँदो होइन्...”* (यूहन्ना १८:३६) । राजा हुनको निम्ति उहाँको जन्म भएको थियो भनी येशूले पिलातसलाई भन्नुभयो (यूहन्ना १८:३७) ।

**(क) यूहन्नाले येशूको राज्य शासनको घोषणा गर्नुभयो ।**

*“पश्चात्ताप गर, स्वर्गको राज्य नजिक आएको छ”* भनी यूहन्नाले प्रचार गरे (मत्ती ३:१२) । “राज्य” शब्दले शासनकाल र नियमलाई जनाउँछ । “स्वर्गको” वा “परमेश्वरको” भन्ने वाक्यांसले शासनकाल र नियमको शुरुवाटलाई परिभाषित गर्छन् । येशूको राज्य परमेश्वरबाट स्वर्गभएर बाहिर निस्कन्छ । “नजिक” भन्ने शब्दले स्वर्गको राज्य शासन छिट्टै, नजिकै स्थापना हुन लागेको छ भनी यूहन्नाका दर्शकहरुलाई उल्लेख गरेका थिए । यूहन्नाको सेवाकाईको सन्दर्भमा येशूको राज्य शासन छिट्टै नै स्थापना हुन लागेको छ । यूहन्नाले यो सन्देश प्रचार गरेको समयदेखि दुई हजार वर्ष पछि भविष्यमा यो स्थापना हुने राज्य होइनन् । यो पहिलो शताब्दीमा स्थापना हुने राज्य थियो ।

**(ख) येशूले आफ्नो राज्यको घोषणा गर्नुभयो ।**

यूहन्ना पछि येशूले भविष्यवाणी गर्नुभयो, *“समय पुरा भएको छ, र परमेश्वरको राज्य नजिक आइपुगेको छ”* (मर्कूस १:१४,१५) । उहाँको राज्य शासनको स्थापनाको तत्कालिन स्वभावलाई जोड दिन उहाँको राज्य स्थापना भन्दा अगाडी उहाँका तत्कालिन केही चेलाहरुको मृत्यु हुनैछैनन् भनी येशूले भन्नुभयो (मर्कूस ९:१; लूका ९:२७) ।

**(ग)येशूले आफ्नो मण्डलीको घोषणा गर्नुभयो ।**

आफ्नो सेवाकाईको समयमा येशूले आˆना चेलाहरुलाई सोध्नुभयो, *“तिमीहरु के भन्छौ, म को हुँ?”* (मत्ती १६:१५) । पत्रुसले जवाफ दिए, *“तपाई ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरको पुत्र”* (मत्ती १६:१६) । वास्तवमा येशू भविष्यवाणी गर्नु भएको मसीह (ख्रीष्ट) हुनुहुन्थ्यो किनभने उहाँको आमगन र कार्यबारे पुरानो करारका सबै भविष्यवाणीहरु उहाँले पुरा गर्नुभयो (लूका २४:४४) । उहाँ परमेश्वरका पुत्र हुनुहुन्थ्यो किनभने पिताले उहाँद्धारा भएर शक्तिशाली आश्चर्य कर्महरु गर्नुभयो (यूहन्ना २०:३०,३१; ३:२) । येशू पुत्र र मसीह हुनुहुन्छ, यही चट्टानमा आधारित भएर मण्डली स्थापित भएको छ (मत्ती १६:१८) ।

आफ्नो राज्यवारे येशूले मत्ती १६:१९ मा भन्नुभयो । उहाँले पत्रुसलाई भन्नुभयो, *“म तिमीलाई स्वर्गको राज्यका साँचाहरु दिनेछु । जे तिमीले पृथ्वीमा बाँध्नेछौ, सो स्वर्गमा बाँधिनेछ...।”* “साँचाहरु” ले स्वर्गको अधिकारलाई प्रकट गर्ने अवसरहरुलाई जनाउँछ । संसारमा येशूको राज्य शासनको ढोका खोल्ने शुरुको अवसर पत्रुसमा थियो । येशूको राज्य शासन सार्वजनिक र औपचारिक रुपमा घोषणा गर्ने पहिलो व्यक्ति पत्रुस थियो ।

## राज्यको भविष्यवाणीहरु पुरा भएको

जव परमेश्वरले सबै प्रेरितहरुमाथि पवित्र आत्मा खन्याउनुभयो (प्रेरित २:१-४), तव येशूका चेलाहरु पेन्तिकोसको दिन यरुशलेममा थिए । परमेश्वरले शताब्दीयौं

अघि योएल अगमवक्ताद्धारा भविष्यवाणी गरेको पुरा भयो (योएल २:२८-३२; प्रेरित २:१६-२४) । मण्डली र येशूको र ाज्यको शुरुवाटको परमेश्वरको संकेट यहि थियो ।

**(क) पुरानो नियमको भविष्यवाणी प्रेरित २ अध्यायमा पुरा भयो ।**

रोमी साम्राज्यको समयमा प्रेरित २ अध्यायको घटनाले राज्यको भविष्यवाणी पुरा भयो (दानिएल २:४४; लूका २:१-३) । येशू पहिले नै पिताको दाहिने बाहुलीमा जानुभयो र प्रेरित २ अध्यायको घटनाद्धारा राजाको रुपमा शासन गर्दै हुनुहुन्छ (दानिएल ७:१३,१४; प्रेरित १:९-११) ।

(१) बौरी उठी स्वर्गमा परमेश्वरको सिंहासनमा स्वर्गारोहण हुनुभएको येशूको शासनको पहिलो आधिकारीक घोषणा पेन्तिकोसको दिनमा पत्रुस खडा भई गर्नुभयो (प्रेरित २:२९-३३; २ शमूएल ७:१३,१४) ।

(२) पत्रुसले प्रचार गऱ्यो कि सबै शत्रुहरुलाई आफ्नो पाउदानमा राखी येशू परमेश्वरको दाहिने बाहुलीमा हुनुहुन्छ (भजन संग्रह १६:८-११; ११०:१; प्रेरित २:२५-२८, ३४, ३५) ।

**(ख) जव मानिसहरुले येशूको राज्य शासनको घोषणालाई सर्वप्रथम जवाफ दिए तव मण्डलीको शुरुवाट भयो ।**

पत्रुसले येशूको प्रभुत्वलाई प्रचार गरे (प्रेरित २:३६) । मानिसहरुले विश्वास गरे, पश्चात्ताप गरेर बप्तिस्माद्धारा प्रतिक्रिया गरे (प्रेरित २:३७,३८) । आज विनम्र पुरुष र स्त्रीहरुले पत्रुसको अर्तीलाई पालना गर्छन भने परमेश्वरले तिनीहरुलाई मण्डलीमा थप्नुहुन्छ (प्रेरित २:४१,४७) । जसरी उहाँले स्वर्गबाट सबै अधिकारहरुलाई प्रयोग गर्नुहुन्छ, येशू राजाको पहिलो प्रशासनिक घोषणालाई आज्ञाकारी मानिसहरुले जवाफ दिई पहिलो शताब्दीमा मण्डलीको शुरुवाट भयो । परमेश्वरको इच्छा स्वर्गमा जस्तो छ, पृथ्वीमा मानिसहरुको हृदयमा पनि त्यस्तै इच्छा हुनेछ । आज हरेक समय मानिसहरुले येशूको राज्य शासनप्रति आज्ञाकारी हुन्छन् (मत्ती ६:९,१०) । तिनीहरुको हृदयमा राज्य आउँछन् जसले येशूलाई स्वीकार गर्छन (लूका १७:२०,२१) । येशू राजामा अहिले भएको शक्ति र अधिकार स्वीकार गरेका मानिसहरुले चिन्छन् ।

(१) अहिले सबै अधिकार येशूलाई दिइएको छ (यूहन्ना १३:३; १७:२; मत्ती २८:१८) ।

(२) उहाँ राजाहरुका राजा र प्रभुहरुका प्रभु हुनुहुन्छ (१ तिमोथी ६:१५) ।

(३) उहाँ अहिले सबै राज्य शासन, शक्ति, अधिकार, शासन र प्रभुत्व भन्दा पनि निकै पर माथि हुनुहुन्छ (एफिसी १:२०,२१) ।

(४)सबै कुराहरु अहिले उहाँको पैतालामुनि छन् (एफिसी १:२२) ।

(५) सबै नाउँहरुभन्दा उहाँ अहिले उचालिनु भएको छ (फिलिप्पी २:९,१०) ।

(६) सबै स्वर्गदूतहरु र अधिकारहरु उहाँको अधिनमा छ (१ पत्रुस ३:२२) ।

(७) सृष्टिभएको संसार अहिले उहाँको नियन्त्रणमा छन् (हिब्रू १:३) ।

येशू अहिले उहाँको राज्यको राजा र उहाँको मण्डलीको शिर हुनुहुन्छ ।



# घरको मण्डली

के तपाई कोही असल मित्रहरुलाई खोज्दै हुनुहुन्छ? वास्तविक सम्वन्धको एक्लोपनबाट उम्केर के तपाई कहिँ जाने सोच्दै हुनुहन्छ? वा के तपाईले त्यस्तो धार्मिक स्वतन्त्रता भएको वातावरणको खोजिरहनु भएको छ जहाँ तपाई परमेश्वरको वचनको स्वतन्त्र विद्यार्थी हुन सक्नुहुन्छ, ? यदि त्यस्तो हो भने, हाम्रो घरमा आउनुहोस् ।

वर्तमान पुर्नस्थापनाको खीष्टियान सम्वन्धमा हामीले त्यस्तो वातावरण भेट्टाएका छौ, जहाँ परिवारहरु पुन एकचोटी एकसाथ ल्याउँदछ । विश्वास गर्ने मित्रहरुको संगतिले कोही पनि विश्वासीहरु गुमाउन नचाहने अवसरहरु खोज्छन् । आपसी समर्थन, हौसला, र आराधनाको निम्ति "मण्डली" लाई हाम्रो परिवारमा फर्काएर लिएर जाँदा वर्षौदेखि मानिसहरुले तृष्णा गरिरहेको न्यानो मित्रता पाएको हामीले भेट्टायौ । हाम्रो घरमा स्वागत छ, जहाँ वास्ता गर्ने मित्रताको भावना जीवन अवधिको सम्वन्ध बन्न जान्छ ।

घरको मण्डलीहरुमा सहभागी हुन सबैलाई हौसला दिनुहोस् । कसैलाई पनि त्यागेको छैनन् वा एक्लो छोडिएको छैनन् । कसैलाई पनि विशेषरुपले हेर्नुपर्दैन् । येशूलाई मण्डलीको शिरको रुपमा पुर्नस्थापित गर्नुभएको छ, उहाँसँग तपाईले केवल साँचो सम्वन्ध पाउनुहुन्छ । जसरी तपाईको सम्वन्ध अरुसँग बढछन्, तपाईको येशूसँगको व्यक्तिगत सम्वन्ध प्रचुर मात्रामा बढ्दै जान्छ । अरुसँगको सम्वन्ध बढाउँदै येशूको सम्वन्धमा इनामदायी सम्वन्ध पुनस्थापनको लागि हामीसँग सहभागी हुनुहोस् । विश्वासीहरुको चाखलाग्दो गतिशील भेलामा आउनुहोस् र आनन्त प्राप्त गर्नुहोस् ।

## तपाईको घरमा येशूलाई ल्याउनुहोस् ।

मण्डली अस्तित्वको पहिलो तीनसय वर्षहरुसम्म खीष्टियानहरु विश्वासीहरुका घरहरुमा भेला हुन्थे । मण्डली भेला गने उद्देश्यले मण्डली भवनहरुको निमार्ण भएका थिएनन् । मिलान भन्ने व्यक्तिले हस्ताक्षर गरेर आदेश दिदै सबै कुरा परिवर्तन गराए, मण्डली भवन इं.सं.३१३ सम्ममा पनि थिएनन् । इं.सं. ३०६ मा कन्सटेनटाइन रोमी साम्राज्यको कैसर भए । साम्राज्यका सबै धर्महरुलाई समानतनमा ल्याउन राजनैतिक अभियान चला । मन्दिरमा आराधना गर्ने मूतिपूजकहरुका धैरै विश्वास र अभ्यासहरुलाई खीष्टियानिटिमा ल्याउन उनले हौसला दिए । उनले खीष्टियानहरुलाई एकैसाथ ल्याउनको निम्ति मण्डली भवन निमार्णको उद्देश्य लिएर प्रदर्शनको प्रयास गरे । पहिलो भवन इं.सं. ३२३ मा निमार्ण गरियो । प्राय मन्दिरमा मूर्तिपूजकहरुले जस्तो धार्मिक अभ्यासहरु, विधिहरु गर्दथे उस्तै तरीकाले ती भवनमा "मण्डली" ले उस्तै प्रकारका प्रर्दशन

गर्न थाले । आराधनाको निम्ति कुनै स्थानमा बनाइएका भवनमा मण्डलीले आफ्नै परम्पराहरुलाई पछ्याउन थाले । जसले गर्दा खीष्टियान अभ्यासहरुलाई प्रदर्शन गर्न तिनीहरुले आफ्ना घर र समुदायहरु छोड्न सजिलो बनायो जुन भवनहरुले तिनीहरुलाई आफ्ना छिमेकीहरुदेखि ताढा गरायो ।

## पहिलो शताब्दीका घरका मण्डलीहरु

पहिलो शताब्दीमा जव पहिलो मण्डली स्थापना भयो खीष्टियानहरु मौलिकरुपमा खीष्टियानहरुका घरहरुमा भेला हुन्थे भन्ने तथ्यलाई कुनै पनि बाइबलका विज्ञहरुले प्रश्न गर्दैनन् । यरुशलेम शहरमा अविश्वासीहरुलाई पहिलो पल्ट सुसमाचार यहूदीहरुको मन्दिरमा प्रचार गरेको थियो (प्रेरित ५:४२) । तै पनि विश्वासीहरुले आ^नै घरहरुमा एकअर्कासँग तिनीहरुले निरन्तर रुपमा संगति गर्थे (प्रेरित २:४६) । रोमको शहरमा तिनीहरुका आ^नै घरमा प्रिस्कला र अकिलासजस्ता विश्वासी अरुसँग भेला हुन्थ्यो (रोमी १६:३-५) । तिनीहरुको वासस्थान एफिससमा थियो (१ कोरिन्थी १६:१९) । एशियामा फिलेमोन अरु खीष्टियानहरुसँग उसको आ^नै घरमा भेला हुन्थ्यो (फिलेमोन १,२) । कलस्सेमा भएका सन्तहरु नुम्फासको घरमा भेला हुन्थ्यो (कलस्सी ४:१५) । कोरिन्थी मण्डलीको शुरुवाटमा तीतस युस्तसको घरमा भेला हुन्थ्यो (प्रेरित १८:७) । सानो घरहरुमा भेला हुनु भन्नाले सानो समुहमा भेला हुने भन्ने बुझिन्छ तर सिङ्गो शहरका अरु बाँकी मण्डलीहरु जस्तै एउटै जनाउँछ ।

## घर घरमा सेवा गर्दै

सुसमाचार प्रचार र आत्मिक वृद्धिको काममा अघिका खीष्टियानहरु घर-घर भएर जान्थे । उदाहरणको निम्ति येशूको आ^नो पृथ्वीमा सेवाकाई गर्नुहुँदा घर-घरमा जानुभयो (मत्ती ८:१४;०,२३,२८; लूका १०:३८) । घर-घरमा गएर सिकाउनु भनी येशूले चेलाहरुलाई अर्ती दिनु भयो (मत्ती १०:१२-१४; लूका १०: १-७) र उहाँले प्रभुभोज घरमा स्थापित गर्नुभयो (मत्ती २६:१८-२९) ।

पहिलेका खीष्टियानहरुले घरघरमा गएर सिकाए (प्रेरित ५:४१; २०:२०) । तिनीहरुले मानिसहरुलाई आ^नो घरमा सिकाउनको निम्ति स्वागत गर्थे (प्रेरित १०:२८; २८:३०,३१) । खीष्टियानहरु भेला भएको ठाउँ, घर-घरमा गएर शाऊलले मण्डलीलाई सताउन थाले (प्रेरित ८:३) । घर घरमा भेला हुँदा घरको केन्द्रविन्दु येशूलाई केन्द्रित गर्छन् ।

## घरघरमा संगति गर्दै

घरको मण्डलीमा तपाईले सम्बन्ध निमार्ण भएको पाउनुहुनेछ । तपाईले अरु मानिसहरुमा पाउनुहुने छ कि जसले जीवन रहुन्जेसम्म मित्रता खोज्नुहुन्छ, त्यो प्रेमको जगमा निमार्ण भएको हुन्छ । जसले येशसँगको तिनीहरुको सम्बन्ध

बढाउन खोजिरहेका छन ती मानिसहरुले (१) एकसाथ भएको हुनुपर्छ र बाँड्नु पर्छ (प्रेरित ४:३२) । (२) एक अर्काको भार उठाउने हुनुपर्छ (गलाती ६:१,२) । (३) एक अर्काको निम्ति प्रार्थना गर्ने हुनुपर्छ (याकूब ५:१३-१५) । (४) एक अर्काको आवश्यकता पुरा गर्ने हुनुपर्छ (प्रेरित २:४४-४६) । (५) एक अर्कासँग बाइबल अध्ययन गर्ने हुनुपर्छ (प्रेरित १७:११) । (६) भलाईको काम गर्न एक अर्कालाई हौसला दिने हुर्नपर्छ (हिब्रू १०:२४,२५) । (७) एक अर्कालाई सान्त्वना दिने हुनुपर्छ (२ कोरिन्थी १:३-७) । समुदायहरु खीष्टियान सम्बन्धहरुमा निमार्ण भएका छन् ।

## घरका मण्डलीहरुको विशेष काम

जसरी हाम्रा समुदायभित्रै धेरै घरहरुमा खीष्टियानहरुको सानो समुह भेला हुन्छन्, जसले आफ्नो परिवारलाई संरक्षण गर्न खोज्छन्, त्यस्ता परिवारहरुलाई आपसी समर्थन गर्न हामी हौसला दिन्छौ । घर-घरका मण्डलीहरु खीष्टियानहरुका समुह हुन जसले तिनीहरुका अरु आसपासका छिमेकीहरुको आवश्यकताहरुलाई सेवाकाई गर्दै तिनीहरुले समुदाय बनाउन खोज्दै छन् । परमेश्वरको अनुग्रहको सुसमाचार घोषणा गर्दै तिनीहरुले मानिसहरुलाई परमेश्वरसँग बचाइएका सम्बन्धमा ल्याउन खोज्दैछ (मत्ती ११ :२८-३०) ।

## घरका मण्डलीका मानिसहरुको स्वभाव

तपाईको समुदायको घरको मण्डलीका सदस्यहरु हुनुभएकोले हामी तपाईका सेवक हुन चाहन्छौ । तपाईहरु र एक अर्कासँग हाम्रो सम्बन्धको परि भाषा, हाम्रा विश्वास र व्यवहारको निश्चयता वचनद्धारा भएर येशूलाई अनुमति दिन हामी खोज्छौ किनभने हामी सामान्य तया फरक छौ । यसको अर्थ निम्न कुरा हुन्छन्:

- येशू नै हाम्रो शिर हुनुहुन्छ ।
- विश्वासद्धारा भएर येशूले हाम्रो हृदयमा राज गर्दै हुनुहुन्छ ।
- परमेश्वरसित हाम्रो सम्बन्ध स्थापनाको निम्ति बाइबल नै हाम्रो केवल मार्ग दर्शन हो ।
- हाम्रो समुदायलाई प्रत्येक दिन सेवा गर्दै जान्छौ ।
- समुदाय बनाउनको निम्ति हाम्रो घरलाई केन्द्रित गछौ ।
- अरुको आवश्यताको निम्ति हामी सबै सेवक हौ ।
- केवल विश्वास र व्यवहारमा खीष्टियान हुन्छौ ।

यदि तपाई केवल खीष्टियान हुन चाहनुहुन्छ भने हामीलाई सम्पर्क गर्नुहोस् ।

-o-

**परमेश्वरको वचन**




# नयाँ करार

दुईवटा लेखिएका व्यवस्थाहरु बाइबलमा समावेश छन् जुन परमेश्वरले इतिहास अवधिभर मानिसलाई दिनुभएको थियो । पहिलो पुरानो करार हो, जुन परमेश्वरले विशिष्टरुपमा इस्रायलीहरुलाई दिनुभएको थियो । करारको अवस्थाहरुलाई पालना गर्नको निम्ति परमेश्वरले इस्रायलीसित सिनै पर्वतमा स्थापना गर्नुभएको थियो । यो व्यवस्थालाई “मोशाको व्यवस्था” (नहेम्याह ८:१), “परमेश्वरको व्यवस्था” (नहेम्याह ८:८, १४, १८), “परमप्रभुको व्यवस्था” (लूका २:२२,२४), केवल “व्यवस्था” (यूहन्ना १:१७; रोमी ७:७) भनियो । मसीहको आगमण नभएसम्म व्यवस्थाले इस्रायलीहरुलाई संरक्षण गऱ्यो ।

लगभग दुई हजार वर्ष अघि मसीह, येशू क्रूसमा मृत्यु भइसकेपछि नयाँ नियम ख्रीष्टको व्यवस्था, दोस्रो लिखित व्यवस्था लागु भयो । प्रेरितको पुस्तक २ अध्यायमा अभिलेख गरे अनुसार इं.स.३० मा यहूदीहरुको पेन्टिकोस चाडमा जव पहिलो पल्ट आधाकारिकरुपमा येशूको स्वर्गको शासन घोषणा भयो, तव यो व्यवस्था स्थापना भयो । नयाँ करार वा नयाँ व्यवस्था पुरानो व्यवस्था वा पुरानो करार भन्दा उत्तम छ किनभने नयाँ नियममा उत्तम आशा छ (हिब्रू ७:१९); परमेश्वरसित उत्तम करार छ (हिब्रू ७:२२; ८:८), उत्तम प्रतिज्ञाहरु छन् (हिब्रू ८:६); उत्तम बलिदानहरु छन् (हिब्रू ९:२३); उत्तम सम्पतिहरु छन् (हिब्रू १०:३४); पुनरुत्थानको उत्तम आशा छन् (हिब्रू ११:३५); उत्तम रगतको बलिदान छन् (हिब्रू १२:२४) । जसले ख्रीष्टसंग पानीमा बप्तिस्मा लिएका छन् तिनीहरु येशूसित नयाँ करारको सम्झौतामा आएका छन् (मत्ती २६:२६-२९) । अहिले तिनीहरु *“जीवनको आत्माको व्यवस्था छन्* (रोमी ८:२), *जुन स्वतन्त्रताको सिद्ध व्यवस्था हो”* (याकूव १:२५) । यो “ख्रीष्टको व्यवस्था” हो, जुन व्यवस्थाले ख्रीष्टमा स्वतन्त्रता ल्याउँदछ (गलाती ५:१,२; ६:२) ।

## परमेश्वरको वचन

### पुरानो करारको उत्पति

पुरानो करार इस्रायल देशलाई दिइएको थियो । येशू आउनुभन्दा करिब १ ४४० वर्ष अघि परमेश्वरले इस्रायलसँग स्थापना गर्नुभएको करार इस्रायलीहरुले यसलाई पालना गर्ने सर्तमा यो दिएको थियो ।

(क) येशूको आगमन अघि १५ औ शताब्दीमा परमेश्वरले इस्रायलीहरुलाई सिनै पवर्तमा यो पुरानो व्यवस्था दिनु भएको थियो (प्रस्थान १९:११,१८-२०; व्यवस्था ३३:२; नहेम्याह ९:१३) ।

(ख) पुरानो व्यवस्था स्वर्गदूतहरुद्धारा भएर मोशालाई दिइएको थियो (नहेम्याह ८:१४; ९:१४; यूहन्ना १:१७; ७:१९) ।

(ग) पुरानो व्यवस्था केवल यहूदीहरु, इस्रायलका सन्तानहरुलाई दिएको थियो (व्यवस्था ४:१, १३; ५:१-५; प्रस्थान १९:४-६; नहेम्याह ८:१; रोमी ३:१२) ।

### पुरानो करारको उद्देश्य

भविष्यमा इस्रायल देशमा महान व्यवस्था ल्याउनको निम्ति इस्रायलीहरुलाई तयारी गर्न पुरानो व्यवस्था केवल तिनीहरुलाई अस्थायी व्यवस्थाको रुपमा दिएको थियो । सबै मानिसहरुको उद्धारको निम्ति आफ्नो पुत्र, येशू संसमारमा नआउन्जेलसम्म परमेश्वरले इस्रायलीहरुलाई पुरानो व्यवस्था दिएर मानवजातिका खण्डलाई सुरक्षित गर्नुभयो ।

(क) पुरानो व्यवस्था भविष्यमा आउने महिमित कुराहरुको छाँयामात्र थियो (हिब्रू १०:१; कलस्सी २:१६,१७; यर्मिया ३१:३१-३४) ।

(ख) येशू नआउन्जेलसम्म पुरानो व्यवस्था इस्रायलीहरुलाई नेतृत्व गर्ने, अर्ती दिने र सुरक्षित पार्ने शिक्षक थियो (गलाती ३:२४,२५; ४:४) ।

(ग) परमेश्वरको प्रतिज्ञाहरु पुरा नहुन्जेलसम्म पुरानो व्यवस्थाले अब्राहामको वंशजलाई सुरक्षित गऱ्यो (उत्पति १२:१-३; गलाती ३:८, १६-१९) ।

### व्यवस्थाका अधिनमा मानिसका कमजोरीहरु

इस्रायलीहरुलाई जुन उद्देश्यले पुरानो व्यवस्था दिएको थियो त्यसमा व्यवस्था निर्दोष थियो । यो परमेश्वरको व्यवस्था थियो, त्यसैले यो पवित्र, न्यायी र असल थियो (रोमी ७:१२) । इस्रायलीहरुले आ`नो उद्धार तिनीहरु आफैले कमाओस् भन्ने अर्थमा यो इस्रायलीलाई दिएको थिएन् । किनभने आफैले आफैलाई बचाउनको निम्ति कसैले पनि व्यवस्थालाई पूर्णरुपमा पालना गर्न सक्दैनन् (रोमी ३:२०; गलाती २:१६) । यसकारण, व्यवस्थाको कमजोरी व्यवस्था आफैमा थिएनन् । मुक्तिको सम्वन्धमा निम्न कुराहरुले गर्दा यो कमजोरी थियो :

(क) व्यवस्थाको पशुबलिदानले तिनीहरुको पाप हरण हुन सक्दैन्थ्यो (हिब्रू १०:४; ९:१५) ।

(ख) व्यवस्थाका मेधावी कार्यहरुद्धारा कोही मानिस पनि धर्मी हुन सक्दैनन् (प्रेरित १३:३९; रोमी ३:२०,२८; गलाती २:१६; ३:१०,११; हिब्रू १०:१-४) । यसकारण, आज्ञाकारी विश्वासद्धारा परमेश्वरको अनुग्रह प्रति जवाफ दिएर पुरानो करार र नयाँ करार मुनि रहेका दुवैको उद्धार हुन्छ (हबकूक २:४; रोमी १:१७; गलाती ३:११,१२; हिब्रू १०:३८; याकूब २:१४-२६) ।

(ग) व्यवस्थाका असल कामहरुद्धारा परमेश्वरको अगाडी धार्मिकता हासिल गर्न सक्दैनौ (गलाती २:२०) । व्यवस्थाको अधिनमा असल कामहरुद्धारा कसैले जीवन प्राप्त गर्न सक्दैनन् (गलाती ३:२१,२२) । किनभने सबैले पाप गरेका छन् (रोमी ३:१०,२३) ।

(घ) व्यवस्थालाई पालना गरेर उहाँको अगाडी कोही पनि कहिल्यै सिद्ध हुँदैनन् भन्ने कुरा परमेश्वरको अभिप्राय हो किनभने व्यवस्थाको विरुद्धमा सबैले पाप गरेका छन् (हिब्रू ७:१८,१९) ।

(ङ) ख्रीष्टको बलिदानपूर्ण रगतद्धारा हेरेर मात्र पुरानो करारको अधिनमा भएकाहरुको पाप क्षमा हुन्थ्यो (रोमी ३:२७; हिब्रू ९:१५) ।

## पुरानो व्यवस्थाको रद्द

सबै मानिसहरुको निम्ति परमेश्वरको यो व्यवस्था स्थायीरुपमा हुन्छन् भन्ने पुरानो करारको व्यवस्थाको कहिल्यै अभिप्राय थिएन् । यो व्यवस्था दिइसकेपछि परमेश्वरले नयाँ करार र नयाँ व्यवस्थाको प्रतिज्ञा गर्नुभयो (यर्मिया ३१:३१-३४) । ख्रीष्टको नयाँ नियमको व्यवस्थाको समय नआउन्जेलसम्मको निम्ति केवल पुरानो व्यवस्थाको अस्तित्व हुन्छन् भनी परमेश्वर इच्छा गर्नुहुन्छ ।

(क) सन्तान (ख्रीष्ट) संसारमा नआञ्जेलसम्मको निम्ति मात्र पुरानो व्यवस्थालाई शक्तिको रुपमा दिइएको थियो (गलाती ३:१९; ४:४) ।

(ख) व्यवस्थाको उद्देश्य पुरा गर्नको निम्ति येशू संसारमा आउनुभयो । यसरी पुरानो व्यवस्थालाई उन्मुलन गरेर नयाँ व्यवस्था स्थापना गर्नुभयो (मत्ती ५:१७,१८) ।

(ग) जव येशू क्रूसमा मर्नुभयो तव पुरानो करारलाई हटाइयो । यसरी पुरानो करारको व्यवस्थालाई शुन्य बनाइयो (हिब्रू १०:९,१०) । नयाँ करार र नयाँ व्यवस्थालाई स्थापना गर्न (हिब्रू ९:१६,१७) पुरानो करारलाई रद्द गरेको थियो (कलस्सी २:१४; एफिसी २:१४-१६) ।

(घ) ख्रीष्टियानहरु पुरानो व्यवस्थाको निम्ति मरेतुल्य बनाएका छन् (रोमी ७:१-६) ।

(ङ) जव येशू स्वर्गमा उचालिनुभयो, तव पूजाहारीगिरीको परिवर्तन भएको थियो

(हिब्रू ७:११-२५) । येशू हाम्रो प्रधान पूजाहारी हुनुभयो (हिब्रू २:१७; ८:१; ९:११) । यसकारण पूजाहारी परिवर्तन हुनुको अर्थ पुरानो करारको व्यवस्थाबाट नयाँ करारको व्यवस्थामा परिवर्तन हुनु हो (हिब्रू ७:११-१४) ।

(च) पुरानो व्यवस्थालाई शुन्य गरियो । सबै खीष्टियानहरु पुरानो करारको दासत्वबाट मुक्त भएका छन् (गलाती ४:२१-५१) ।

## नयाँ करारको स्थापना

जव येशू आउनुभयो तव उहाँ सबै मानिसहरुको निम्ति नयाँ करार र व्यवस्थासित आउनुभयो । यो अनुग्रह र सत्यताको व्यवस्था हो जुन येशू भएर हामीकहाँ आयो (यूहन्ना १:१७) । पुरानो व्यवस्थाका अनन्त, नैतिक सिद्धान्तहरु खीष्टको व्यवस्थाले निरन्तरता दियो ।

(क) येशूद्धारा भएर परमेश्वरको अनुग्रह र उहाँको सत्यता प्रकट भयो (यूहन्ना १:१७; तीतस २:११-१४) ।

(ख) परमेश्वर आज हामीहरुसँग आफैले जन्माउनु भएको पुत्र, येशूद्धारा भएर बोल्नुहुन्छ (हिब्रू १:१,२; मत्ती १७:५; यूहन्ना १२:४८) ।

(ग) बाटो, सत्य र जीवन अहिले केवल येशूमात्र हुनुहुन्छ (यूहन्ना १४:६; प्रेरित ४:१२) ।

(घ) इन्साफको समयमा येशूका वचनहरु (यूहन्ना १२:४८), जुन आत्मा र जीवन हुन् (यूहन्ना ६:६३), तिनीहरुद्धारा खीष्टियानहरुको इन्साफ हुनेछन् ।

खीष्टियानहरुले आज पुरानो करारलाई शिक्षा र सल्लाहको निम्ति प्रेरणाप्राप्त अभिलेखको रुपमा प्रयोग गर्छन् (रोमी १५:४; १ कोरिन्थी १०:११) । तै पनि, पुरानो करारको पुराना व्यवस्थाहरु धार्मिक व्यवस्थाको रुपमा मानिसहरुलाई बाँधिएको छैनन् । हामीहरुले अब पशुहरुको बलिदान चढाउनु पर्दैन र यहूदी पूजाहारीहरुको धर्मविधि पालना गर्नु पर्दैनन् । किनभने हाम्रा सबै पापको निम्ति एकचोटी येशूको मृत्यु र हाम्रा आशाको निम्ति उहाँको पुनरुत्थानको सुसन्देशलाई अहिले सबैले पालना गर्नै पर्छ । हाम्रो पाप क्षमाको निम्ति खीष्टमा बप्तिस्मा लिएर हामी यो गर्छौ (प्रेरित २:३८; ६:३-६; २ थेसलोनिकी १:७-९) ।

-o-



# बप्तिस्मा

नयाँ नियममा एक सयभन्दा बढी पल्ट "बप्तिस्मा" वा "बप्तिस्मा लिनु" भन्ने शब्दहरु उल्लेख गरेको हुनाले बाइबलमा यो विषय निकै महत्वपूर्ण छ भन्ने हामीले ठान्नु पर्छ । हजारौ मानिसहरु पहिलो शताब्दीमा बप्तिस्मा भएका थिए । परमेश्वरसितको करार सम्झैतामा आउन हजारौ मानिसहरुले बप्तिस्मा लिएका थिए । जसरी अघिका विश्वासीहरुले बप्तिस्मा लिएका थिए, पहिलो शताब्दीका लाखौ मानिसहरुले पनि त्यही उद्देश्यले बप्तिस्मा लिएका थिए । तिनीहरुका पाप क्षमाको निम्ति तिनीहरुले बप्तिस्मा लिएका थिए । जसरी दुई हजार वर्ष अघि मानिसहरुले बप्तिस्मा लिएका थिए त्यसरी नै विश्वास र पश्चात्तापको आधारमा तपाईले पनि त्यही उद्देश्यले बप्तिस्मा लिन सक्नुहुन्छ ।

युनानी शब्द "ब्याप्तिजो" नयाँ नियममा प्रयोग गरिएको थियो जसलाई पहिलो पल्ट अंग्रजी बाइबलमा नयाँ अंग्रजी शब्द "बप्तिस्मा लिनु" भनी अनुवाद गरेको थियो । "ब्याप्तिजो" शब्दलाई अनुवाद गर्ने क्रममा सुन्दा समान लाग्ने युनानी शब्दहरु अंग्रजी भाषामा ल्याइयो, जुन शब्दहरु "बप्तिस्मा लिनु" र "बप्तिस्मा" शब्दहरु बन्न गयो ।

तै पनि ब्याप्तिजोको युनानी परिभाषा "डुब्नु", "डुब्लिकी मार्नु", "डुबाउनु", "डुबाइदिनु" भन्ने लाग्छन् । सबै भन्दा सामान्य परिभाषा "डुबाउनु" हुन्छ । यसकारण कसैको उद्धार मुक्तिको सन्दर्भमा जव अंग्रेजी बाइबलमा बप्तिस्मा शब्द प्रयोग भयो, डुबाएको अर्थ भन्ने बुझ्नु पर्छ । जव पहिलो शताब्दीमा मानिसहरु डुबेका थिए, तिनीहरु "प्रशस्त पानी" मा डुबेका थिए । पुरुष र स्त्रीहरु पाप क्षमाको निम्ति पानीमा डुबेका थिए भनी नयाँ नियममले सिकाउँदछ ।

## एउटै बप्तिस्मा

नयाँ नियमभरी ६ वटा बप्तिस्मावारे उल्लेख गरका छन् ।

(१) पश्चात्तापको निम्ति यूहन्नाको डुबाइको बप्तिस्मा (मत्ती ३:११; मर्कूस १:४) ।
(२) अगुवाईको भार जिम्मेवारीको बप्तिस्मा (मत्ती २०:२२,२३) ।
(३) पवित्र आत्माको बप्तिस्मा (मत्ती ३:११; प्रेरित १:५) ।
(४)आगोको बप्तिस्मा (मत्ती ३:१०) ।
(५) इस्रायलीहरुको लाल समुन्द्रमा बप्तिस्मा (१ कोरित्थी १०:१,२) ।
(६) पाप क्षमाको निम्ति पानीमा डुबाइएको बप्तिस्मा (प्रेरित २:३८) । जव पावलले इ.सं. ६२ मा एफिसीलाई पत्र लेख्यो, त्यो समयमा मान्य प्राप्त केवल पानीमा डुवाईको बप्तिस्मा नै थियो भनी उनी घोषणा गर्दछन् (एफिसी ४:५) । यो पाप क्षमाको निम्त पानीमा डुब्ने हो, जुन प्रेरित २:३८ मा पहिलो पल्ट प्रचार गऱ्यो ।

## बप्तिस्माको निम्ति उम्मेदवारहरु

## परमेश्वरको वचन

बप्तिस्मा लिनको लागि उमेदवार हुन उसमा डुब्नुभन्दा अगाडी निम्न कुराहरु भएकै हुनुपर्छः (१) जसलाई सिकाइएको छ तिनीहरु मात्र केवल डुब्न सक्छन् (मत्ती २८:१९,२०) । (२) जसले डुबाइको आज्ञालाई बुझ्न सक्छन् तिनीहरु नै डुब्नु पर्छ (प्रेरित २:३८) । (३) केवल पुरुष र स्त्रीहरुमात्र डुब्नुपर्छ (प्रेरित ८:१२) । (४) जसले सुसमाचारको सिकाईलाई सुन्न सक्छन् तिनीहरु पानीमा डुब्नुपर्छ (मर्कूस १६:१५; यूहन्ना ६:४५) । (५) जसले विश्वास गर्न सक्छ तिनीहरु मात्र डुब्नुपर्छ (मर्कूस १६:१; यूहन्ना ८:२४; ८:१२) । (६) जसले परमेश्वरको वचन ग्रहण गर्छन तिनीहरु मात्र डुब्नुपर्छ (प्रेरित २:४१) । (७) जसले पश्चात्ताप गर्न सक्छन् केवल तिनीहरु मात्र डुब्नुपर्छ (लूका १३:३; प्रेरित २:३८; ३:१९; १७:३०; २ पत्रुस ३:९) । यसकारण बप्तिस्मा वयस्क मानिसहरुको निम्ति मात्र हो जसले पानीमा डुब्नुपर्छ  भनी स्वतन्त्र व्यक्तिगत नैतिक छनौट गर्न सक्छन् ।

## बप्तिस्माको उद्देश्य

हजारौ मानिसहरुले येशूमा विश्वास गरेर बप्तिस्मा लिएका उदाहरणहरु नयाँ नियममा अभिलेख छन् (प्रेरित २:४१; ६:७; ८:६-१२) । तिनीहरुका पाप क्षमाको निम्ति सुसमाचारलाई पालना गरी तिनीहरुले पानीमा बप्तिस्मा लिए ।

**(क) डुबाउनु सुसमाचारको आज्ञापालन हो ।**

हाम्रा पापको लागि येशूको मृत्युको ऐतिहासिक घटना नै सुसमाचार हो । उहाँको गडाई र पुनरुत्थानको घटनाले हामीलाई अनन्त जीवनको आशा दिन्छन् (१ कोरिन्थी १५:१-४) । परमेश्वरको प्रेरणाप्राप्त वचनद्धारा भएर यो ऐतिहासिक घटनाले हामीलाई सम्बाद गरेको छ । कसैले सुसचारलाई पालना गर्दैनन् भने उसको उद्धार हुन सक्दैनन् (२ थेसलोनिकी १:७-९) । पानीको बप्तिस्मादेखि बौरी उठेर नयाँ जीवनको मार्गमा हिड्नको निम्ति जव कसैले बप्तिस्मा लिन्छ, उ खीष्टको मृत्युमा उहाँसँगै गाडिएका हुन्छौ (रोमी ६:३-६; कलस्सी २:१२) । यसकारण उद्धार पाउनको निम्ति येशूको मृत्यु, गडाई र पुनरुत्थानमा डुबाउने काम नै बप्तिस्मा हो । आ^ना पाप क्षमाको निम्ति पानीमा डुबेर विश्वासीले सुसमाचारलाई पालना गर्छ ।

**(ख) पानीमा डुब्ने कार्य पाप क्षमाको निम्ति हो ।**

जव कोही मानिस सुसमाचारको आज्ञाकारिता भएर येशूसँगै पानीमा डुब्छन, त्यो व्यक्ति येशूको रगतसंगको सम्पर्कमा आउँछ । यसरी उसले पापको क्षमा पाउँछ (प्रेरित २:३८) । यसरी उसको पाप धोइन्छ (प्रेरित २२:१६; तीतस ३:५) । परमेश्वरले पानीमा डुबेका विश्वासीहरुलाई आ^नै मानिसहरुकै मण्डलीमा थप्नुहुन्छ, जो व्यक्तिहरु उहाँसँग करारको सम्वन्धमा छन् (प्रेरित २:४७) । यसकारण खीष्ट बाहिर हराएका र खीष्टमा बचाइएकाहरुको विचमा बप्तिस्मा खडा हुन्छ ।

## बप्तिस्माको परिणाम

बप्तिस्मा सुसमाचारको आज्ञाकारिता र प्रतिक्रिया हो । जव कसैले येशूको मृत्यु, गडाई र पुनरुत्थानलाई पानीको बप्तिस्माद्धारा स्वीकार गर्छन उसले

परमेश्वरबाट महान आशिषहरु पाउँछन् । उसको आत्मिक पुर्नजन्मको आत्मिक क्षेत्रमा निम्न कुराहरु हुन्छनः-

(क) कोही नयाँ जीवनको मार्गमा हिड्छन् (रोमी ६:४) ।
(ख) कोही नयाँ सृष्टि हुन्छन् (२ कोरिन्थी ५:१७) ।
(ग) कोही असल विवेकले परमेश्वरसँग अपिल गर्छन् (१ पत्रुस ३:२१) ।
(घ) कोही ख्रीष्टमा राखिन्छन् (गलाती ३:२७) ।
(ङ) कोही ख्रीष्टको आज्ञाकारी बिषय हुन्छन् (यूहन्ना १:१२,१३) ।
(च) कोही ख्रीष्टको हिस्सा हुन्छन् (१ कोरिन्थी १:१२,१३) ।
(छ) कोही ख्रीष्टसंगको सम्वन्धमा आउँछन् (रोमी ६:३; गलाती ३:२६,२७) ।
(ज) कोही ख्रीष्टमा आउँछन जहाँ उसले निम्न कुराहरु पाउँछन् :
  (१) सबै आत्मिकी आशिषहरु (एफिसी १:३) ।
  (२) येशूको रगतद्धारा छुटकारा (एफिसी १:७; कलस्सी १:१४) ।
  (३) पाप क्षमा (एफिसी १:७) ।
  (४) पापबाट शुद्धिकरण (१ कोरिन्थी १:२; कलस्सी १:१४) ।
  (५) दोष छैन (रोमी ८:१) ।
  (६) ख्रीष्टमा नयाँ सृष्टि (१ यूहन्ना ५:१७) ।
  (७) येशूसँगै अनन्त जीवन (१ यूहन्ना ५:११) ।
  (८) अनन्त जीवनको निम्ति मुक्ति (२ तिमोथी २:१०; प्रेरित ४:१२; १ पत्रुस ३:२१) ।

## बप्तिस्माका उदाहरणहरु

नयाँ नियममा धेरै उदाहरणहरु छन् जहाँ विश्वास गरेका पुरुष र स्त्रीहरुले सुसमाचार पालना गरेर आफ्ना पाप क्षमाको निम्ति पानीमा बप्तिस्मा लिएका थिए :

(क) पेन्तिकोसको दिनमा यहूदीहरु (प्रेरित २:४१-४७) ।
(ख) सामरियाहरु (प्रेरित ८:५-१३) ।
(ग) इथियोपियाली नपुंसक (प्रेरित ८:२६-४०) ।
(घ) टार्ससको शाऊल (प्रेरित ९:१७,१८; २२:१६) ।
(ङ) कर्नेलियस र उनका घराना (प्रेरित १०:३४-४८) ।
(च) फिलिप्पी जेलर र उनका घराना (प्रेरित १६:३०-३४) ।
(छ) कोरिन्थीहरु (प्रेरित १८:८) ।

विश्वास, पश्चात्ताप र स्वीकार मुक्तिको लागि हो । तै पनि, ख्रीष्टमा बप्तिस्मा लिदा उद्धार पाइन्छ । येशूको बलिदानपूर्ण रगतद्धारा मानिसहरुको छुटकारा भएका छन् । तै पनि ख्रीष्टको रगतद्धारा छुटकारा हुन्छ । कोही मानिस ख्रीष्टसित पानीमा डुब्नै पर्छ । येशूले आफ्नै रगतद्धारा मण्डलीलाई पवित्र पार्नुभयो । विश्वास योग्यहरुलाई उहाँले निरन्तर शुद्ध पार्नुहुन्छ । केवल शुद्ध भएकाहरु मात्र ख्रीष्टको शरीरमा हुन्छन् । येशूको रगतद्धारा शुद्धिकरण हुनको निम्ति जो कोही पनि ख्रीष्टको शरीरमा डुबेको हुनै पर्छ । यदि कोही गलत कारणको निम्ति पानीमा डुबेको छ भने उ सही कारणको निम्ति फेरी पानीमा डुब्नु पर्छ ।

## परमेश्वरको वचन

# बाइबल




यदि कुनै मानिस आफैमा बाइबलको ज्ञानबाट वञ्चित भएको छ भने त्यो मानिस संसारमा भएको सर्वउत्कृष्ट ज्ञानबाट आफै वञ्चित भएको हुन्छ । यो पुस्तकको जगमा आधारित भएर सभ्यताको निर्माण भएको छ र अडिरहेको छ । बाइबलको माध्यमद्धारा भएर मात्र हामीले परमेश्वर को हुनुहुन्छ भन्ने वारे बुझ्न सक्छौ ।

"बाइबल" युनानी शब्द "बिबलिया" बाट आएको हो, जसको अर्थ "पुस्तक" हुन्छ । सबै मानिसहरुको निम्ति बाइबल परमेश्वरको अर्ती उपदेशको पुस्तक हो । अहिले सम्मको लामो इतिहासमा कुनै पनि अरु लेखका शब्दहरुले धेरै मानिसहरुलाई प्रभाव पारेको छैनन् । त्यो भन्नुको कारण यो छ कि बाइबल परमेश्वरको सत्यता हो भन्ने कुरा मानिसहरुलाई थाहा छन् किनकि हाम्रा विश्वास र व्यवहारलाई मार्गनिर्देशन गर्न यो प्रकट भएको थियो ।

पवित्र आत्माले प्रेरणाप्राप्त भएका ६६ वटा पुस्तकहरु र पत्रहरुको पुस्तकालय बाइबल हो । मानव निर्मित धर्महरु प्रायजसो एक जना मानिसको लेखमा निर्भर हुन्छन् र बाइबल यसको विपरित छन् । बाइबल प्रेरणाप्राप्त ४० जना मानिसहरुले करिव १५०० वर्ष समय अवधिमा लेखेका थिए । धेरै फरक मानिसहरुले धेरै शताब्दीको अवधिमा यो लेखेता पनि बाइबलमा कुनै विरोधाभास छैनन् । सिङ्गो बाइबल भरी एउटै एकजुटको लक्ष्य छ- येशू परमेश्वरको पुत्रको बलिदानद्धारा भएर  मानिसको अनन्तको उद्धार मुक्ति ।

३९ वटा पुस्तकहरुको संग्रहलाई पुरानो करार भनियो । यी पुस्तकहरु सबै भन्दा पहिला इस्रायल देशलाई दिइएको थियो । नयाँ नियममा २७ वटा पुस्तकहरु छन्, जुन खीष्टियनहरुलाई लेखिएका छन् ।

**बाइबल तपाईको निम्ति परमेश्वरको आशिष हो ।**

परमेश्वर प्रेरणाप्राप्त मानिसहरुसंग बषौ वर्ष काम गर्नुभएर अन्तमा बाइबल हामीकहाँ आइपुग्यो । बाइबलमा उहाँलाई हामी कसरी प्रसन्न तुल्याउन सक्छौ सो जान्दछौं ।

(क) परमेश्वर वचनद्धारा भएर बोल्नु भएको पुस्तक बाइबल हो (मत्ती २२:४३; प्रेरित १:१६; २ तिमोथी ३:१६) ।

(ख) परमेश्वर पवित्र आत्माद्धारा भएर बोल्नु भएको पुस्तक बाइबल हो (यूहन्ना १४:२६; १६:१३; १ कोरिन्थी २:१०-१३; हिब्रू ३:६;; १०:१५; २ पत्रुस १:२०,२१) ।

(ग) परमेश्वर प्रेरणाप्राप्त सत्यताको वचनद्धारा भएर बोल्नुभएको पुस्तक बाइबल हो (यर्मिया ३६:४; १ कोरिन्थी २:१३) ।

(घ) पवित्र आत्माको प्रेरणा पाएका मानिसहरु जसले बोल्यो र अभिप्रेरित सत्यताका वचनहरु लेख्यो ती भएर परमेश्वर बोल्नुभएको पुस्तक

बाइबल हो (प्रस्थान २४:४; ३५:१; २ शमूएल २३:२; यशैया ५१:१६; यर्मिया ३६:४-६; इजकिएल ११:५; १ कोरिन्थी १४:३७) ।

(ङ) पवित्र आत्माद्धारा एउटा मानिसबाट अर्को मानिस हुँदै परमेश्वर बोल्नुभएको पुस्तक बाइबल हो (लूका १:७०; प्रेरित २८:२५; रोमी १:२; १६:२६) ।

(च) पवित्र आत्माद्धारा अभिप्रेरित भएका मानिसहरुले इतिहासका सबै मानिसहरुसँग परमेश्वर बोल्नुभएको पुस्तक बाइबल हो (इजकिएल २:७; ३:४,१०,११; १७:२; २ थेसलोनिकी २:१४; २ तिमोथी ३:१६,१७; हिब्रू १:१,२) ।

## तपाईले बाइबललाई भरोसा गर्न सक्नुहुन्छ ।

आश्चर्यजनक प्रमाणको जगमा परमेश्वरले मानिसहरुलाई बाइबल दिनुभयो । प्रचार गर्न र उहाँको वचन लेख्न मात्र मानिसहरुलाई उहाँले केवल प्रेरित गर्नुभएनन् तर उहाँका वचनहरु मानिसहरुका वचनभन्दा अधिक छन् भनेर प्रमाणित गर्नको लागि आश्चर्य कर्महरुद्धारा उहाँले पक्का गरी पठाउनु भयो ।

(क) आश्चर्य कर्महरुद्धारा बाइबल पुष्टि भयो । अघिका परमेश्वरका सन्देशवाहकहरुले बोलेका वचनहरु परमेश्वरबाट नै आएका हुन भनी पवित्र आत्माका आश्चर्य कर्महरुद्धारा प्रमाणित भयो (१ राजा १८:३०-४०; मर्कूस १६:२०; यूहन्ना २०:३०,३१; प्रेरित २:३३; ४:२९,३०; १ कोरिन्थी २:१-५, १२:७; गलाती ३:५; हिब्रू २:३,४) ।

(ख) पुष्टि भएका र बोलिएका वचनहरु लेखिएको थियो । बाइबलका प्रेरणाप्राप्त लेखकहरुले आश्चर्य कर्महरुद्धारा प्रमाणित भएका वचनहरु अभिलेख गरे (रोमी १५:४,१८,१९; १ कोरिन्थी २:४; १०:११; १ थेसलोनिकी १:५) ।

## बाइबलले तपाईको जीवन परिवर्तन गर्नेछ ।

तपाईको जीवनमा एउटा मौकाको रुपमा बाइबल दिनुहोस् । यदि तपाईले बाइबल परमेश्वरको वचन हो भनी विश्वास गर्नुहुन्छ भने तपाईले यसका सन्देशहरुलाई खजानाको रुपमा जम्मा गर्नुहुनेछ । परमेश्वरलाई प्रशन्न तुल्याउने जीवनको रुपमा तपाईको जीवन परिवर्तित हुनेछ ।

(क) हाम्रो हृदयमा बाइबल वास गर्न सक्छन् (कलस्सी ३:१६; १ यूहन्ना २:४,२४; ३:९; २ यूहन्ना २) ।

(ख) बाइबल हाम्रा हृदयमा राखेको हुनुपर्छ ताकि हामीले परमेश्वरको विरुद्धमा पाप गर्न नसकौ (भजन संग्रह ३७:३१; ११९:१) ।

(ग) जव हामीले बाइबलका सिद्धान्तहरुलाई सम्मान गर्छौ तव बाइबल हाम्रो हृदयमा लेखेको हुन्छ (भजन संग्रह ४०:८; यर्मिया ३१:३२,३३) ।

(घ) जव हामीले बाइबलका सिद्धान्तहरुलाई इमान्दारिताकासाथ पालना गर्छौ, तव बाइबलले हाम्रो जीवनलाई परिवर्तन गर्छ (याकूव १:२२-२५; १ यूहन्ना १:६-७; २ यूहन्ना ४; ३ यूहन्ना ३,४) ।

### परमेश्वरको वचन

## बाइबल सबैको निम्ति पर्याप्त छ ।

परमेश्वरको दृष्टिकोणमा स्वीकारयोग्य हुन आवश्यक पर्ने निर्देशन सहित खीष्टियानहरुलाई सुसज्जित पार्न बाइबल सबै कुरामा पर्याप्त छन् । हाम्रा जीवनमा निम्न लिखित कुराहरु पुरा गर्ने शक्ति बाइबलसँग छ ।

(क) जीवन परिवर्तन गर्ने शक्ति छ (१ पत्रुस २:१,२; २ पत्रुस १:३; १ थेसलोनिकी ४:१,२; २ यूहन्ना ३,४) ।

(ख) अनन्त जीवन दिने शक्ति छ (यूहन्ना ८:५१; ५:२४; ११:२६) ।

(ग) अनन्तसम्म बचाउने शक्ति छ (प्रेरित ११:१४; २०:३२; हिब्रू ४:१२; याकूब १:२१) ।

(घ) स्वतन्त्रता दिने शक्ति छ (यूहन्ना ८:३२; याकूब १:२५) ।

(ङ) अरुलाई सेवाकाई दिने शक्ति छ (एफिसी ४:११-१६) ।

(च) सिकाउने शक्ति छ (हितोपदेश २२:६; भजनसंग्रह ११९:१०३, १०४; रोमी १५:४) ।

(छ) सल्लाह दिने शक्ति छ (१ कोरिन्थी ४:१४; १०:११; २ तिमोथी ४:१,२; १ पत्रुस ५:१५) ।

(ज) हप्काउने, गाली गर्ने र सच्याउने शक्ति छ (२ तिमोथी ३:१६; तीतस १:९) ।

## बाइबल परमेश्वरको आखिरी प्रकाश हो ।

मानिसहरुको निम्ति परमेश्वरको केवल एउटै र आखिरी प्रकाश बाइबल हो भनी दावी गर्छ । बाइबलको अन्तिम पुस्तक प्रकाशको लेखन सहित परमेश्वरले सबै सत्यताका प्रकाशहरु अन्त्य गर्नुभयो र यी अस्तित्वको समयमा उहाँले सबै मानिसहरुबाट यो थाहा पाएको होस् भनी इच्छा गर्नुहुन्छ ।

(क) पुरानो नियमको व्यवस्था सिनै पर्वतमा दिनुभन्दा अघि (हिब्रू १:१,२) पुरानो करारको समयमा परमेश्वरले आफ्ना इच्छाहरु परिवारका समुहलाई विस्तार गर्न पिताहरुलाई प्रकट गर्नुभयो ।

(ख) पुरानो करारका पुस्तकहरुद्धारा भएर परमेश्वरले इस्रायलीहरुलाई उहाँका इच्छाहरु सिनै पर्वतमा प्रकट गर्नुभयो (व्यवस्था ४:१, १३; ५:१-५; प्रस्थान १९:४-६; नहेम्याह ८:१; रोमी ३:१,२) ।

(ग) परमेश्वरले आˆना इच्छाहरु पुरानो करारका लेखकहरुलाई प्रकट गर्नुभयो जसले अभिलेख गरेका उदाहरणहरु खीष्टियानहरुलाई सिक्नको निम्ति उपयोग भएको छ (रोमी १५:४; १ कोरिन्थी १०:११) ।

(घ) खीष्टियानहरुको निम्ति विशिष्ट अर्तीहरु सहित परमेश्वरले सबै सत्यता पहिलो शताब्दीमा नयाँ नियमका प्रेरितहरुलाई प्रकट गर्नु भयो (यूहन्ना १४:२६; १६:१३) ।

(ङ) हामीलाई आवश्यक पर्ने सबै अर्तीहरु आज नयाँ नियममा अभिलेख गरेका छन् जुन हाम्रो शिक्षा र नैतिक अगुवाईको निम्ति हुन् (गलाती १:११,१२; एफिसी ३:३-५; २ तिमोथी ३:१६,१७; २ पत्रुस १:३) । यसकारण हामीले बाइबलमा थप्ने र घटाउने गर्नु हुँदैन् (व्यवस्था ४:२; गलाती १:६; २ यूहन्ना ९-११; प्रकाश २२:१८,१९) ।

## परमेश्वरको वचन

### बाइबलद्धारा भएर परमेश्वर कार्य गर्नुहुन्छ

परमेश्वर हाम्रा सृष्टिकर्त्ता हुनुभएको हुनाले उहाँले हामीलाई उहाँको मार्ग निर्देशन गर्न खोज्नुहुन्छ । जसले उहाँसँगको सम्वन्ध राख्न खोज्छ र उहाँका निर्देशनहरुलाई स्वीकार गर्ने इच्छा गर्छन, उहाँको वचनले तिनीहरुको जीवनमा निम्न कुराहरु भएको उहाँ अपेक्षा गर्नुहुन्छ । बाइबलद्धारा भएर परमेश्वर खोज्नुहुन्छ....

(क) हाम्रा हृदयमा विश्वास उत्पन्न गर्ने (यूहन्ना २०:३०,३१; रोमी १०:१७) ।
(ख) हाम्रो पापको आत्मालाई शुद्ध गर्ने (यूहन्ना १७:१७; एफिसी ५:२६; १ तिमोथी ४:४,५) ।
(ग) हाम्रो हृदय र आत्मालाई शुद्ध पार्ने (यूहन्ना १५:२,३; एफिसी ५:२६; १ पत्रुस १:२२) ।
(घ) हाम्रो आत्मालाई जीउँदो पार्ने (भजन संग्रह ११९:५०,९३; एफिसी २:१,५) ।
(ङ) हाम्रो दिमागलाई शिक्षा दिने (भजन १९:८) ।
(च) हामीलाई समझ दिने (भजन संग्रह ११९:१०४,१३०; एफिसी ३:४) ।
(छ) हाम्रो जीवनलाई नेतृत्व गर्ने (भजन संग्रह ७३:२४; ११९:१०५) ।
(ज) हाम्रा हृदयलाई सान्त्वना दिने ( रोमी १५:४; १ थेसलोनिकी ३:२; ४:१८) ।
(झ) हामीमा आत्मिकी वृद्धि उत्पादन गर्ने (प्रेरित २०:३२; कलस्सी १:१०,११) ।
(ञ) हाम्रा हृदयलाई शक्ति दिने (प्रेरित २०:३२; रोमी १६:२५; २ तिमोथी २:१,२) ।

हामीले हाम्रो मार्ग उहाँमा पाउनको निम्ति परमेश्वरले हामीलाई उहाँको वचन प्रकट गर्नुभएको छ । हामीलाई उहाँको प्रकाश विना उहाँ को हुनुन्छ र उहाँलाई कसरी प्रशन्न तुल्याउने भन्ने कुरा हामीलाई थाहा हुँदैन्थ्यो । येशू परमेश्वरको एउटै मार्ग हुनुहुन्छ भनी बाइबलले प्रकट गरेको छ । परमेश्वरको पुत्र येशूले भन्नुभयो, *" यदि तिमीहरुले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरु पालन गर्नेछौ"* (यूहन्ना १४:१५) । यदि तपाईले आफ्नो मार्ग परमेश्वरमा खोज्न चाहनुहुन्छ र आफ्नो प्रेम येशू, परमेश्वरको पुत्रलाई देखाउन चाहनुहुन्छ भने, तपाईले येशूको आज्ञाहरुलाई पछ्याउनै पर्छ । येशूका आज्ञाहरु थाहा पाउने एउटै मार्ग भनेको बाइबल अध्ययनद्धारा हो । खीष्टमा लिएको बप्तिस्माद्धारा सुसमाचारको अनाज्ञाकारीताले हामीले येशूको आज्ञा थाहा पाउन र पछ्याउन सक्छौ । सुसमाचारको विश्वास र आज्ञा पालन गरेर कोही येशूको शरीर, मण्डलीको सदस्य हुन्छौ ।

-o-

## परमेश्वरको वचन



# सुसमाचार

के तपाईलाई थाहा छ कि हामी सिद्ध जीवन जीउन सक्दैनौ, तर परमेश्वर जान्नुहुन्छ । हामी पापविना बाँच्न सक्दैनौ भन्ने कुरा परमेश्वर जान्नु हुन्छ । सबै मानिसहरुका पापको निम्ति येशू ख्रीष्टलाई बलिदानको रुपमा अर्पण गर्ने योजना परमेश्वरले संसारको सृष्टि भन्दा अगाडी रच्नुभयो । उहाँले योजना गर्नु भयो कि हामी सबैलाई अनन्तको दोषदेखि येशूले बचाउनुहुनेछ । मानिसहरुको निम्ति परमेश्वरले आफ्नो योजना प्रकट गर्ने समय आउँदा उहाँले येशूलाई संसारमा पठाउनुभयो ।

हामी सबैलाई थाहा छ कि हामी आफैले व्यवस्थाका नियमहरुलाई पूर्णरुपमा पालना गरेर बचाउन सक्दैनौ वा असल कार्यहरु गरेर स्वर्ग हासिल गर्न सक्दैनौ । हामी सिद्ध जीवन जिउन सक्दैनौ भन्ने कुरालाई महशुस गर्नु र इमान्दार मानिसहरुले त्यसको अर्थ खोज्नु नै प्रोत्साहनको विषय हुनुपर्छ जुन परमेश्वरले मानिसहरुको पापबाट बचाउने कुरालाई खोज्नुहुन्छ । परमेश्वरले हामीलाई यसको अर्थ दिनुभएको छ । यसलाई अनुग्रह भनियो । उहाँको अनुग्रह येशूद्धारा भएर क्रूसमा प्रकट भयो । जव हामी आफैले आफैलाई बचाउन असक्षम छौ भन्ने कुरालाई महशुस गर्छौ, तव हामी अनुग्रह खोज्छौ ।

सबै कुराको सृष्टिकर्त्ता परमेश्वर हुनुहुन्छ । परमेश्वरले शुरुवाटमा मानिसलाई बनाउनु भयो । परमेश्वरले मानिसलाई सृष्टि गर्नुभएको कारणले गर्दा मानिसको निम्ति नैतिक आज्ञाहरु दिने अधिकार उहाँमा हुन्छ, जसद्धारा हामी जीउनै पर्छ । परमेश्वर सृष्टिकर्त्ता हुनुभएको हुनाले मानिसहरुबाट आज्ञाकारिताको माग गर्ने अधिकार उहाँमा छ ।

परमेश्वरको व्यवस्था विरुद्ध गएर सबैले पाप गरेका छन् । वास्तवमा यदि कसैले पाप गरेको छैनन् भनी भन्दछन् भने उ झुटा हो भनी परमेश्वर भन्नुहुन्छ । यसकारण, हामी प्रत्येकले पहिचान गरेर हाम्रा पापबाट पश्चात्ताप गर्नै पर्छ । हामी मर्नुभन्दा अगाडी उहाँसँग अनुग्रहको करार स्थापना गर्नको निम्ति परमेश्वरले चाहनुभएका हाम्रा उत्तरदायित्वहरुलाई पुरा गर्न उहाँको आज्ञा पालन गर्नै पर्छ ।

### (क) परमेश्वरको व्यवस्था उलंघन पाप हो ।

**१ यूहन्ना ३:४** ले सिकाउँदछ कि उहाँका व्यवस्थालाई हामी स्वइच्छाले उलंघन गरी परमेश्वरको विरुद्धमा पाप गर्छौ । उहाँको वचनमा परमेश्वरले जे गर भन्नुभएको थियो हामीले त्यो नगरेर पाप गर्छौ । परमेश्वरले उहाँको वचनमा जे नगर भन्नुभएको थियो हामीले ती कामहरु गरेर पाप गर्छौ । यसकारण प्रत्येक सबैले पाप गरेका छन् ।

### (ख) जे कुरा सही छ, बेवास्ता गरेर त्यो नगर्नु पाप हो ।

**याकूब ४:१७** ले हामीलाई सिकाउँदछ कि बाइबलमा परिभाषित गरिएका

## परमेश्वरको वचन

भलाई कामका ती सिद्धान्तहरुलाई जव हामी गर्दैनौ, तव हामी पाप गर्दछौ । यदि हाम्रो विवेकलाई परमेश्वरको वचनद्धारा भलाई गर्न निर्देशन गरिएको छ भने भलाई गर्न जानेर पनि यदि हामी गर्दैनौ भने हामीले पाप गर्छौ ।

### (ग) पापले हामीलाई परमेश्वरदेखि अलग पार्छ ।

**यशैया ५९:१,२** ले सिकाउँदछ कि पापले हामीलाई परमेश्वरदेखि आत्मिकीरुपमा अलग पार्छ । यसकारण, जव हामी पापबारे सोच्छौ, जसले हामीलाई अनन्त जीवन दिन सक्नुहुन्छ हामी परमेश्वरबाट अलग भईरहेका छौ भन्ने कुरा हामीले सोच्नै पर्छ । हाम्रा सृष्टिकर्तादेखि हामी सदाको निम्ति अलग भइरहेका छौ भन्ने बारेमा हामीले सोच्नै पर्छ । यसकारण, प्रत्येक सबै परमेश्वरमा मिलाप हुनै पर्छ ।

### (घ) परमेश्वरबाट अलग हुनुको परिणाम मृत्यु हो ।

**रोमी ६:२३** ले सिकाउँदछ कि परमेश्वरको इच्छा विरुद्धको पापको परिणाम परमेश्वरबाट अलग हुनु हो । परमेश्वरबाट अलग हुनुको परिणाम आत्मिकी मृत्यु हो । कोही व्यक्ति आत्मिकी रुपमा मरेको हुन्छ किनभने उसको पापले गर्दा उ परमेश्वरबाट अलग भएका छन, जसले अनन्त जीवन दिनुहुन्छ । हाम्रा जीवनमा भएका पापको अन्तिम मूल्य भनेको यसकारण दोस्रो मृत्युको विनाश हो, जुन अनन्तताको निम्ति परमेश्वरसित हाम्रो अन्तिम अलग हुनु हो ।

### (ङ) पापको परिणाम आत्मिक मृत्यु हो ।

**रोमी ५:१२** ले सिकाउँदछ कि जव कोही पापमा हिँडछ, उ परमेश्वरबाट अलग भएको हुन्छ, र यसरी आत्मिक रुपमा मरेको हुन्छ । मानव जातिको प्रतिनिधित्व गर्दै संसारमा पापको शुरुवाट गर्ने पहिलो व्यक्ति आदम थियो । प्रत्येक मानिसहरु त्यहि समयदेखि आदम जस्तै आत्मिकी मृत्युमा कष्ट भोग्छन् किनभने प्रत्येक मानिसले परमेश्वरको विरुद्धमा पाप गरेका छन् । यसकारण मानिसको प्रथम र महान समस्या आत्मिकी मृत्यु हो । यो समस्याको केवल एउटै समाधान सुसमाचार हो ।

### (च) पापले संसारमा शारिरीक मृत्यु उत्पन्न गरायो ।

**१ कोरिन्थी १५:२०-२२** ले सिकाउँदछ जव अदनको बगैचामा आदमले पाप गर्‍यो, जीवनको वृक्षबाट उ अलग भएको थियो । यसरी उ भौतिक रुपमा मर्नुपर्‍यो । यसकारण, हामी सबै आदमको पापको परिणामको कष्ट भोग्छौ । किनभने हामी अहिले जीवनको वृक्षमा सहभागी हुन सक्दैनौ । यसकारण मानिसको दोस्रो ठुलो समस्या भौतिक मृत्यु हो ।

### (छ) येशूले सुसमाचार प्रकट गर्नुभयो ।

**मर्कूस १:१४,१५** ले भन्दछन कि येशूले सुसमाचार प्रचार गर्नुभयो । "सुसमाचार" शब्दको अर्थ **असल सन्देश** हो । हाम्रा आत्मिकी र भौतिक मृत्युको समस्या दुवैलाई समाधान गर्नको निम्ति येशूको आगमन नै असल सन्देश हो । तैपनि, येशूले हामी सबैलाई पहिला उहाँको वारेमा सिक्नु र त्यसपछि असल सन्देशलाई विश्वास गर्नु भनेको छ ।

**(ज) येशू फेरी आउँदैहुनुहुन्छ ।**

**२ थेसलोनिकी १:७-९** ले सिकाउँदछ कि समयको अन्त्यमा येशू फेरी आउँदै हुनुहुन्छ । उहाँको आगमनमा जसले उहाँको सुसमाचार पालना गर्दैनन्, उहाँले तिनीहरुलाई अनन्तको विनाशको दण्ड दिनुहुनेछ । यो आवश्यक छ, यसकारण खीष्टको आगमनमा आउँदै गरेको विनाशबाट उम्कनको लागि सबैले "सुसमाचारमा आज्ञाकारी" हुनुपर्छ । यदि कसैले सुसमाचारको आज्ञापालन गर्ने पर्छ भने त्यसले यी दुई वटा प्रश्नहरु सोधेर जवाफ दिनै पर्छ । **"सुसमाचार भनेको के हो?"** र "**कोही मानिसले कसरी सुसमाचारलाई पालना गर्न सक्छ?"**

**(झ) सुसमाचार इतिहासको घटना हो ।**

**१ कोरिन्थी १५:१,२** ले सिकाउँदछ कि सुसमाचार मानिसहरुको माझमा घोषणा र प्रचार गऱ्यो । यसलाई पश्चात्तापी हृदय र ग्रहण गर्नेहरुले प्राप्त गऱ्यो । आज्ञाकारी विश्वासीहरुले तिनीहरुको भावनात्मक र आत्मिक उन्नतिको आधारमा ऐतिहासिक तथ्यहरुबाट सुसमाचार घटना साँच्चै नै घटेको हो भन्न सकिन्छ । सुसमाचार घटनाको ऐतिहासिक तथ्यलाई परमेश्वरको वचनद्धारा हामीसँग सम्वाद गरेको कुरलाई यदि हामीले निरन्तररुपमा विश्वास गर्छौ भने सुसमाचारद्धारा हाम्रो उद्धार हुन्छन् । अब, सुसमाचार भनेको के हो?

**१ कोरिन्थी १५:३,४** ले सामान्यरुपमा सुसमाचारको मुख्य परिभाषा दिन्छ । हाम्रा पापको निम्ति येशूको मृत्यु र हाम्रा अनन्त जीवनको आशाको निम्ति उहाँको पुनरुत्थानको ऐतिहासिक घटना नै सुसमाचार हो । हामीलाई परमेश्वरकहाँ पुन मिलाप गराउनका निम्ति येशू मर्नुभयो । हामीलाई परमेश्वरको समिप खिच्नको निम्ति उहाँले यो सम्भव बनाउनुभयो । यही कारणले गर्दा सुसमाचार असल सन्देश हो ।

**(ञ) पानीको बप्तिसमाद्धारा कसैले सुसमाचारलाई आज्ञापालन गर्छन ।**

**रोमी ६:३-६** ले सुसमाचारलाई कसरी पालन गर्ने भनेर व्याख्या गर्दछ । पानीको बप्तिस्माद्धारा (डुबेर) कोही "खीष्टमा" आउँछन् भनी पावलले रोमी ६:३ मा घोषणा गर्नुहुन्छ । पानीभित्रको डुबाईले हामी येशूसित गाडियौ भनी पद ४,५ ले वर्णन गर्दछ । पानीबाट बाहिर निस्कँदा हामी येशूसित चिहानबाट बौरी उठेका हुन्छौ । तापनि, पद ६ ले वर्णन गर्दछ कि पानी भित्रको डुबाईद्धारा सुसमाचारको आज्ञापालन गर्नुभन्दा अगाडी उ खीष्टसित कूसमा टाँगिएको हुनुपर्छ । अर्को शब्दमा भन्नुपर्दा उसको पाप क्षमाको निम्ति बप्तिस्मा लिनुभन्दा पहिले उसले पश्चात्ताप गरेकै हुनुपर्छ । पहिलो शताब्दीका मानिसहरुको उदाहरणमा तिनीहरुले....

(१) सुसमाचार सुने (मत्ती १३:९; यूहन्ना ५:२४,२५; ६:४५; ८:४७) ।


(२) सुसमाचारमा विश्वास गरे (मर्कूस १:१४,१५; यूहन्ना ३:१६; ८:२४; २०:३०,३१) ।

(३) पापबाट पश्चात्ताप गरे (लूका १३:३; प्रेरित २:३८; ३:१९; २ पत्रुस ३:९) ।

(४) तिनीहरुको जीवनद्धारा येशूलाइए स्वीकार गरे (मत्ती १०:३२,३३; रोमी १०: ९,१०) ।

(५) येशूको मृत्यु, गडाई र पुनरुत्थानमा पानीको बप्तिस्माद्धारा सुसमाचारलाई आज्ञापालन गरे (मर्कूस १६:५,१६; यूहन्ना ३:३-५; प्रेरित २:३८; २२:१६; १ पत्रुस ३:२१) ।

-०-



# पाँच मिनेट बाइबल अध्ययन साक्षीहरु

(१) ..................साक्षीहरुले छल गर्दैन्, तर......................साक्षीले झुटा कुराहरुको ओइरो लाउँछ (हितोपदेश १४:५) ।

(२) उनीद्धारा सबैले विश्वास गरुन्, भनेर त्यस......................गवाही दिन उनी..........................भई आए (यूहन्ना १:७) ।

(३) तापनि उहाँले आफुलाई गवाहीविना छोडनुभएन, किनकि उहाँले भलो गरेर तपाईहरुलाई स्वर्गबाट.....................झरी र फलवन्त.......................दिनुभयो र तपाईहरु का............................भोजन र आनन्दले सन्तुष्ट पार्नुभयो (प्रेरित १४:१७) ।

(४) किनभने गवाही दिनेहरु..............छन्, अर्थात पवित्र आत्मा, पानी, रगत, र सबै कुरामा यी सहमत हुन्छन् । यदि हामी मानिसको .................ग्रहण गर्छौं भने...............................गवाही झन उच्च छ । किनकि यही नै परमेश्वरको गवाही हो, जुन............................उहाँले आफ्ना पुत्रको विषयमा दिनुभएको छ (१ यूहन्ना ५:८,९) ।

(५) तर आखिरीसम्म स्थिर रहनेचाहिँ बचाइनेछ । अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै....................लागि गवाहीको निम्ति.....................गरिनेछ, त्यसपछि अन्त्य आउनेछ (मत्ती २४:१३,१४) ।

(६) तिनीहरुले यसो भन्ने झुटा साक्षीहरुलाई अगि सारे, “यस मानिसले ........................र व्यवस्थाको विरुद्धमा कुराहरु छोडदैन् । किनभने यसले यसो भनेको हामीले सुन्यौ,......................यस ठाउँलाई नाश गर्ने छ, मोशाले हामीलाई दिएका रीतिथिति पनि वदली गरिदिनेछ” (प्रेरित ६:१३,१४) ।




जव तपाईले यो लेखलाई पढ्नुहुन्छ म आशा गर्छु कि परमेश्वरलाई सेवा गर्न र अनन्त जीवनको आशा राख्न तपाई प्रभावित हुनुहुनेछ । यदि तपाई यी तथ्यहरुमा सहमति हुनुहुन्छ भने प्रश्नद्धारा म शुरुवाट गर्न चाहन्छु :

(१) पृथ्वीमा जीवन छोटो (वाफ जस्तै) छ भन्ने कुरामा के तपाई सहमति गर्नुहुन्छ (याकूव ४:१३-१५)?

(२) पृथ्वीमा जीवन अनिश्चित छ भन्ने कुरामा के तपाई सहमति गर्नुहुन्छ (याकूव ४:१३-१६)?

(३) खीष्टको दोस्रो आगमनमा वा मृत्युमा यो पृथ्वीको जीवन अन्त्य हुनेछन् भन्ने कुरामा के तपाई सहमति गर्नुहुन्छ (हिब्रू ९:२७,२८) ।

यदि तपाई माथि उल्लेखित तीनवटा तथ्यहरुमा सहमति हुनुहुन्छ भने के जीवन पछिको मृत्युबारे बाइबलिय शिक्षालाई पनि विश्वास गर्नुहुन्छ (२ कोरिन्थी ५:१)? यसै कारणले गर्दा यो विषय निकै महत्वपूर्ण छ । म साँच्चै विश्वास गर्दछु र प्रार्थना गर्छु कि हामी सबैजना स्वर्गबारे गम्भीर हुनेछौ । “स्वर्गकोबारे गम्भीर हुनु” भन्नाले के अर्थ दिन्छ? म विश्वास गर्छु कि तल दिइएका वर्णनले मद्दत मिल्नेछ । कृपया तलका तीनवटा बुँदाहरुलाई अध्ययन गर्नुहोस् ।

(१) सर्वप्रथम, पावल **“अवस्थाको”** वारेमा बोल्दछः “यदि” (कलस्सी ३:१) । उनले भनेको कुरालाई नोट गर्नुहोसः *“ यदि तिमीहरु खीष्टसँग जिइउठाइएका छौ भने माथिका कुराहरुको खोजी गर, जहाँ खीष्ट हुनुहुन्छ, र परमेश्वरको दाहिने बाहुलीपट्टि बस्नुभएको छ ।”* यदि हामी स्वर्गबारे गम्भीर छौ भने, येशू खीष्टसँग हामीले सही सम्बन्ध स्थापना गर्नैपर्छ । खीष्टसँग जिइउठेको वारे पावल भन्दछ । खीष्टसँग पहिला कोही नगाडिए सम्म त्यो व्यक्ति खीष्टसँग बौरी उठ्न सक्दैनन्

(कलस्सी २:१२; रोमी ६:३,४) । उहाँको पुत्रसम्म पुग्न परमेश्वरले तोकिदिनु भएको मार्ग बप्तिस्मा हो । कोही ख्रीष्टसम्म पुग्न चाहन्छन् भने उसले उहाँसंगको सही सम्वन्ध कायम गर्नै पर्छ (यूहन्ना १५:४-१० । यो अवस्था कस्तो छ भनी देखाउन वा प्रमाणित गर्न येशूले "ममा रहो" भन्ने शब्दलाई प्रयोग गर्नु भएको तपाईले देख्नुहुन्छ । "ममा रहो" भन्नाले रहनु वा वास गर्नु भन्ने बुझिन्छ ।

(२) दोस्रो, ***" खोज्ने"*** । यो चुनौतीपूर्ण छ (कलस्सी ३:१२) । हामी सबै जनाले खोजी गर्नै पर्छ । कसैले भौतिक सम्पति खोज्दछन् (मत्ती ३:३२) । कोही संसारको वृद्धिको खोजी गर्दछन् (१ कोरिन्थी १:२२) । पावलको पत्रमा हामीले माथिका कुराहरुको खोजी गर्नुको कारण पाउँछौः "तिमीहरु मरेका थियौ ।" तपाईहरु पुरानो पापको जीवनदेखि अलग भएका थियौ (कलस्सी ३:५-११) । कसैको जीवन "परमेश्वरमा ख्रीष्टसँग लुकाइएको छ ।" ख्रीष्टियानहरु नयाँ मानिसहरु हौ- स्वर्गीय मन भएका मानिस, लक्ष्य उन्मुख मानिस हुन् ।

(३) तेस्रो, हामीले **भरोसालाई** कायम गर्नुपर्छ । पावल भन्दछ, *" ख्रीष्ट जो हाम्रो जीवन हुनुहुन्छ, उहाँ प्रकट हुनुहुँदा तिमीहरु पनि उहाँसँगै महिमामा प्रकट हुनेछौ"* (कलस्सी ३:४) । नयाँ नियममा ख्रीष्ट देखा पर्नुहुनेछ वा प्रकट हुनुहुनेछ भनी नयाँ नियमले बारम्वार घोषणा गर्दछ । हामी पनि उहाँसँगै महिमामा प्रकट हुनेछौ (कलस्सी ३:४) । मृतकहरु जीइउठाइनेछन् (१ थेसलोनिकी ४: १३-२७) । हामीलाई महिमित शरीर दिनेछन् (फिलिप्पी ३:२०,२१) । हामी परमेश्वरसित सदाकाल महिमामा हुनेछौ (प्रकाश २१:१-४); परमेश्वर आफ्नो महिमामा हामीसँग सदाकाल हुनुहुनेछ (प्रकाश २१:१-४) । स्वर्गबारे गम्भीर हुन यी पदहरुले हामीहरुलाई आवश्यक भरोसा दिन सहायता गर्छन् ।

स्वर्ग जान हाम्रो मनलाई व्यवस्थित गरौ । यसरी भनिएको छ, "स्वर्ग जानेहरु ले पहिले नै आफ्नो हृदय अगाडी पठाउनै पर्छ । स्वर्गबारे गम्भीर भएकाहरुको निम्ति यो राम्रो भनाई हो । येशूले हामीलाई भन्नुहुन्छ, *" किनकि जहाँ तिम्रो धन हुन्छ, त्यही तिम्रो मन पनि हुन्छ"* (मत्ती ६:२१) । स्वर्ग जानेबारे तपाई कति गम्भीर हुनुहुन्छ? के तपाई त्यो अवस्थाहरुसम्म पुग्नुभयो, चुनौतीहरुलाई स्वीकार गर्नुभयो, र के तपाई विश्वास, भरोसामा खडा हुनुहुन्छ? यदि तपाई स्वर्गबारे गम्भीर हुनुहुन्छ भने तपाईले "हो" भन्न सक्नुपर्छ ।

-०-

# बाइबलको मण्डलीबारे केही जानकारी

नयाँ नियममा "मण्डली" शब्दले परमेश्वरका मानिसहरुलाई जनाउँदछ, जसले येशूको मृत्यु, गडाई र पुनरुत्थानको डुबाईद्धारा सुसमाचारलाई आज्ञा पालन गरेका छन् । ग्रीक शब्द एक्लेसियालाई अंग्रेजी शब्दमा अनुवाद गर्दा "चर्च" हुन्छ, दुईवटा फरक शब्दहरुबाट एकलेसिया आएको छ । एउटा शब्दको अर्थ "बाहिर आउनु" हुन्छ भने अर्को शब्दको अर्थ "बोलाइएकाहरु" भन्ने लाग्छ । एक्लेसिया शब्दलाई मौलिक रुपमा युनानी संस्कृतिमा प्रयोग गर्दथ्यो, जहाँ नागरिकहरुको साधारण भेला वा विशेष भेलाको निम्ति अगुवाहरुले समुदायलाई बोलाएका हुन्थ्यो भन्ने जनाउँदछ । नयाँ नियममा "मण्डली" शब्दलाई प्रारम्भिकरुपमा परमेश्वरका मानिसहरुलाई जनाउन प्रयोग गरियो जसलाई संसारबाट बोलाइयो । छुटकारा पाएका परमेश्वरका विशेष पवित्र जाति जसका नागरिकता स्वर्गमा छ, तिनीहरु नै मण्डली हो (प्रेरित २०:१८; फिलिप्पी ३:२०,२१; तीतस २:१४; १ पत्रुस १:१८,१९; २:९) ।

पृथ्वीमा भएका तिनीहरु जसलाई स्वर्गबाट येशूले राज्य गरिहरनुभएको छ भन्ने कुरालाई स्वीकार गर्दछन् । तिनीहरुद्धारा मिलेर मण्डली बनेको हुन्छन् । मण्डली तिनीहरुद्धारा रचना भएका छन् जसको हृदयलाई अहिले खीष्टले राज गर्नुहुन्छ (लूका १७:२०,२१) । स्वर्गमा परमेश्वरको इच्छा जस्तो छ पृथ्वीका जुनसुकै मानिसहरुका हृदयमा पनि परमेश्वरको इच्छा त्यस्तै छ भने मण्डली अस्तित्वमा हुन्छ (मत्ती ६:१०) । सबै मण्डली खीष्टको अधिनमा छन्, तर येशूका सबै राज्यहरु मण्डली होइनन्, स्वर्गदूतहरु, आत्मिक राज्यहरु र संसारिक शासकहरु सबै येशू राजाको अधिनमा छन्, ता पनि तिनीहरु मण्डलीको हिस्सा होइनन् (एफिसी १:२०-२२; १ पत्रुस ३:२२) ।

## राज्य र मण्डलीको भविष्यवाणी

जव पहिलो पल्ट मानिसहरुले येशूको राज्यको आधिकारिकको घोषणालाई स्वीकार गऱ्यो तव प्रेरितको पुस्तक २ अध्यायमा खीष्टको मण्डली पेन्टिकोसको दिनमा यरुशलेमा स्थापना भयो ।

(क) येशू स्वर्गमा उचालिनुभयो (दानिएल २:४४; ७:१३,१४; प्रेरित १:९-११) ।
(ख) पवित्र आत्मा खन्याउनुभयो (योएल २:२८-३२; प्रेरित २:१-४, १६-२४) ।
(ग) प्रेरित २ अध्यायमा पेन्टिकोसको घटनाहरु इस्राएल देशको आखिरी दिनहरुमा घटेको थियो (योएल २:२८; यशैया २:१-५; प्रेरित २:१६,१७; हिब्रू १:१,२) ।
(घ) सबै देशका मानिसहरु मण्डलीमा थपिए र यरुशलेमबाट सुसमाचार फैलियो (यशैया २:१५; मीका ४:१-३; लूका २४:४७; प्रेरित २:४१,४७) ।
(ङ) नयाँ करार स्थापना भयो (यर्मिया ३१:३१-३४; हिब्रू ८:६-१८) ।

## आज्ञाकारी विश्वासीहरुको बाइबलिय वर्णन

येशूका चेलाहरुलाई नयाँ नियममा यसरी वर्णन गरेका छन्:

## मण्डली

(क) चेलाहरु (प्रेरित ११:२६) ।
(ख) खीष्टियानहरु (एफिसी १:२२,२३) ।
(ग) सन्तहरु (रोमी १:७; एफिसी १:१; फिलिप्पी १:१) ।
(घ) परमेश्वरका सन्तात (गलाती ३:२६; १ यूहन्ना ३:१२) ।
(ङ) दाजुभाई (फिलिप्पी ४:२१; १ पत्रुस २:१७) ।
(च) सदस्यहरु (१ कोरिन्थी १२:२७) ।
(छ) सेवकहरु (रोनी १६:१,२) ।
(ज) पूजाहारीहरु (१ पत्रुस २:५,९; प्रकाश १:६) ।

## आज्ञाकारी विश्वासीहरुको बाइबलिय वर्णन

**परमेश्वरका मानिसहरुको बाइबलिय वर्णन**

नयाँ नियममा परमेश्वरका मानिसहरुलाई मण्डलीको रुपमा उल्लेख गर्दछन् :
(क) परमेश्वरको मण्डली (१ कोरिन्थी १:२) ।
(ख) खीष्टको शरीर (एफिसी १:२२,२४३) ।
(ग) खीष्टको मण्डली (रोमी १६:१६) ।
(घ) परमेश्वरको घराना (१ तिमोथी ३:१५) ।
(ङ) खीष्टको दुलही (प्रकाश २१:९) ।
(च) परमप्रभुको मण्डली (प्रेरित २०:२८) ।
(छ) परमेश्वरको बगाल (१ पत्रुस ५:२,३) ।
(ज) परमेश्वरको मन्दिर (२ कोरिन्थी ६:१६) ।

## परमेश्वरसँग खीष्टियानहरुको करार

जसले येशूको प्रभुत्वलाई स्वीकार गर्नुभएको छ, उहाँहरु परमेश्वरसँगको उद्धारको करार सम्बन्धमा आउनुहुन्छ (हिब्रू १०:१५-१८)

(क) तिनीहरु परमेश्वरको संगतिमा हुन्छन् (१ कोरिन्थी १:९; यूहन्ना १५:४; १ यूहन्ना १:३) ।
(ख) येशूको रगतले तिनीहरु किनिएका र शुद्ध पारिएका छन् (प्रेरित २०:२८; एफिसी १:७,१४; तीतस २:१४; हिब्रू १:३; ९:१४; १ यूहन्ना १:७) ।
(ग) तिनीहरु परमेश्वरका पवित्र पूजाहारीगिरी हुन् (१ पत्रुस २:५; प्रकाश १:६; ५:१०; २०:६) ।
(घ) तिनीहरु पवित्र जाति हुन् (१ पत्रुस २:९) ।
(ङ) तिनीहरुको स्वर्गीय नागरिकता छन् (एफिसी २:६,१९; फिलिप्पी ३:२०,२१) ।
(च) तिनीहरु परमेश्वरसंग मिलाप भएका छन् (२ कोरिन्थी ५:१८-२१; कलस्सी १:२०-२२) ।
(छ) तिनीहरु परमेश्वरको पुत्रमा निमार्ण भएका छन् (मत्ती १६:१५-१९; १ कोरिन्थी ३:१०,११) ।

## परमेश्वरका मानिसहरुको संगठन

येशूमात्र मण्डलीको शिर हुनुहुन्छ (एफिसी ४:४-६) । उहाँले स्वर्गबाट आफ्ना वचनको अधिकारद्धारा शासन गर्नुहुन्छ (यूहन्ना १२:४८) ।

**(क) येशू शिर, राजा र पूजाहारी हुनुहुन्छ।**

हाम्रो शिर हुनुभएकोले येशूले आफ्नो वचनद्धारा हाम्रो जीवनलाई मार्ग निर्देशन गर्नुहुन्छ (मत्ती ११:२८,२९; यूहन्ना १२:४८; प्रकाश ३:२०) । हाम्रो राजा हुनुभएकोले हामीले हाम्रो हृदयमा येशूको प्रभुत्वलाई स्वेच्छाले स्वीकार गर्छौ (लूका १७:२०,२१) । हाम्रो पूजाहारी हुनुभएकोले हाम्रा पापको समस्यालाई येशूले वास्ता गर्नुहुन्छ भनी हामी भरोसा गर्छौ (१ यूहन्ना १:७) ।

(१) **शिर:** पृथ्वीमा भएको उहाँको शरीर, मण्डलीलाई स्वर्गबाट येशूले मात्र शिर को रुपमा नियन्त्रण गर्नुहुन्छ (एफिसी ५:२३; कलस्सी १:१८) ।

(२) **राजा:** येशू सबै कुराहरुको राजा हुनुहुन्छ (यूहन्ना १८:३६,३७; १ तिमोथी ६:१५; प्रकाश ३:२१) । उहाँले सबै माथि राज गर्नुहुन्छ (मत्ती २८:१८; १ पत्रुस ३:२२) । आत्मिकी र भौतिक दुवै राज्यलाई पिताले उहाँको राज्यको अधिनमा राख्नुभएको छ (यशैया ९:६,७; एफिसी १:२०-२२; फिलिप्पी २:९,१०) ।

(३) **पूजाहारी:** येशू हाम्रो पिताको दाहिने बाहुलीमा बिराजमान हुनहुन्छ (हिब्रू ४:१४-१६; ८:१-६) । सबै खीष्टियानहरुको निम्ति उहाँले मध्यस्थकर्त्ता गर्नुहुन्छ (हिबू ७:२५; ९:२४; १ यूहन्ना २:१) ।

**(ख) गोठालाहरुले तिनीहरुका ईश्वरभक्त उदाहरणहरुद्धारा सेवा गर्नुहुन्छ।**

(१) परमेश्वरको वगाललाई आत्मिकी सेवा, अगुवाई र सल्लाह दिनको निम्ति मण्डलीमा एकभन्दा बढी योग्य सेवक एल्डरहरु तोकिएका हुन्छन् (१ तिमोथी ३:१-७; तीतस १:५-९; प्रेरित १४:२३; २०:१७; फिलिप्पी १:१; तीतस १:५) ।

(२) मण्डलीमा एल्डरहरुलाई नयाँ नियममा "प्रेसबिटर" (उमेरमा जो वृद्ध भएकाहरु- प्रेरित ११:३०; १४:२३; १५:२,४,६,२२; १ तिमोथी ५:१७), "जिम्मावाला" (कुनै अनुवादमा "बिशपहरु"- प्रेरित २०:२८; १ तिमोथी ३:१) र "पास्टरहरु" वा "गोठालाहरु" (जसले वगालको आवश्यकतालाई पुरा वा वास्ता गर्छन (एफिसी ४:११; १ पत्रुस ५:२) भनी उल्लेख गरेका छन्।

(३) परमेश्वरको मण्डलीलाई आत्मिकी अगुवाई गर्ने (१ तिमोथी ५:१७); वास्ता गर्ने (१ पत्रुस ५:१-३; याकूव ५:१४,१५); रक्षा गर्ने (प्रेरित २०:२८-३२; तीतस १:९) र सल्लाह दिने (१ थेसलोनिकी ५:१२,१३) काम एल्डरहरुले गर्छन्।

**(ग) डिकनहरु वा सेवकहरुले विशेष आवश्यकताहरुको सेवा गर्दछन्।**

(१) मण्डलीको सेवा गर्न डिकनहरु तोकिएका हुन्छन् (प्रेरित ६:१-६; फिलिप्पी १:१) ।

(२) तिनीहरु मण्डलीको विशेष सेवकहरुको रुपमा नियुक्त हुनुभन्दा पहिला डिकनहरुको व्यवहार र कामको योग्यताहरु दिएका छन् (१ तिमोथी ३:८-१०,१२,१३) ।

**(घ) हराएका मानिसहरुलाई परमेश्वरको वचन प्रवचन गर्ने काम प्रचारकहरुले गर्दछन्।**

यो प्रचारकहरको काम हो...

(१) हराएका मानिसहरुलाई सुसन्देश (सुसमाचार) घोषणा गर्छन (मत्ती २८:१९,२० ; मर्कूस १६:१५; रोमी १:१५; १०:१४,१५; १ कोरिन्थी ९:१६; १ पत्रुस १:२५) ।

(२) सत्यता घोषणा गर्छन (१ तिमोथी १:३-१०; ४:१-३; ६:१०-१६; २ तिमोथी २:२; तीतस ३:८) ।
(३) धैयताकासाथ मण्डलीमा हप्काउने, गाली गर्ने र हौसला दिने काम गर्दछन् (२ तिमोथी ४:१,२) ।

## येशूका चेलाहरुको सेवाकाई

जसरी शरीर परमेश्वरको पवित्र आत्माले भरिएको हुन्छ (१ कोरिन्थी ६:१९), मानिसहरुलाई सुसमाचारको आज्ञापालनद्धारा अनन्तसम्म लिएर जानको निम्ति परमेश्वरको कार्य पुरा गर्न यो संसारको जीवन्त समुदाय मण्डली हो ।

**(क) सुसमाचार प्रचारः** येशूका चेलाहरुले संसारलाई सुसमाचार प्रचार गर्छन र सिकाउँछन् (मत्ती २८:१९,२०; मर्कूस १६:१५,१६; लूका २४:४६,४७; प्रेरित ५ :४२; ६:७; ८:४; कलस्सी १:२३) ।

**(ख) उपकारको कामः** येशूका चेलाहरुले खाँचोमा परेकाहरुलाई हेरचाह गर्छन र सबै मानिसहरुलाई भलाइको काम गर्छन (मत्ती ६:१-४; ७:११,१२; २५: ३१-४६; लूका ४:१८; ६:३०,३१; १०:२५-३७; १४:१२-१४; प्रेरित २:४४,४५; ४:३२-३७; गलाती २:१०; ६:१०; १ तिमोथी ५:१७,१८; याकूव १:२७; २:१४-२६; १ यूहन्ना ३:१७,१८) ।

**(ग) आत्मिकी बृद्धिः** तिनीहरु सबै भलाइको काममा सुसज्जित सेवक हुनको निम्ति येशूका चेलाहरु आफैले आफैलाई आत्मिक बृद्धिको निमार्ण गर्नुपछ (प्रेरित १४:२२,२३; एफिसी ४:११-१६; ५:१९; ६:१०-१८; हिब्रू १०:२४-२५) ।

## येशूका चेलाहरुको आराधना

ख्रीष्टियाहरुको निम्ति प्रत्येक दिन सेवा र आराधनाको दिन भएता पनि (रोमी १२:१,२) येशूको सम्झनामा परमेश्वरका मानिसहरु प्रभुभोजमा सहभागी भई एकसाथ भेला भएर आराधना गर्ने विशेष दिन आइतबार हो (मत्ती २६:२६-२९; प्रेरित २०:७; १ कोरिन्थी ११:२३-२९) । प्रत्येक दिन चेलाहरु परमेश्वरको प्रशंसा गर्छन् र एकले अर्कालाई उत्साह दिन्छन् (एफिसी ५:१९; कलस्सी ३:१६), परमेश्वरको वचन प्रचार गर्छन र सिकाउँछन (२ तिमोथी ४:२), प्रार्थन गर्छन, (१ थेसलोनिकी ५:१७), भलाईका कामहरुबारे छलफल र कार्यान्वयन गर्छन (प्रेरित २०:७; हिब्रू १०:२४,२५) र सुसमाचार प्रचार गर्न प्रचारहरु पठाउनको निम्ति जसलाई खाँचोमा परेका छन् तिनीहरुलाई सहायता गर्छन (रोमी १०:१४, १५; १ कोरिन्थी १६:१-३) ।

उहाँको आफ्नो शरीर, ख्रीष्टको मण्डलीलाई वचाउनको निम्ति येशू फेरी आउँदै हुनुहुन्छ । जव येशू आउनुहुन्छ, तव जुन शरीरको निम्ति येशू मर्नुभयो उद्धारको लागि त्यस शरीरको हिस्सा हुनै पर्छ (प्रेरित २०:२८) । यसकारण येशू फेरी आउनुहुँदा वचाइनको निम्ति ख्रीष्टको शरीरमा बप्तिस्मा भएको हुनै पर्छ (रोमी ६:३-६; १ कोरिन्थी १२:१३; गलाती ३:२६,२७) ।

-o-

# मण्डली नबढ्नुको कारणहरु

के तपाई मण्डली बृद्धि भएको हेर्न चाहनुहुन्छ? जुन स्थानिय मण्डलीमा तपाई आराधना गर्नुहुन्छ के त्यो झुण्ड वृद्धि भएको तपाई चाहनुहुन्छ? यस्ता धेरै कुराहरु छन्, जसले स्थानिय झुण्ड बृद्धि हुनमा रोकिरहेका छन् । जस्तैः

(१) निकै साधारण तर अत्याधिक महत्वपूर्ण । यदि तपाईले मण्डली बृद्धि भएका चाहनुहुन्न भने मानिसहरुलाई बाइबल अध्ययन र आराधना सेवामा निमन्त्रणा नगर्नुहोस् ।

(२) प्रचारकहरुलाई निकै लामो समयसम्म प्रचार काममा नराख्नुहोस् । प्रचारकको काम शुरु गरेको चार, पाँच वर्ष पछि मात्रा प्रचारका फलहरु देखिन थाल्छन् । यदि तपाई मण्डली बृद्धि भएको हेर्न चाहनुहुन्न भने हरेक दुई तीन वर्षको अन्तरालमा लगातार प्रचारकहरुलाई परिवर्तन गर्न दबाब दिनुहोस् ।

(३) स्थानिय मण्डलीको काममा उत्साहित नहुनुहोस् । यसो गर्दा मण्डली बढ्दैनन् । निश्क्रिय मण्डलीले विरलै नयाँ विश्वासीहरुलाई तान्दछन् ।

(४) यदि तपाई मण्डली बढेको हेर्न चाहनुहुन्न भने मण्डलीले जहिले पनि कसैलाई सहायता दिनुपर्छ भन्ने कुरामा निर्भर गराउनुहोस् । परमेश्वर आशा गर्नुहुन्छ कि मण्डली सबैले उहाँलाई दिएको होस् । कसैले पनि मण्डलीलाई नदिनुहोस् र मण्डली जहिले पनि त्यस्तै हुनेछन् र तल झर्दै जान्छ ।

(५) वृद्धिको निम्ति कहिल्यै योजना नगर्नुहोस् । यदि तपाई मण्डली वृद्धि भएको चाहनुहुन्न भने मण्डलीमा भएका वर्तमान सदस्य संख्याहरु र वर्तमान कार्यक्रमहरुको वारेमा मात्र योजना गर्नुहोस् ।

(६) यदि तपाई मण्डली बढेको चाहनुहुन्न भने दुःख, कष्ट, परीक्षा र बलिदानको समयमा दाजुभाइहरुलाई सामना गर्न चुनौती नदिनुहोस् । यस्तो कष्टको समयमा पछि हट्न सल्लाह दिनुहोस् ।

तपाई देख्नुहुन्छ कि यी सबै कुराहरुले मण्डली वृद्धि हुनमा बाधा दिन्छन् । मण्डलीले कुनै पनि काम गर्दैनन् भने मण्डली कहिल्यै पनि बढ्दैनन् । स्थानिय मण्डली वृद्धि हुनमा नष्ट गर्ने सफलदायी तरीकाहरु विना शंका यी नै हुन् ।

के तपाई आफ्नो स्थानिय मण्डली वृद्धि भएको हेर्न चाहनुहुन्छ? तपाई वृद्धि भएको हेर्न चाहनुहुन्छ भन्ने कुरामा मलाई पूर्ण विश्वास र आशा छ । तपाईको स्थानिय मण्डली निरन्तररुपमा आत्मिकी र संख्यात्मक दुवैमा वृद्धि भएको हेर्न चाहनुहुन्छ भने आवश्यक भएको वेलामा के तपाई मण्डलीको काममा बलिदान गर्नुहुन्छ वा तपाई सहभागी हुनुहुन्छ? के तपाई मण्डली वृद्धि भएको चाहनुहुन्छ?

-o-



# बप्तिस्मालाई सुनिश्चित बनाउने

सबै जिम्मेवारी मानिसहरुको लागि एउटै बप्तिस्मा आज्ञा गरेको छ (एफिसी ४:५) । यो नयाँ नियमको सत्य र सही बप्तिस्मा युगको अन्त्यसम्म रहनेछ (मत्ती २८:१८-२०) । कसैको बोलावट र चुनावलाई पक्का गर्ने कुरा पत्रुस लेख्दछ र हाम्रो बप्तिस्मा पनि पक्का हो भन्न चाहन्छौ । यो विषय महत्वपूर्ण छ । बप्तिस्माले कसैलाई ख्रीष्टमा राख्दछ (गलाती ३:२७), ख्रीष्टको रगतको सम्पर्कमा राख्दछ (रोमी ६:३), पापहरु धोइन्छ (प्रेरित २२: १६) र कसैको विश्वास प्रभुमा सुम्पिन्छ (प्रेरित १६:१५) ।

बप्तिस्मा आज्ञाकारी विश्वासको एउटा हिस्सा हो । परमेश्वरमा "विश्वास गरेर" जेलरले बप्तिस्मा लियो (प्रेरित १६:३२-३४) । प्रेरित १९:२,३ मा पावलले १२ जनालाई ख्रीष्टमा रुपान्तरण गराउँदछ । बप्तिस्मासँगै तिनीहरुले जे गरेका थिए त्यसको निर्श्कषमा "विश्वास" शब्द प्रयोग हुन्छ । प्रेरितको पुस्तकमा उल्लेख भएका परिवर्तनका प्रत्येक उदाहरणहरु बप्तिस्मामा अन्त्य भएका छन् । नयाँ नियमको परिवर्तनमा बप्तिस्माबाट अलग भएको एउटै उदाहरण पनि देखाउन सक्दैनौ ।

बाइबललको बप्तिस्मा पानीमा डुब्नु हो (रोमी ६:३,४; कलस्सी २:१३; प्रेरित ८:३५-३९) । यो सुनाईद्धारा (प्रेरित १८:८); विश्वास गराईद्धारा (प्रेरित ८:३७; मर्कूस १६:१६); पश्चात्तापद्धारा (प्रेरित २:३८), ख्रीष्टमा भएको हाम्रो विश्वास स्वीकारद्धारा यो अगाडी बढ्छ (प्रेरित ८:३७) । मृत्युसम्मै विश्वासयोग्य भएर यसलाई पछ्याउनै पर्छ (प्रेरित २:४२; प्रकाश २:१०) । बाइबलको बप्तिस्मा पाप क्षमाको निम्ति पनि हो (प्रेरित २:३८; २२:१६; १ पत्रुस ३:२१) । यो प्रभुको नाम र प्रभुको अधिकारमा हुन्छ (प्रेरित २:३८; मत्ती २८:१८-२०; प्रेरित १९:४,५) ।

प्रेरित १९:१-७ मा बाह्र चेलाहरुको उदाहराण दिएको छ, जसले तिनीहरुको बप्तिस्मा सुनिश्चित गरेका थिएनन् । यूहन्नाको बप्तिस्मा अवैध र प्रचलनबाट हटिसके पछि तिनीहरुले यूहन्नाको बप्तिस्मा लिएका थिए । विश्वास र पश्चातापबाट अगाडी बढेर पाप क्षमाको निम्ति प्रभुमा भएको विश्वास यो बप्तिसमासँगै सम्बन्धित हुनुपर्छ (प्रेरित १९:४) । तिनीहरुको बप्तिस्माको समयमा ख्रीष्ट संसारमा आउनु भएको, मर्नु भएको, गाडिनु भएको, र तेस्रो दिनमा बौरी उठनुभएको कुरा सम्लग्न हुन्छन् । तिनीहरुको परिवर्तनमा केही कुराहरु सही

थिएनन् भन्ने कुरा पावललाई तत्कालै थाहा भयो । तिनीहरुले बप्तिस्मा लिएका थिए तर त्यो बप्तिस्मामा कुनै प्रतिज्ञाहरु दिइएका थिएनन् । यो सुनिसकेपछि (प्रेरित १९:५), तिनीहरुले आफ्नो बप्तिस्मा सुनिश्चित गरे । तिनीहरुले यो सही तरीकाले गरेको थियो । तिनीहरुले आंशिकरुपमा आज्ञा पालन गरेका थिए, तर त्यस्तो कुराहरु पर्याप्त थिएनन् । यी बाह्र मानिसहरुले भिन्नता देखे र आज्ञाकारी हुन तयार भए ।

आज धेरै सम्प्रदाय मण्डलीहरुमा बप्तिस्मा छर्केर पनि लिने गरेको पाइन्छ । कोही-कोहीले शिशुहरुलाई पनि बप्तिस्मा दिएका हुन्छन् । कसैकसैले बाइबल अनुसारको स्वीकार गरेका हुँदैनन् । प्रायजसो सबैले पाप क्षमाको निम्ति बप्तिस्मा लिएका हुँदैनन् । परमेश्वरले खीष्टको खातिर तिनीहरुको पाप पहिले नै क्षमा भइसक्यो भनी तिनीहरुले स्वीकार गरेका छन् । धेरैले हप्ता, दुई हप्ता, एक महिना वा दुई महिना पर्खेका हुन्छन् । यसले स्पष्ट प्रकट गर्छन कि तिनीहरुको बप्तिस्मा पाप क्षमाको निम्ति थिएनन् । बप्तिस्मालाई अनिश्चित बनाउन केवल सानो कुरा भए पुग्छन् । अरु कोही मानिसलाई प्रशन्न तुल्याउन धेरैले बप्तिस्मा लिएका थिए । अरु कसैले बप्तिस्मा लिएको कारणले गर्दा कोही बप्तिस्मा लिन चाहन्छन् । परमेश्वरको आज्ञालाई पालन गरेको भनेर थोरैले मात्र भन्दछन् । यसरी यी बाह्र जनाले गरे । हामी सही कुराहरुमा विश्वास गर्ने पर्छ । पाप क्षमा पाउनको निम्ति बप्तिस्मा लिएको हो भन्ने कुरा बुझ्नु पर्छ । बप्तिस्माद्धारा हाम्रा प्रभुको अमूल्य राज्य (मण्डली) मा स्थानान्तर हुन्छौं ।

यी बाह्र मानिसहरुले प्रेरित १९ अध्यायमा जे गरेका थिए, बप्तिस्माबारे प्रश्न भएकाहरु सबैले पनि त्यही गर्नु पर्छ । के तपाइले सही तरीकाले गर्नु आवश्यक छ? कसैले इन्कार गर्छन, किनभने यसले अरुलाई गलत देखाउने बनाउँछन् वा विगतमा गरेका कुराहरु गलत साबित बन्न सक्छन् । जव कसैले उत्तम कुराहरु सिक्नुहुन्छ भने त्यसमा कुनै दोष छैनन् । हुन सक्ने अवस्थासम्म यी बाह्र मानिसहरु सुनिश्चित हुन इच्छुक भएका थिए । के तपाई इच्छुक हुनुहुन्छ? के तपाईको बप्तिस्माबारे शंका छ? त्यसो भए सही गर्नुहोस् ।

-०-

शिक्षाद्धारा जिउने

# के धनसम्पति स्वभावैले खराव हो?



नखोलिकन दराजमा छोडिराखेको मादक पेय पदार्थको बोतलले कसैलाई पियक्कड बनाउँदैनन् । जव बोतल खोलेर त्यसमा भएको पदार्थलाई सेवन गर्छन्, अनि मात्र मतवालापन शुरुवाट हुन्छ । त्यसरी नै पैसा आफैले होइन् तर यसलाई प्रयोग गरेपछिको परिणामले दुष्टता ल्याउँछ । भौतिक सम्पतिले धेरै असल कुराहरु गर्न सक्छन् । यसबाट मण्डली भवनहरु स्थापना हुन सक्छन्, शैक्षिक संस्थाहरुमा सर्मपित भएका ख्रीष्टियान आर्दश भवनहरु निर्माण हुन्छन्, स्थायी अनाथालायहरु बनाउन सक्छ, भोकाएकाहरुलाई खुवाउन सक्छन्, परिवारहरुमा तिनीहरुका दैनिक आवश्यकताहरु उपलब्ध गराउन सक्छन् । भौतिक सम्पतिहरु भएको कुरा दुष्टता हो भनी बाइबलमा कहिँ पनि दोष लगाएको छैनन् ।

परमेश्वरका जनहरुले रुपैया पैसालाई निकै उच्च स्तरमा थामिराख्ने कुराको विरुद्धमा बाइबलले कडा चेतावनी दिन्छ । उसले के गर्नुपर्छ भनी जव येशू ख्रीष्टसँग सोधपुछ गर्न थाले, आफ्ना सम्पति बेचेर गरीवहरुलाई पैसा देऊ भनी येशूले उनलाई भन्नुभयो (लूका १८:१८ पछि) । प्रभुको वचन सुनिसके पछि शासक निरासा भएर फर्केर गयो । किनभने उसँग प्रशस्त सम्पति थियो ।

शासकको बारेमा येशूलाई उसको सम्पतिप्रति कस्तो स्वभाव थियो भन्ने बारेमा कुनै शंका थिएन् । धनी मानिसहरुले आ˜नो अनिश्चित धनमा भरोसा नगर भनी चेतावनी दिनको लागि प्रेरित पावलले तिमोथीलाई अर्ती दिदै यसो भनेको थियो कि रुपैया पैसाको मोह नै सबै खरावीको जरा हो, र तिनीहरुको धनको लालचले गर्दा कोही विश्वासबाट भत्केर गएको थियो र धेरै दु:खहरुले आफैलाई घोचेका छन् ।

संसारमा धनसम्पति जम्मा गर्नेको विरुद्धमा येशूले आ˜नो चेतावनीमा भन्नुभयो, "जहाँ तिम्रो धन हुन्छ, त्यही तिम्रो मन पनि हुन्छ" (मत्ती ६:२१) । उहाँले अगाडी गएर सिकाउनुभयो कि कसैले परमेश्वर र धन दुवैको सेव गर्न सक्दैनौ । यहाँ "सेवा" शब्दले दासत्वलाई जनाउँदछ । उसँग पैसा भएकोले कारणले गर्दा ऊ पैसाको दासत्व हुनु पर्दैनन् । जे होस्, भौतिक सम्पतिले गर्दा उसको प्रमुख भुमिका हुन्छन भन्ने कुराको विरुद्धमा कोही सुरक्षित हुनुपर्छ । चाहे गरीव होस या धनी होस् सबै ख्रीष्टियानहरुको हातमा पैसा उपकरण जस्तै हो । जव यसलाई उचित प्रयोग गरिन्छ तव यसैबाट धेरै आशिषहरु आउँछन् । लालचले गर्दा आफ्नै निम्ति थुपाछौ भने, तव यो सराप हुन सक्छ ।

-०-

# के स्वर्ग जाने धेरै मार्गहरु छन्?



आजको धार्मिक संसारमा खीष्टलाई विश्वास गर्ने र विश्वास नगर्ने मानिसहरु सबैले सोच्ने गर्दछन् कि स्वर्ग जाने धेरै मार्गहरु छन् । यद्यपि फरक मार्गहरु अपनाएता पनि सबैको गनतव्य स्थान एउटै हो भनी तिनीहरु भन्ने गर्छन् । यो सुन्नमा राम्रै लाग्छ, तर बाइबलले सिकाउने कुरा यो होइन् । येशूले भन्नुभयो, *"बाटो, सत्य र जीवन म नै हुँ । मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन्"* (यूहन्ना १४:६) । यहाँ येशू भन्दै हुनुहुन्छ कि स्वर्ग जाने बाटो एउटै छ र त्यो बाटो उहाँ हुनुहुन्छ ।

स्वर्ग जानको निम्ति धेरै बाटोहरु छन् भनी कसले भन्न सक्छ? येशूले त्यो भन्नुभएनन् न ता यो विषयमा बाइबलले के सिकाउँदछ भनी तिनीहरुलाई नै थाहा छन् । स्वर्ग जानको निम्ति धेरै मार्गहरु छन् भनी जसले भन्दछ तिनीहरुले स्वर्गबारे सबै प्रकारका गैर धर्मशास्त्रीय कुराहरुलाई विश्वास गर्छन र त्यो कसरी पाउने भन्ने सोच्दछ ।

अर्को समयमा येशूले भन्नुभयो, *"साँच्चै म तिमीहरुलाई भन्दछु, जो भेडा-गोठको ढोकाबाट भित्र पस्दैन् तर अर्कोपट्टि बाट चढेर पस्छ, त्यो चाहि चोर र डाँकु हो"* (यूहन्ना १०:१) ।  यो मैले भनेको होइन, तर यो खीष्ट स्वयम आफैले भन्नु भएको हो । उहाँ स्वर्गको बाटो हुनुहुन्छ, र यसकारण खीष्ट भन्नुहुन्छ कि जव कोही अर्को बाटो भएर जाने कोशिस गर्छन त्यो चोर र डाँकु हो किनभने जुन बाटो भएर उ यात्रा गर्छन त्यो आधिकृत गरेको छैनन् ।

यो संसारमा यो कुरा सत्य हो कि कुनै विशेष ठाँउमा जानको निम्ति धेरै मार्गहरु भएर यात्रा गर्न सकिन्छ; र धेरै मानिसहरुले आत्मिक विषयहरुमा पनि त्यस्तै विचारहरु प्रयोग गर्छन् । सबै फरक धर्महरुले अन्तमा स्वर्गतर्फ डो ऱ्याउँछन् भनी तिनीहरुले चित्रण गर्छन तर फेरी पनि, येशूले घोषणा गर्नुभयो कि उहाँ नै केवल अनन्त घरको निम्ति एउटै मार्ग हुनुहुन्छ ।

यो संसारमा आज कुनै पनि "ईश्वर", कुनै पनि धर्म स्वीकार योग्यको रुपमा गनिन्छ । जबसम्म मानिसहरु "असल" छन् र तिनीहरुको "ईश्वरलाई" पछ्याउने कोशिश गर्छन् । तिनीहरुको क्षमता र ज्ञानमा तिनीहरुको धर्म सर्वश्रेष्ठ छन् र तिनीहरुलाई आफ्नो ईश्वरले स्वीकार गर्नु हुन्छ भनी सोच्छन् । हिन्दु धर्मको शिव र विष्णु पनि ठिकै छन् । इस्लामको मोहम्मद भविष्यवक्ता पनि अर्को बाटो हो । धेरै मानिसहरुले बौद्धमार्गको "भलाइका" खम्वाहरुलाई पछ्याउँछन् । पोपचाहिँ ईश्वरका अनुयायहरुलाई नेतृत्व गर्न पृथ्वीमा पठाइएको सोच्छन् । समुदायमा भएका मण्डलीहरु र सम्प्रदायहरुका प्रचारकहरुले राम्रो भाव भएका शिक्षाहरु प्रचार गर्छन् ताकि सुन्ने विश्वासीहरुलाई विश्वस्त गराउँछन् कि परमेश्वरको अन्त नहुने अनुग्रहले प्रत्येक सबैलाई बचाउनेछ ।

## शिक्षाद्धारा जिउने

यी सबै मार्गहरु र प्रतिज्ञाहरुको समस्या यो छ कि तपाईले तिनीहरुबारे परमेश्वरको वचनमा कहिँ पनि पढ्न पाउनुहुन्न । संसारलाई धोका दिनको निम्ति शैतानद्धारा सृजिएका यी छलका कुराहरु मात्र हुन् ।

धेरै मार्गहरुले एउटा विशेष शहरमा पुऱ्याउँछन् भन्नेबारे सोच्नुहोस् । मानिलिनु होस् तपाईले औपचारिक रुपमा अधिकृत गरेका यी मार्गहरु मध्ये एउटा मार्ग अपनाउनुहोस् । यो विषयमा, यदि तपाईले आ^नो मालिकलाई खुशी पार्न चाहनुहुन्छ भने तपाईले नियमहरुलाई पछ्याउनु पर्छ । यदि तपाईले अर्को बाटो लिनुभयो भने तपाई मालिकको इच्छा विरुद्धमा गइराख्नु भएको हुन्छ । त्यो मार्गको अन्त्यमा तपाईले आ^नो इनाम पनि गुमाउनु हुनेछ । आत्मिकी बाटोमा पनि यस्तै हुन्छन् । खीष्टले एउटै मार्गलाई अधिकृत गर्नुभएको छ । उहाँ आफै नै मार्ग हुनुहुन्छ । किनभने मानिसलाई उद्धार मुक्तिको निम्ति पक्का गर्न उहाँ यो संसारमा आउनु भएर मानिसजस्तै जिउनु भयो, कूसमा मर्नुभयो, गाडिनु भयो र त्यसपछि तेस्रो दिनमा बौरी उठनुभयो । यदि उहाँले यस्तो प्रकारको मूल्य चुकाउनु भयो भने उहाँसँग यसलाई स्पष्ट बनाउने सबै अधिकार छन् । यदि उहाँले हामीलाई उद्धार गराएर स्वर्ग लिएर जान चाहनुहुन्छ भने उहाँले हामीबाट धेरै कुरा आशा राख्नुहुन्छ ।

हाम्रो आत्मिक जीवनको सन्दर्भमा अर्को कुनै मार्गहरु छैनन् । येशू खीष्टमात्र केवल एउटै मुक्तिदाता हुनुहुन्छ । उहाँले एउटै मण्डली स्थापना गर्नुभयो जहाँ सबै आज्ञाकारीहरुलाई उहाँले मण्डलीमा थप्नुहुन्छ । उहाँले आ^नो एउटै नाम अंगाल्ने अधिकार दिनुहुन्छ । एफिसी ४:४-६ ले सिकाउँदछ कि एउटै परमेश्वर, एउटै प्रभु, एउटै आत्मा, एउटै विश्वास, एउटै शरीर (मण्डली), एउटै आशा र एउटै बप्तिस्मा । आराधनाको एउटै मार्ग छ - आत्मा र सत्यता अनुसार हो (यूहन्ना ४:२४), मृत्युसम्मै विश्वास योग्य भएर जिउने एउटै मार्ग छ (प्रकाश २:१०) । एउटै इन्साफ हुनेछ, यो जीवनमा गरेका सबै कुराहरुको लेखा सबै मानिसले दिनेछ (हिब्रू ९:२७) । न्याय पछि सबै अनन्तताको लागि एउटै स्वर्ग वा एउटै नरक हुनेछ (मत्ती २५:४६) । यदि एउटा आत्मा बचाउनको निम्ति संरचना गरेको मार्ग यहि हो भने, सबै आत्माहरु बचाइनको निम्ति पनि यो पर्याप्त छ- सबै जसले उहाँका मार्ग निर्देशनहरुलाई पछ्याउँछन् र प्रभुलाई समर्पित गर्छन् ।

सत्यताबाट पर गएर हेर्दा स्वर्ग जानको निम्ति एउटा मार्गभन्दा धेरै मार्गहरु छन् भनी सिकाउने साहस किन कसैले गर्छन्? यसको के कारण हुन सक्छ? निश्चय नै मानिसको निम्ति सबैभन्दा उत्कृष्ट कुरा के हो भनी प्रभु जान्नुहुन्छ र उद्धार पाउनको निम्ति उहाँले हामीलाई "एउटै मार्ग" तयार गर्नु भएको छ, जुन मार्गले स्वगतर्फ डोऱ्याउँछ । धेरै मानिसहरु फराकिलो मार्गमा छन् जसले विनाशतर्फ डोऱ्याउँछ । यसबारे खीष्टले चेतावनी दिनुभयो कि थोरै मानिसहरु साँघुरो बाटोमा छन् जसले जीवनतर्फ डोऱ्याउँछ (मत्ती ७:१३,१४) ।

तपाई कुन बाटो भएर जाँदै हुनुहुन्छ? हामी तपाईलाई आग्रह गर्छौ कि तपाईको मार्ग खीष्ट हुनुभएको होस् । एउटै मार्ग जसले पापको श्रापको संसार बाट डोऱ्याएर परमेश्वरसित अनन्त स्वर्गको घरमा राख्नुहुन्छ ।

# महत्वपूर्ण पदहरुको छिटो टिप्पणी

## यर्मिया २९:१०-१३

**१० परमप्रभु यसो भन्नुहुन्छ, बेबिलानको निम्ति सत्तरी वर्ष पुरा भएपछि म तिमीहरु कहाँ आउनेछु र तिनीहरुलाई यस ठाउँमा फर्काएर ल्याउनेछु भनी मेरो कृपालु प्रतिज्ञा म पुरा गर्नेछु ।**

**११ किनभने जुन योजनाहरु मैले तिमीहरुका निम्त बनाएको छु, ती म जान्दछु, परमप्रभु भन्नुहुन्छ । ती तिमीहरुका उन्नतिको निम्ति हुन, नोक्सानीको निम्ति होइनन्, तिमीहरु लाई आशा र भविष्य दिनलाई । १२ तब तिमीहरु म कहाँ आउनेछौ, र मलाईप्रार्थना गर्नेछौ, र तिमीहरुको प्रार्थना ध्यानसित सुन्नेछौ । १३ जब तिमीहरुले आफ्ना सारा, हृदयले मलाई खोज्नेछौ; तव तिमीहरुले मलाई खाजेर पाउनेछौ ।**

जसरी अमेरिका देश आफ्ना पूर्खाहरुको उच्च बाइबलिय आदर्शबाट खसेका छन् । के इस्रायलीहरुलाई दिएको चेतावनीहरु हामीलाई हो? के यी प्रतिज्ञाहरु हाम्रो निम्ति पनि हो? यदि हामी परमेश्वरमा फर्केर उहाँलाई सम्पूर्ण हाम्रो हृदयले खोज्छौ भने यो हाम्रो निम्ति पनि हुनेछ । के उहाँमा हामीप्रति शान्तिको विचार, नोक्सानीको निम्ति होइन्, आशा र भविष्य दिने विचारहरु छन् ।


मूर्तिपूजा गरेर र परमेश्वरमा अविश्वासयोग्य भएर इस्रायलीहरुले पाप गरे, यहूदाले पनि त्यही कुरा पछ्यायो । परमेश्वरले अगमवक्ताहरु द्धारा चेतावनी दिनुभयो कि तिनीहरुको सजाएँ हुनेछ- यस्तो अवस्थामा सही हुन, नष्ट नहुनको निम्ति ।

यर्मियालाई चेतावनीको वचन र सान्त्वना दिएको थियो । सच्चाउनको निम्ति बेबिलोनमा सत्तरी वर्षको समय हुनेछ । त्यसको आखिरी परिणाममा पहिलो प्रमाण पाए अनुसार यहूदाले पूर्णरुपमा मूर्तिहरुलाई पर राखे ।

जब यहूदाले आफ्नो सम्पूर्ण हृदयले उहाँलाई खोज्यो, परमेश्वरले धैय भएर उनीहरुको कुरा सुन्नुभयो र तिनीहरुकहाँ फर्कनुभयो, यसरी परमेश्वरले आफ्नो प्रतिज्ञा अनुसार जवाफ दिनुभयो । यसको के कारण छ? **जुन योजनाहरु मैले तिमीहरुका उन्नतिको निम्ति बनाएको छु, ती म जान्दछु, परमप्रभु भन्नुहुन्छ । तिमीहरुका उन्नतिको निम्ति हुन्, नोक्सानीको निम्ति होइन्, तिमीहरु लाई आशा र भविष्य दिनलाई ।"**

**खीष्टियानिटी काममा**

# “उहाँको वचन मेरो हृदयमा थियो...”




यदि हामी वास्तवमै हराएकाहरुलाई खीष्टमा जित्ने आशा राख्छौ भने हामीले हाम्रो जीवनमा पवित्र आत्माका फलहरुलाई थपेर हामी उहाँजस्तो हुने प्रयास गर्नुपर्छ । *“ तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता संयम हुन् । यस्ता कुराहरुका विरुद्धमा कुनै व्यवस्था छैन”* (गलाती ५:२२,२३) । हामी खीष्टियान भएर परिपक्व हुनै पर्छ र यर्मिया अगमवक्ताले भने जस्तै हुनुपर्छ, उनले यसो भन्यो, *“ ...उहाँको वचन मेरो हृदयमा जलिरहेको र मेरो हड्डीहरुमा थुनिराखेको आगोजस्तो हुन्छ । त्यसलाई भित्र रोकिराख्दा म थकित हुन्छु र साँच्चै नै म त्यो थाम्नै सकिदिनँ”* (यर्मिया २०:९) ।

व्यक्तिगत सुसमाचार प्रचार कार्य साँच्चै नै प्रभुको महान आज्ञालाई पालना गर्नेबारे हो, *“ यसकारण जाओ र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बतिप्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु”* (मत्ती २८:१९,२०) ।

यदि हामीले सबै स्वार्थ, झुटा अहंकार र विद्रोहरुलाई आफैमा रित्याएर, साँच्चै नै हाम्रो जीवनमा परमेश्वरलाई पहिलो स्थान दिने कुरालाई कोशिस गर्छौ र हराएका सबै आत्माहरुको निम्ति प्रेमको विकास गर्छौ भने व्यक्तिगत सुसमाचार प्रचारद्धारा हामीले प्रभुको निम्ति धेरै काम गर्न सक्छौ । हामीले अरु मानिसहरुलाई खीष्टको सुसमाचार सुनाउने अवसरहरु खोज्नै पर्छ । *“ किनकि सुसमाचारसँग म शमाउँदिनँ । किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो, पहिले यहूदीहरुका निम्ति र अन्यजातिहरुका नीम्त पनि”* (रोमी १:१६) ।

यदि सुसमाचार प्रचार कार्यमा हामी सफल हुने आशा राख्छौ भने हामी आफैले आफ्नो निम्ति लक्ष्यहरु बनाउनु पर्छ । हराएका आत्माहरुलाई जित्नु पर्छ भन्ने कुरा हामीले निर्धारण गर्नै पर्छ र त्यसलाई यर्थाथमा ल्याउन मेहनतकासाथ काम गर्नुपर्छ । हामीले खीष्टमा एउटा आत्मालाई बचाएर शुरुवाट गर्छौ र त्यसपछि विस्तारै अरुलाई जित्छौ । हामीले डरलाई हटाउनै पर्छ, तर हाम्रा लक्ष्यहरुलाई पुरा गर्न कठोर परिश्रम गर्नै पर्छ । अधिका खीष्टियानहरुका उदाहरणलाई लिन सक्छौ: *“ तर शाऊलले चाहिँ घर - घरमा पसेर मण्डलीलाई संहार गरिरहेका थिए । तिनले पुरुष र स्त्रीहरुलाई घिस्स्याँदै लगी झ्यालखानामा हालिदिन्थे । तव ती छरपष्ट भएकहरुले चारैपट्टि गएर वचन प्रचार गरे”* (प्रेरित ८:३,४) । यदि सबै खीष्टियानहरुले हरेक मौकालाई सिकाउने अवसरको रुपमा लिनुभयो भने प्रभुको लागि के उपलब्धि हुन्थ्यो भन्ने बारे सोच्नुहोस् ।

-०-

# आत्मा जित्नको लागि प्रोत्साहन

सुसमाचार प्रचारको निम्ति कसरी प्रोत्साहन गर्ने भन्नेबारे म सोच्छै छु । जसले कहिल्यै खीष्टको सुसमाचारलाई आज्ञा पालन गरेका छैनन् तिनीहरुको अवस्थालाई हामीले ध्यान दिँदा हाम्रो मनमा कस्तो विचारहरुले भर्नु पर्छ? आउनुहोस, तलका केही कुराहरुलाई विचार गरौः

पृथ्वीको सतहमा भएका प्रत्येक लेखा दिन सक्ने मानिसहरु येशू बाहिर हराएका अवस्थामा छन् । पावल भन्दछन् कि *“ खीष्टमा भएकाहरुलाई दोष छैनन्”* (रोमी ८:१) । यसलाई अर्को शब्दमा भन्नुपर्दा जो खीष्टमा छैनन तिनीहरुलाई दोषी ठहऱ्याएको छन् ।

कोही पनि पुरुष वा स्त्रीहरु मुक्त छैनन्- सबै पापी हुन (रोमी ३:२३) । हामी येशूमा पुग्न सक्ने एउटा मार्ग भनेको उहाँमा बप्तिस्मा भएर हो (गलाती ३:२६,२७; रोमी ६:३,४) ।

सुसमाचार शक्ति हो, जसद्धारा परमेश्वरले बचाउनु हुन्छ । सुसमाचारदेखि पावल शमाउँदैन भनी उनी भन्दछ र यसलाई प्रचार गर्न ऊ इच्छुक थियो (रोमी १:१५-१७) । हामी यसमा दुढ भई खडा भएका छौ र यसैद्धारा बचाइएका छौ भनी उनी भन्दछन् (१ कोरिन्थी १५:१-४) । सुसमाचार प्रचार गर्नु र सिकाउनु भनेको परमेश्वरले आज्ञा गर्नुभए अनुसार यसलाई संसारमा फैलाउनु हो । केवल सुसमाचार प्रचार गरेर मात्र मानिसहरुको उद्धार हुनेछ । हराएका मानिसहरुको हृदयमा परमेश्वरले आश्चर्यजनकरुपमा सुसमाचारको ज्ञान दिनुहुन्न (मर्कूस १६:१५,१६; १ कोरिन्थी १:२१) ।

येशू केवल एकमात्र मुक्तिदाता हुनुहुन्छ । अहिलेको नयाँ आधुनिक धर्महरुमा, मोहम्मदमा, कन्फ्युसियस, बुद्ध र यहूदी धर्ममा उद्धार मुक्ति पाउँदैनन् । यो केवल येशू खीष्टमा मात्र पाइन्छ । पत्रसले यो विषयमा घोषणा गर्दा स्पष्टरुपमा यसरी भन्यो, *“ अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को नाउँ दिइएको छैन”* (प्रेरित ४:१२) ।

येशूले केवल आफ्नो मण्डलीलाई मात्र बचाउनुहुन्छ । येशू *“ मण्डलीको शिर हुनुहुन्छ, जुन मण्डली उहाँको शरीर हो, र उहाँ स्वयम् त्यसको मुक्तिदाता हुनुहुन्छ ”* भनी पावल भन्दछ (एफिसी ५:२३) । यदि उहाँले आफ्नो शरीरलाई बचाउनुहुन्छ र उहाँको शरीर मण्डली हो भने मानिसहरु बचाइनको निम्ति उहाँको शरीरको हिस्सा हुनै पर्छ । मण्डलीले उद्धार गर्दैनन् तर मण्डली उद्धार पाएकाहरुबाट बनेको हुन्छ ।

यदि यी कुराहरु सत्य हुन भनी हामी विश्वास गर्छौ भने यसलाई वास्तविक रुपमै विश्वास गरौ । हराएका मानिसहरुको सामुन्ने पुग्नको निम्ति प्रोत्साहनको निम्ति के उपलब्ध हुनेछ? जव हामी सत्यतालाई बुझ्छौ र यसमा विश्वास गर्छौ, केवल सत्यताले मात्र मानिसहरुलाई स्वतन्त्र पार्छ, अनि त्यो सिकाउनको निम्ति हामी बाध्य हुन्छौ ।

-o-

## के जीवनका सबै क्रियाकलापहरुले आराधनाको अर्थ दिन्छ?

केही समय अगाडि दाजुभाइहरुले यो प्रश्नबारे छलफल गरिहेका थिए, "के खीष्टियानहरुका सम्पूर्ण जीवन परमेश्वरको आराधना भन्न सकिन्छ? केही दाजुभाइहरुले हो भन्ने अवस्थालाई लिएका छन् । कसै कसैले अलि परसम्म गएर निर्लज्ज तरीकाबाट दावी गर्दछन् कि यी सबैलाई आराधनाको स्वभावको घेराभित्र राख्नुपर्छ भन्दछन् । उहाहरणको निम्ति एउटा लेखकले लेखमा लेखेको भनाइलाई उसले यसरी भन्यो, "जीवनको सबै कुराहरु परमेश्वरको निम्ति सेवा हो...बच्चाहरुको थाङना फेर्नु पनि हो ।" यस्तो प्रकारको पुष्टि सत्यताको निम्ति शून्य हुन्छ । हाँस्यास्पद भन्दा कम हुँदैनन् ।

बच्चाहरुको थाङना फेर्नु पनि परमेश्वरको सेवा हो भन्ने मानिसहरुले सेवा आराधना के हो भन्ने बारे पूर्णरुपमा नबुझेको झल्किन्छन् । अन्राष्ट्रिय स्तरको बाइबल विश्व शब्दकोश, पुस्तक ५ को पाना नं. ३११० मा आराधनालाई यसरी परिभाषित गर्दछ, "विचार, भावना वा क्रियामा कुनै मानिसहरु, स्वर्गदूतहरु, आत्मिक वस्तु, र ईश्वरलाई श्रद्धा गर्नु, सम्मान गर्नु र आदर गर्नु ।" (अरु कोही मानव वा निर्जिव वस्तुहरुलाई आराधना गरेर निश्चय नै कोही मानिसहरु धो कामा पर्दछन, तर यो लेखमा हामीले आराधना शब्दलाई साँचो र जीवित परमे श्वरलाई दिएको प्रशंसा, श्रद्धा र आदरलाई प्रयोग गर्दछौं) ।

पुरानो करारमा आराधनाको निम्ति प्रमुख हिब्रू शब्द "शहाह" प्रयोग गरियो, जसले "तल झुक्नु" भन्ने अर्थ दिन्छ । अन्तराष्ट्रिय स्तरको बाइबल बिश्व शब्दकोशको लेख अनुसार यो बिषयमा पुरानो करारका सबै शिक्षाहरुलाई एकैसाथ मिलाउँदा, आराधना भन्नाले "शरीर र मनको स्वभावको श्रद्धेयलाई धर्मको सेवा, आज्ञाकारिता, श्रद्धाको धारणलाई संयुक्त रुपमा मिलाउनु हो ।"

नयाँ नियमयमा प्राथमिक ग्रीक शब्द "प्रोसकिन्यू" प्रयोग भएको छ जसको अर्थ "अभिवादन गर्नु, श्रद्धा देखाउनु, चुम्वन गर्नु" भन्ने अर्थ लाग्छ (नयाँ नियमका शब्दहरुको भाइन्स प्रदर्शनी शब्दकोश, पाना २३४) । "शरीर र मनको स्वभावको श्रद्धेयलाई सामान्य उत्सव र परमेश्वरको निम्ति धार्मिक सेवाहरुमा डर, आदर, भक्तिको भावना" लाई एकसाथ राखेर नयाँ नियममा आराधनाको विचारलाई प्रस्तुत गरेको छ । आराधनाको यो लेखलाई पढ्नुको साथै अरु अनगिन्ती स्रोतहरुलाई संकलन गरेर विशेषगरी बाइबलिय सामान्य शिक्षालाई हेर्दा हामीले बुझ्न सक्छौ कि परमेश्वरलाई आराधना गर्नु एउटा उद्देश्य हो र सचेत भएर योग्य भएका त्यस्तो व्यक्तिलाई प्रशंसा, आदर, श्रद्धा चढाउनु हो जसमा उहाँले दिनु भएको माग चित्रण अनुसार हुन्छ । परमेश्वरद्धारा निर्धारण भएका क्रियाहरु आ^नो हृदयबाट कुनै व्यक्तिले उद्देश्य अनुसार गर्नु नै आराधना हो ।

आउनुहोस्, बाइबलका केही उदाहरणहरु हेरौ जसले आराधना एउटै लक्ष्य सम्लग्न भएर गरिने क्रियाकलाप हो भनी स्पष्टरुपले देखाउँछ । (१) अब्राहाम र इसहाकसँगै पशुबलिदानमा सहभागी हुन आएका दुई जना मानिसहरु लाई अब्राहामले आज्ञा दिदै यसो भन्यो, *" म र यो केटो ऊ परसम्म गएर पूजा गरी तिमीहरुकहाँ फर्केर आउनेछौ ।"* यदि सम्पूर्ण जीवन नै आराधना हो भने

कसरी उनी "गएर आराधना" गर्न सक्थ्यो? (उत्पति २२:१-५) । (२) मोशा र हारुनले इस्रायलका धर्मगुरुहरुलाई परमेश्वरले तिनीहरुलाई मिश्रको दासत्वबाट छुटकारा गर्नुहुन्छ भनी जव भन्नुभयो, अभिलेखले भन्दछ, *" तव तिनीहरुले आफ्ना शिर निहुराएर दण्डवत गरी आराधना गरे"* (प्रस्थान ४:३१) । त्यो भन्दा अगाडी तिनीहरुले के गरिरहेका थिए?- मोशा र हारुनले जे भन्यो त्यो सुनिरहेका थिए, छुटकारा कसरी गर्ने भन्ने विषय सोच्दै थिए । निश्चय नै तिनीहरुले परमेश्वर लाई धन्यवाद र प्रशंसा चढाएर आराधना गरे । (३) १ शमूएल अध्याय १ अनुसार एल्काना, परमप्रभुको आराधना गर्न शीलोमा गए (पद ३) । उ र उनका पत्नी हन्ना *" बिहानै उठे, परमप्रभुलाई दण्डवत गरेर आफ्नो घर फर्के"* (पद १९) । आराधना भनेको तिनीहरु केही गर्न गएको र तिनीहरुले गरेको कुरा हो; आराधनाले तिनीहरुको सम्पूर्ण जीवनलाई घेरिरहेको थिएनन् । (४) भजन संग्रह ९५:६ पद पढ्नुहोस्, *" आओ, दण्डवत गरौं र निहुरौं, हाम्रा सृष्टिकर्त्ता परमेश्वर कै सामु घुँडा टेकौं"* । आराधना भनेको मानिसले गर्ने विशिष्ट कार्य हो । आधारण भन्नाले कोही पनि मानिसले प्रत्येक दिन २४ औ घण्टा निरन्तर गर्ने कार्य होइनन् । (५) यूहन्ना ४:१९-२४ को सर्न्दभलाई अध्ययन गर्नुहोस् । तपाई कस्तो प्रभाव पाउनुहुन्छ? (६) इथियोपियाली नपुसंक आराधना गर्न यरुशलेम गएर फर्किरहेको थियो (प्रेरित ८:२६,२८) । (७) प्रेरित २४:११ मा पावल आराधना गर्न यरुशलेम गएको कुरा नोट गर्नुहोस् ।

यो विषयको धेरै विवादहरु रोमी १२:१ को अनुवादको वरपर घुम्दछ । किङ्ग जेम्स संस्करण, अमेरिकन स्ट्याण्डर्ड संस्करण, न्यू किङ्ग जेम्स संस्करण र क्यामबेलको जीवित वाणीहरुमा रोममा भएका सन्तहरुलाई पावलले हौसला दिन्दछन् कि तिनीहरुले आफै परमेश्वरलाई जिउँदो बलिको रुपमा अर्पण गर भन्दछन्, जसलाई तिनीहरुको "ग्रहण योग्य सेवा" भनेर अनुवाद गरियो । रिभाइज स्टायण्डर्ड संस्करणले यसलाई "आत्मिकी आराधना", वा "आराधनाको सेवा" भनेर अनुवाद गरियो । यो खण्डमा शब्द विवादित भएता पनि जव सम्पूर्ण परमेश्वरको वचनलाई विचार गर्दा तलको कुरा उचित र धर्मशास्त्र योग्य छ भनी निश्कर्ष निकाल्न सकिन्छ: परमेश्वरलाई चढाइएका सबै आराधनाहरुलाई परमेश्वरमा दिइएको सेवा भनी सोच्न सक्छौ, तर परमेश्वरमा चढाइएका सबै सेवाहरु आवश्यकरुपमा परमेश्वरमा चढाइएका आराधना नहुन सक्छन् । असल अभिभावकले बाल बच्चाहरुको भौतिक आवश्यकतालाई पुरा गरेर खीष्टियानहरुले परमेश्वरमा सेवा गर्छन तर यसो गरेर परमेश्वरलाई आराधना गरिरहेका छौ भन्नु हाँस्यास्पद हुन्छ । त्यो समयमा अभिभावकहरुको मनमा परमेश्वरलाई आराधना गर्ने विचार हुँदैनन् । परमेश्वरको आराधनामा इच्छा, हृदयको लक्ष्य, प्रशंसा र श्रद्धाको मन र स्वभाव सम्लग्न हुन्छन् । यसबारे सोच्नुहोस् ।

-o-

# परमेश्वरको कामको निम्ति आर्थिक कुरामा उहाँको योजना



आफ्नो कामको निम्ति आर्थिक कुरामा परमेश्वरले योजना गर्नुभएको छ । त्यो योजनालाई कार्यान्वयन गर्न उहाँले उहाँका मानिसहरुलाई सहभागी गर्नुभएको छ । त्यसमा तिनीहरु सहभागी भएकोले त्यसको परिणाममा तिनीहरु अति नै आशिषित हुन्छन् । त्यो योजनामा ६ वटा कुराहरु सम्लग्न छन्:-

(१) पहिलो, प्रत्येक हप्ताको पहिलो दिन, जब मण्डली भेला हुन्छन्, तव भेटीको रकमहरु सबै जम्मा गर्नू (१ कोरिन्थी १६:१,२) । निश्चय नै संकलनको दिनको निम्ति कुनै सिद्धान्तहरु छैनन्, तर उपयुक्त मौका यो हुन सक्छ ।

(२) दोस्रो, यो योजनामा सबै खीष्टियानहरु सम्लग्न हुनुपर्छ (१ कोरिन्थी १६:२) । परमेश्वरको योजनामा जवान, वृद्ध र गरीव, धनी सबैले सहभागिता जनाउनुपर्छ ।

(३) तेस्रो, त्यो भेटीको रकम कसैको प्राथमिकताको आधारमा हुनुपर्छ (१ कोरिन्थी १६:२) । यदि परमेश्वरले निश्चित रकम र केही प्रतिशत कितान गरी भन्नुभएको भए कसैलाई सजिलो हुन्थ्यो भने कसैलाई गाह्रो हुन्थ्यो । कति दिने भन्ने कुरा दिने व्यक्तिले निर्णय गर्नै पर्छ र निर्णय सकारात्मक अभ्यासमा हुनुपर्छ ।

(४) चौथौ, प्रत्येक खीष्टियानहरुको योगदान उद्धार हृदयले दिएको हुनुपर्छ (२ कोरिन्थी ९:६) । कसैले नैतिकरुपले वा नियमरुपले भन्दा पनि उद्धार चित्तले दिनुपर्छ । यो दुई किलोमिटर जानुजस्तै हो । यस्तो प्रकारकले दिदाँ साँच्चै नै दिने व्यक्तिलाई लाभ हुन्छ ।

(५) पाँचौ, प्रत्येक खीष्टियानहरुले इच्छुक भएर राजी खुशीका साथ दिनुपर्छ (२ कोरिन्थी ९:६) । स्वतन्त्ररुपमा नदिएको कुनै पनि उपहारहरु मलाई लिन मन लाग्दैन् । के तपाई लिन चाहनुहुन्छ? न त परमप्रभु नै चाहनुहुन्छ । स्वतन्त्ररुपमा नदिएको उपहारले दिने व्यक्तिलाई पनि लाभ हुँदैन् ।

(६) छैठौ, प्रत्येक खीष्टियानहरुको प्रार्थना र सङ्कल्प गरेबमोजिम दिनुपर्छ, जुन दिने मानिसहरुलाई पनि असल हुन्छ (२ कोरिन्थी ९:७) ।

-o-



# आफ्ना परमप्रभुलाई सेवा गर्नू

येशूले त्यसलाई भन्नुभयो, *" तैंले परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत गर्नू र उहाँको मात्र सेवा गर्नू"* (मत्ती ४:१०)। येशूलाई पाप गराउनको निम्ति शैतानले निकै कोशिशमा गरिरहेको थियो । दिलाबलसले येशूलाई एउटा अग्लो पर्वतमा लिएर गयो । त्यसले येशूलाई संसारका सबै राज्य देखायो । दियाबलसले भन्यो, *" तपाईले घोप्टेर मलाई दण्डवत गर्नुभयो भने यी सबै थोक म तपाईलाई दिनेछु"* (मत्ती ४:९) ।

येशूले त्यसलाई समय दिनुभएन् । उहाँले परीक्षालाई इन्कार गर्नुभयो र व्यवस्था ६:१३ पदलाई उदघृत गरी शैतानलाई अस्वीकार गर्नुभयो । केवल एउटै परमेश्वरलाई मात्र आराधना गर्नुपर्छ । केवल परमेश्वरलाई मात्र हामीले श्रद्धा चढाउनु पर्छ । उहाँले मात्र सबै आदर पाउनै पर्छ । स्वर्गदूतहरु र मानिसहरुलाई आराधना गर्न परमेश्वरले मनाही गर्नुहुन्छ । शैतानको बारेमा के छ? संसारका सबै राज्यहरुको प्रस्ताव येशूलाई राखेको थियो । "कुनै क्रूस छैन, कुनै लाज छैन, मृत्यु छैनन । येशू तपाई संसारको राजा हुन सक्नुहुन्छ । यो अहिले तपाईले पाउन सक्नुहुन्छ । तपाईले कष्टविना सबै पाउनुहुन्छ ।" यो दियाबलसको सन्देश थियो । यो परीक्षालाई येशूले इन्कार गर्नुभयो । हाम्रा आत्मिकी राजा हुनको निम्ति केवल क्रूसमात्र एउटै मार्ग उहाँको निम्ति थियो भन्ने कुरा उहाँलाई थाहा थियो ।

आज हामीलाई यो सत्यता थाहा छ, तर हामीले यसलाई अभ्यासमा लागु गर्नु कति संघर्ष गर्छौ । शैतान आफ्ना परीक्षाहरु लिएर अझै आउँछन । "मलाई सेवा गर । मलाई आराधना गर । मैले तिमीलाई के दिन्छौ, सो हेर र यसलाई तिमीले अहिले पाउन सक्छौ । कुनै पिडा छैन् । यसमा जिओ । तिमीले एक हप्तासम्म कठोर परिश्रम गऱ्यौ । अब, तिमी आफैले विश्राम लेओ । के परमेश्वरलाई आइतबार आराधना गर्नुहुन्छ? होइन्, त्यो त विश्रामको दिन हो । बुधबार राती गर्नुहोस्? कुनै मौका नदिनुहोस् । तिमी थाकेको छ र आराम चाहिन्छ । होइन्, आफ्ना परिवारलाई दिनको निम्ति जीवनका साना साना कुराहरुमा तिमी धेरै व्यस्त भइरहेका छौ । यसकारण आफ्नो घरमा बाइबल अध्ययन र परमेश्वरलाई दिनहुँ आराधना गर्ने तपाईको समय छैन् । तपाईको परिवारमा बच्चाहरुलाई गृहकार्य र खेलकुद गर्ने समय चाहिन्छ ।" यस्तै कुराहरु अहिले पनि शैतानले विभिन्न माध्यमद्धारा ख्रीष्टियानहरुलाई भनिरहेका छन् ।

म तपाईलाई विन्ति गर्छु । छलको प्रचारलाई विश्वास नगर्नुहोस् । उ छली हो । दैनिक परमेश्वरलाई आराधना गरेर तपाई आफ्नो परिवारको रक्षा गर्नुहोस् । तपाईले सोच्नुभएको सुन्दर सपना भन्दा पनि निकै परको आशिष तपाईले पाउनु हुनेछ । तपाईसँग शान्ति हुनेछ जसले समझ दिन्छ । तपाई आ िनो इन्साफको दिनमा तपाईको सृष्टिकर्त्तालाई पूर्ण भरोसा र आशासित भेट गर्न तयार हुनुहने छ । हामीले छनौट गर्नै पर्छ । परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत गर्नु र उहाँको मात्र सेवा गर्नू । -०-

# के कुराले आराधना महान बनाउँछ?



हाम्रा स्वर्गीय पितालाई, एकैसाथ आराधना गर्ने अवसर नै हाम्रो स्वतन्त्रता र ठुलो मौका हो, जसमा हामी रमाउँछौ । बाहिरकाहरुको हस्तक्षेप र डर विना हामी जम्मा भएर हामी हाम्रो हृदयमा एक भई सर्वोच्च परमेश्वरलाई आराधना गर्न पाएकोमा हामी भाग्यमानी छौ । मण्डली भेला हुँदा खेरीको त्यस्तो समयमा मेरो हप्ता, मेरो महिना, मेरो वर्ष र मेरो जीवन सबैभन्दा वढी कदर र उच्च तहमा रहेको जस्तो लाग्छ । सेवा आराधना गर्ने मौकाको निम्ति म निकै धन्यवादी छु । आराधनामा हौसला, ताजापन, चुनौटीको सामना र दह्विलो बनाउने सबै कुरा हुन्छन् ।

निश्चय नै यस्ता समयहरु छन् जहाँ ख्रीष्टियानहरुले आराधनाबारे फरक भावनात्मक विचारहरु व्यक्त गर्दछन् । मानिसहरुले यस्तो भनेको मैले सुने, “आजको आराधनाबाट मैले केही पनि पाइँन् ।” एउटै आराधनाबाट कसरी कोहीलाई सकारात्मक प्रभाव पार्छन भने कसैलाई प्रभावै नपार्ने वा नकारात्मक प्रभाव पार्ने हुन्छन्? के कुराले एउटै आराधनाबाट एकले अर्कालाई फरक पार्छ?

के कुराले आराधना महान बनाउँदैनन् भन्ने कुराबाट मलाई शुरु गर्न दिनुहोस् । अगाडी पुलपिटमा उभेको मानिसले आराधनालाई ठुलो बनाउँदैनन् । उनको प्रस्तुति कति शक्तिशाली छन् वा उनको वचनको घोषणा कति साहसी छन् भन्ने कुराले फरक पादैनन् । उसले तपाईको समयलाई घण्टौसम्म थामिराख्न सक्छन् भन्ने कुराले पनि फरक पार्दैनन् । उसले ग्रीक र हिब्रू भाषा बोल्ने वा अंग्रजी भाषामा स्नात्तोतर उर्तीण गरेता पनि त्यसले फरक पार्दैनन् । प्रत्येक प्रवचनमा उनले सयौ धर्मशास्त्रका पदहरु उदघृत गर्न सकेता पनि त्यसले फरक पादैनन् ।

भजन अगुवाई गर्ने व्यक्तिले आराधनालाई महान बनाउँदैनन् । यदि उनले सबै झुण्डलाई संलग्न बनाउन सक्छन् वा उत्साहित गर्न सक्छन् भनेता पनि त्यसले फरक पार्दैनन् । उसका स्वरहरु पूर्णरुपमा मिठास छ भनेता पनि त्यसले फरक पार्दैनन् । समय अनुसार छानिएका भजनहरु जहिले पनि सुहाँउदो भएता पनि यसले केही फरक पार्दैनन् ।

जसले प्रार्थना अगुवाई गर्छन, तिनीहरुको कारणले गर्दा आराधना महान हुँदैनन् । तिनीहरुको प्रार्थनाले हामीलाई परमेश्वरको उपस्थितिमा लिएर जाने

कुरामा थोरै मात्रामा फरक पर्न सक्ला । परमेश्वरमा प्रार्थनाद्धारा अपील गरेर निको हुनको निम्ति दिएको सूचीमा भएका नामहरुलाई तिनीहरुले स्मरण गर्न सकेता पनि त्यसले केही फरक पार्दैनन् । यिनीहरुमध्ये कुनैले पनि आराधनालाई महान वा ठुलो बनाउँदैनन् ।

त्यसो भए के कुराले आराधनालाई महान बनाउँछ? परमेश्वर कति महान हुनुहुन्छ भन्ने कुरालाई जब हामी महसुस गर्छौ त्यतिबेला आराधना महान र ठुलो हुन्छ । *" तर ज जसले तपाईलाई खोज्छन् ति सबै तपाईमा रमाउन र आनन्दित होऊन् । तपाईको मुक्तिलाई प्रेम गर्नेहरुले निरन्तर भनून, ' परमेश्वरको नाउँ उच्च होस्'"* (भजन संग्रह ७०:४) । *" किनकि परमप्रभु महान परमेश्वर हुनुहुन्छ, सारा देवहरुमाथिका महाराजा"* (भजन संग्रह ९५:३) । हाम्रा सम्पूर्ण हृदयहरु एकसाथ जोडिएर जब हामी सामुहिक रुपमा भेला हुने समय पाउँदछौं, तव हाम्रा परमेश्वर कति महान हुनुहुन्छ भनी कृतज्ञता, प्रशंसा र श्रद्धा गर्छौ । महान धन्यवाद र अच्चमका कुराहरु पोख्ने समय हामीलाई आराधनाले दिन्छ र हाम्रा परमेश्वर कति महान हुनुहन्छ भन्ने कुराको निरन्तर प्रतिबिम्बको निमार्ण हाम्रो हृदयमा बनाउँछ । मेरो परमेश्वर महान हुनुभएको हुनाले प्रचारकको बल, उसको गलत अर्थ लगाइएको शब्दहरु, उसका ब्याकरणका गल्तीहरु र उसका कम तार्किकपूर्ण सन्देशहरुलाई मैले हेर्दा यहोवा कति महान हुनुहुन्छ भन्ने कुरालाई आफ्नो तर्फबाट उत्कृष्ट रुपले मलाई याद दिलाउन कोशिश गर्दै हुनुहुन्छ र महत्वपूर्ण कुरालाई र्दशाउन खोज्दै हुनुहुन्छ भन्ने कुरालाई म पूर्णरुपमा म प्रशंसा गर्छु ।

मेरो परमेश्वर यति महान हुनुहुन्छ जसले गर्दा भजन अगुवाले मलाई मनपर्ने भजन नछान्नु भएता पनि, उसका भजनहरु उच्च या होचो स्वरमा भएता पनि वा सही तरीकाले नभएता पनि म सुस्त नबसी हामी उहाँलाई प्रशंसा र महिमा चढाउँछौ ।

मेरो परमेश्वर यति महान हुनुहुन्छ जसले गर्दा, प्रार्थना गर्ने व्यक्तिले चाहेको भन्दा लामो प्रार्थना गर्दा पनि वा हाम्रो निम्ति डराएर प्रार्थनाको अगुवाई गरेता पनि वा आ ̂नो बानी अनुसार प्रार्थनामा शब्दहरु बारम्क्बार दोहऱ्याएर गरेता पनि मेरो दाजुभाइको प्रार्थनाले अगुवाई गर्दा उहाँको अनुग्रहको सिंहासनको अगाडी आउन मलाई मनपर्छ ।

मेरो परमेश्वर महान हुनुभएको हुनाले आराधना पछि हामी कहिले बाहिर निस्कने भन्ने बिषयमा म सोच्दिन । स्वर्गको महान परमेश्वरलाई म धन्यवाद दिन्छु, जसले म जस्तो अयोग्य पापी मानिसहरुलाई उहाँमा आराधना गर्ने मौका दिनुभयो । यसले नै हाम्रा आराधना महान बनाउँछ ।

-o-

# प्रचारको पत्नीको भूमिका के हो?

प्रचारको पत्नीको भूमिका के हो भनी प्रभुका मण्डलीका विभिन्न विश्वासीहरुलाई सोध्यो भने मलाई पक्का छ कि कसैले यो प्रश्नको जवाफमा विभिन्न उत्तरहरु पाउँछन् । हो, झुण्डको अगुवा र प्रचारक जसले मण्डलीलाई सेवा गर्छन तिनीहरुले प्रत्येक सदस्यहरुको विचारहरुलाई सोच्नु पर्छ जसले झुण्डको कुनै पनि विषयमा मण्डलीलाई असर पार्छ, जसमा प्रचारको पत्नीको भूमिका पनि पर्छ । तै पनि, यो विषयलाई दृष्टिकोण गर्दा परमेश्वरको वचनले के भन्दछन् भनी विचार गर्नु महत्वपूर्ण हुन्छन् ।

बाइबल अनुसार बोल्नुपर्दा, प्रारम्भमा प्रचारकको पत्नीको भुमिकामा उनी विश्वासयोग्य ख्रीष्टियान हुनुपर्छ, उनको जीवनमा परमेश्वरलाई पहिलो स्थान दिएको हुनुपर्छ । लूका १४:२६ मा येशूले भन्नुभयो, *" यदि कोही मकहाँ आउँछ, र आफ्ना बाबु, आमा, पत्नी, छोराछोरीहरु र दाज्यु- भाइ, दिदी बहिनीहरुभन्दा र आफ्नै प्राणलाई समेत तुच्छ ठान्दैन भने, त्यो मेरो चेला हुन सक्दैन ।"* त्यस्तै गरी हाम्रा परमप्रभुको वचन लूका १६:१३ लाई विचार गर्नुहोस, *" कुनै नोकरले दुई मालिकको सेवा गर्न सक्दैन, किनकि त्यसले एउटालाई घृणा गरेर अर्कालाई प्रेम गर्छ, अथवा त्यो एउटाको भक्त भएर अर्कालाई तुच्छ ठान्छ । तिमीहरु परमेश्वर र धन दुवैको सेवा गर्न सक्दैनौ ।"* यी दुई पदहरुमा "घृणा" शब्द को अर्थ प्रेम रहित हुन्छ । येशूको विश्वासयोग्य अनुयायीहरु भएकोले हामीले हाम्रो परिवारको सदस्यहरुलाई ख्रीष्टलाई भन्दा कम प्रेम गरेको हुनुपर्छ । पछिको पदले अझै वर्णन गर्दछ कि हाम्रो हृदय केवल एउटै मालिकप्रति बफादारी हुनुपर्छ- हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्ट वा शैतान । हामीले हाम्रो बफादारीता दुईजनाको विचमा विभाजन गर्न सक्दैनौ । प्रचारकको पत्नीको साथै सबै ख्रीष्टियानहरुले उनको जीवनमा परमेश्वरलाई पहिलो स्थान दिएको हुनुपर्छ ।

प्रचारकको पत्नीको अर्को महत्वपूर्ण भुमिका यो छ कि उनी आफ्नो पतिको उचित पत्नी हुनुपर्छ ताकि त्यही क्षेत्र भित्र भएर परमेश्वरले दिनुभएको जिम्मेवारीहरुलाई उनले पुरा गर्छिन् । पत्नीको भुमिकालाई तीतस २:४-५ मा स्पष्टसँग रुपरेखा दिन्छन्: *" तिनीहरुले तरुणीहरुलाई आ- आफ्नो पति र बालबच्चाहरुलाई प्रेम गर्न र तिनीहरु समझदार, पतिव्रतता, घरजम गर्न सक्ने, दयालु, आ- आफ्ना पतिका अधिनमा रहने हुनलाई तालिम दिऊन, ताकि परमेश्वरका वचनको निन्दा हुन नपाओस् ।"* यो अध्यायमा पावलले मण्डलीका सदस्यहरुको जिम्मेवारीहरुको बारेमा भन्दछन् । असल पत्नीहरु कसरी हुनुपर्छ भनी जवान स्त्रीहरुलाई पद ४ र ५ ले भन्दछ । यदि परमेश्वरले प्रचारक र उनकी पत्नीलाई बालबच्चाहरु सहित आशिष दिनुभयो भने पत्नीको अझै जिम्मेवारहरु बढ्नेछन् । अधिका पदले आफ्ना बालबच्चाहरुलाई स्त्रीले प्रेम गर्नु पर्छ भनी भन्दछ । यसमा तिनीहरुको भौतिक र आत्मिक आवश्यकताहरुलाई वास्ता गर्ने कुरा सम्मिलित हुन्छन् । छोराछोरीहरुलाई प्रभुमा अनुशासन र शिक्षामा हुर्काउने प्राथमिक जिम्मेवारी बाबुको भएता पनि (एफिसी ६:४), आमाले त्यो क्षेत्रमा सहायता गरिरहेको हुन्छन् । बालबच्चाहरुसित सबै भन्दा बढी समय विताउने उनी नै हुन्छिन् । तिनीहरुको बालबच्चाहरुलाई हरेक

चालचलनहरुमा परमेश्वरको वचनलाई प्रयोग गर्दै आमाहरुले व्यवस्था ६:६,७ र ११:१८,१९ लाई अभ्यास गर्नु आवश्यक छन् । ठुला व्यक्तिहरु र आफ्ना साथीहरुलाई सम्मान गर्नुपर्छ भन्ने कुरा आमाले तिनीहरुका बच्चाहरुलाई सिकाउनुपर्छ । बालबच्चाहरुलाई तिनीहरुको क्रियाकलाप र अधिकारका जिम्मेवारीहरु सिकाएको हुनुपर्छ । प्रचारकको पत्नी र सबै विवाहित स्त्रीहरुमा ठुलो जिम्मेवारीहरु हुन्छन्, जसमा परमेश्वरको वचनमा पत्नी र आमाको भुमिका पुरा गर्नको निम्ति धेरै समय र शक्ति लाग्नेछ ।

प्रचारकको पत्नी अति नै अतिथि सत्कार गर्ने व्यक्ति हुनुपर्छ भनी प्रभुको मण्डलीका केही सदस्यहरुले आशा गर्दछन् । उनले आ`नो घरमा भेटघाट गर्न पाहुनाहरुलाई खाना खानको निम्ति निमन्त्रणा गर्नुपर्छ भनी तिनीहरु विश्वास गर्छन् । बिरामीहरुको निम्ति खाना लिएर जानु उसको जिम्मेवारी हो भन्ने ठान्छन् । बाइबलले स्पष्टसँग भन्दछ कि ख्रीष्टियानहरुले अतिथी सत्कार देखाउनु पर्छ, र यो एउटा एल्डरको योग्यता पनि हो र ततपश्चात एल्डरहरुका पत्नीको हो (१ तिमोथी ३:२; तीतस १:८) । १ पत्रुस ४:८,९ मा पढ्न पाउँछौ, *" सबै भन्दा बढी एउटा अर्काप्रति तिमीहरुको प्रेम अटुट रहोस् । किनकि प्रेमले नै असँख्य पापहरु ढाक्दछ ।"* दाजुभाइको प्रेमको कारण सबै ख्रीष्टियानहरुले अतिथि सत्कार देखाउनु पर्छ भनी पत्रुसले यी पदहरुबाट अर्ती दिन्छन् । ख्रीष्टियानहरु अतिथि सत्कार गर्ने हुनुपर्छ भनी परमेश्वर आज्ञा गर्नुहुन्छ, हामीले गर्नै पर्छ भनेर होइन् तर हामी गर्न चाहन्छौ भनेर हो ।

कसैले विश्वास गर्छन कि प्रचारकको पत्नीले बालबच्चाहरुको बाइबल कक्षामा सिकाउनु पर्छ । यदि सूची अनुसार सिकाउने शिक्षक पहिले नै नियुक्ति भै सक्यो, तर त्यो शिक्षक आउनुभएको छैन भने केही सयमको निम्ति अर्को शिक्षक नियुक्त गर्नको लागि उनले अरुलाई बोलाएर रिक्त स्थान भर्ने काम गर्छिन । स्थानिय मण्डलीद्धारा आयोजना गरेका सबै क्रियाकलापहरुमा प्रचारको पत्नीले सहभागिता जनाउनु पर्छ भनी कसैले आशा गर्छन् । कसैले यो पनि सोच्दछन् कि प्रचारकको पत्नीले ती क्रियाकपालहरुको तालिका योजना अघि बढाउने कार्य र सही तरीकाले कार्य भै रहेको छ कि छैनन् भनी हेर विचार गर्नु पर्छ ।

जव मैले यी स्वभावहरुलाई विचार गर्दा येशूले भन्नुभएको सुनको सिक्काको दृष्तान्त याद आँउछ (मत्ती २५:१४-२९) । यो दृष्तान्तमा येशूले देखाउनुहुन्छ कि प्रत्येक ख्रीष्टियानहरुसँग विविध वरदानहरु छन् । प्रत्येक परमेश्वरका सन्तानहरुले परमेश्वरद्धारा दिनुभएका वरदानहरुलाई प्रभुको निमित प्रयोग गर्नै पर्छ । याद गर्नुहोस्, दृष्तान्तमा पाँच र तीन सिक्का भएकाहरुलाई प्रशंसा गर्नुभयो । किनभने तिनीहरुसँग जे थियो त्यसलाई तिनीहरुले प्रयोग गरे । एक सिक्का भएको व्यक्तिलाई दोष दिइयो । उसँग एक सिक्का भएको कारणले गर्दा होइनन् तर उसले आफुसँग भएको एक सिक्कालाई पनि प्रयोग गर्न असफल भएकोले हो । यो दृष्तान्तले स्पष्टसँग सिकाउँछ कि प्रत्येक ख्रीष्टियानहरुले प्रभुको निम्ति काम गरेको परमेश्वर चाहनु हुन्छ । तर कुनै पनि ख्रीष्टियानहरुले सबै चीजहरु गरोस भन्ने आशा गरेको छैनन् । प्रचारकको पत्नीको साथै मण्डलीका सबै ख्रीष्टियानहरुले परमप्रभुको इच्छा अनुसार सेवा गर्न आफ्नो मौका र वरदानहरुलाई प्रयोग गर्नै पर्छ ।

सानो बालबच्चाहरुलाई साथमा लिएर प्रचारको पत्नीले मण्डलीका हरेक

क्रियाकलापहरुमा सहभागी हुन लगभग सम्भव हुन्छ र परमेश्वरले आज्ञा गर्नुभए अनुसार अझै आमा र पत्नी पनि हुन सक्छिन् । स्थानिय झुण्डमा प्रचारकको पत्नीले सबैकुरा गर्न खोजेकोले उसका बच्चाहरुले बेवास्ता गर्छन वा आफ्नै बच्चाहरुलाई मात्र बढी ध्यान आर्कषण गर्न खोज्दा पत्नी सामान्यरुपमा थकित हुन्छन् । यस्ता कुराहरुले गर्दा शायद प्रचारकहरुले बालबच्चाहरुलाई अनुशासन गर्ने समस्या भएको हामी देख्छौ ।

दुर्भाग्यवश, मण्डलीभित्र केही अगुवाहरुले सोच्ने गर्दछन् कि जव तिनीहरुले प्रचारक भाडामा लिन्छन्, तिनीहरु सफल डाँकवाला जस्तै भईरहेको हुन्छ जसमा धेरै कुरालाई एकैसाथ समेट्ने गर्छन । तिनीहरुले सोच्ने गर्दछन् कि जब तिनीहरुले प्रचारकलाई भाडामा लिन्छन्, तव तिनीहरुले उसको पत्नीलाई सचिवालयको जिम्मेवारी, सिकाउने, भेटघाटमा जाने जस्ता कामहरुमा सम्लग्न गराउँन सक्छन । तिनीहरु विश्वास गर्छन् कि मण्डलीमा सल्लाह दिन, हौसला दिन, र सान्त्वना दिन उनी हर समय उपलब्ध हुन्छन् । यस्तो स्वभावले प्रचारकहरुको पत्नीमा अरु धेरै कुराहरु थुप्रिन्छ र परमेश्वरले दिनुभएको आमा र पत्नीको भुमिकालाई उसले वेवास्ता गर्न प्रायजसो उसलाई हौसला दिइरहेको हुन्छ ।

बाइबलले प्रचारकको पत्नीको भुमिकालाई विशिष्ट रुपरेखा दिदैनन् । प्रचारकको जिम्मेवारीहरु र कर्तव्य स्थानिय मण्डलीमा भएका कुनै खीष्टियान स्त्रीहरुको भन्दा कुनै फरक छैनन् । तै पनि, उसको पति अगुवाइको भुमिकामा रहेकोले मण्डलीका अरु महिलाहरुभन्दा केही उच्च स्तरका परिपक्व कुराहरुलाई स्वीकार गर्नुपर्छ । मण्डलीका झुण्डभित्रै कोही विश्वासीहरु खीष्टमा बच्चा छन् र कोही परिपक्व छन् र कोही बिचमा हुन सक्छन् । प्रभुको सेवाको निम्ति अगुवाइको भुमिकामा हुन्, एल्डरहरु, डिकनहरु र तिनीहरुका पत्नीहरुमा केही निश्चित योग्यताहरुसम्म पुग्नुपर्छ । प्रत्येक योग्यताहरुले एल्डरहरु, डिकनहरु, एल्डरहरुका पत्नीहरुमा केही परिपक्वताको स्तरसम्म पुग्नुपर्छ । झुण्डलाई उचित रुपमा सेवा गर्नको लागि प्रचारकहरु र उनका पत्नीहरुले परि पक्वताको स्तरको प्रदर्शन पनि गर्नैपर्छ ।

यहाँ प्रचारकको पत्नीलाई सहायताको निम्ति केही सल्लाहहरु दिएका छन् ताकि उनी परमेश्वर, स्थानिय झुण्डको निम्ति उनको पति र उनले सेवा गर्न सक्छिन् । निश्चय नै, सबै खीष्टियानहरुले आफ्नो क्षमता अनुसार बाइबलिय भुमिकाको क्षेत्रभित्र रही सेवा गर्नु पर्छ ।

- आराधना सेवाको लागि, मण्डलीद्धारा आयोजना गरिएको क्रियाकलापहरुमा, घर बाहिर जानुपर्दा सुहाँउदो उचित वस्त्र लगाउने (१ तिमोथी २:९-१०) । वनभोज जाँदा दाउरा बोक्न प्रयोग गरिने बस्त्र निश्चय नै हाम्रो परमेश्वरको लागि आराधना गर्दा लगाउने वस्त्र सुहाउँदो र उचित नहोला । मूख्य कुरा पोशाकमा भद्रता र राम्रो व्यवहार देखाउनु हो ।
- मण्डलीका सबै सदस्यहरु र पाहुनाहरुलाई अतिथि सत्कार देखाउने । जव हामीले खीष्टमा भएका दाजुभाइ र दिदी बहिनीहरुलाई मण्डली भवनमा देख्छौ, हामी साँच्चै नै तिनीहरुको वास्तविकताबारे थाहा भैरहेका हुँदैनौ । मानिसहरुलाई आफ्नो घरमा निमन्त्रणा गर्नुहोस् । तपाईले खाना नै दिनु

पर्छ भन्ने कुरा होइन्- खाजा, चिया वा पानी पनि पर्याप्त हुनेछन् । भेटघाटको उद्देश्य भनेको तपाईको भान्छाको कौशलता हेर्नको निम्ति होइन्, तर व्यक्तिगतरुपमा जान्नको निम्ति हो ।

- तपाईको वरपर भएकाहरुसँग दयालु हुनुहोस् । तपाईले तिनीहरुको वास्ता गर्नुहुन्छ र तिनीहरु र तिनीहरुको आत्मालाई प्रेम गर्नुहुन्छ भन्ने कुरा अरुहरुले देखून् ।
- अरुको कुरा सुन्नुहोस् । सम्भव भएसम्म त्यस्तो व्यक्ति हुनुहोस् ताकि दुःखको समयमा अरुले फर्केर तपाईलाई हेर्न सकोस् । दयालु, समभ्फ र ध्यान दिएर सुन्नुहोस् । आवश्यक भएको बेलामा उचित सल्लाह दिनुहोस् । कहिलेकाहिँ के गर्नुपर्छ भन्ने कुरा तिनीहरुलाई थाहा हुन्छन् तर तिनीहरुलाई कोहि व्यक्ति चाहेको हुन्थ्यो जोसँग कुरा गरेर तिनीहरुको जीवनका कठिनाइहरु क्रमवद्धरुपमा बाहिर फाल्छन् ।
- शान्त भएर सुन्नुहोस् । जब कसैले तपाईलाई विश्वास गरेर केही कुरा भन्दछ भने त्यो कुरा तपाईमा मात्र राख्नुहोस् । यदि त्यो विश्वासको कुरा तपाई आफैले सम्हाल्न सक्नुहुन्न जस्तो तपाईलाई लाग्छ भने त्यो विषयमा तपाईको पति वा एल्डरहरुसँग कुरा गर्न अनुमति माग्नुहोस् । त्यसको साथै तपाईको पतिको जस्तो स्तर छ, त्यो परिस्थितिमा तपाई सचेत हुनुपर्छ कि मण्डलीमा त्यो सबैको सामान्य ज्ञान नहोस् । तपाईले यो जानकारीलाई आफैमा सिमित राख्नै पर्छ । कहिल्यै पनि भन्न नहुने कुराहरुलाई प्रचारकको पत्नीले अरुलाई कुरा गर्दा ख्रीष्टियान र मण्डलीमाथि ठुलो हानी आइपुग्छन् ।
- प्रेमिलो र दयालु पूर्वक "होइन" भन्न सिक्नुहोस् । तपाईको सिमितता जान्नुहोस् । तपाईको परिवार तपाईको पहिलो प्राथमिकता हो भन्ने कुरामा पक्का हुनुहोस् । यदि अर्को कक्षा लिने र योजना गर्दा मानसिक र शारीरिक रुपमा तपाईलाई थकित बनाउँछ र तपाईको परिवार र घरलाई र म्रोसँग वास्ता गर्न पाउँदैनन् भने त्यस्तो बेलामा "होइन" भन्नुहोस् र यो समयमा म गर्न सक्दिन् भन्नुहोस । हामीले हाम्रो घर बाहिरका क्षेत्रहरुका मानिस र परमेश्वरलाई सेवा गर्न उचित सन्तुलन कायम गर्नै पर्छ र हाम्रो घरहरुलाई पनि उचित व्यवस्था गर्नुपर्छ ।
- प्रचारकहरुको पत्नीको भुमिका के हो? यो विश्वासयोग्य ख्रीष्टियान हुनु हो, उनको उत्कृष्ट योग्यताले परमेश्वरको सेवा गर्ने, धर्मशास्त्रमा रुपरेखा दिए अनुसार ईश्वरीय पत्नीको व्यवहार र स्वभाव धारण गर्ने र उनको पतिलाई मण्डलीको उसको काममाा हौसला दिने हो । प्रचारकको पत्नीको नाम कुनै ख्रीष्टियान स्त्रीहरुको भुमिका भन्दा केही फरक छैनन् । हामीले कहिले काहिँ के महसुस गर्न असफल हुन्छौ भने हामीले परमेश्वरलाई सेवा गर्नमा हाम्रा परिवारहरु पहिला आउँछन् । जसरी हाम्रा बाल बच्चाहरु हुर्कन्छन्, हाम्रा वरवरको संसारमा बढि जोडकासाथ हामी पुग्न सक्छौ । यदि हामीले बहुसँख्य आत्माहरुलाई बचायौं तर, हाम्रा बालबच्चाहरुको हृदयमा परमेश्वरको वचन उमार्न असफल भयौ भने अनन्ततामा त्यो दुःखको दिन हुनेछ ।

-0-

# दुईवटा स्वभावहरु



येशूले यो दृष्तान्त भन्नुभयो, *"दुई जना मानिस प्रार्थना गर्न मन्दिरमा गए- एक जना फरिसी र अर्को चाहिँ कर उठाउने । फरिसीले उभिएर मनमनै यसरी प्रार्थना गऱ्यो, ' हे, परमेश्वर म तपाईलाई धन्यवाद दिन्छु, म अरु मानिसहरुजस्तो धुताहा, अन्यायी, व्यभिचारी, अथवा यही कर उठाउने जस्तो पनि छैन । म हप्तामा दुई पल्ट उपवास बस्तछु, मैले पाएका सबै थोकको दशांश म दिन्छु । तर कर उठाउने चाहिँ ताढै उभिएर स्वर्गतिर आँखा पनि नउठाई यसो भन्दै आफ्नो छाती पिट्यो, ' हे, परमेश्वर, म पापीमाथि दया गर्नुहोस"* (लूका १८:१०-१३) ।

फरिसी र कर उठाउनेको यो दृष्तान्तमा येशूले तुलनात्मकरुपमा दुईवटा स्वभावहरुलाई प्रस्तुत गरिराख्नुभएको छ, जुन एक अर्कामा अलग छन्- आफ्नै धार्मिकता र साँचो नम्रता बारे ।

फरिसी खडा भएर आफ्नो निम्ति वा आफ्नैबारे प्रार्थना गर्न थाले, *" परमेश्वर, म तपाईलाई धन्यवाद दिन्छु कि म अरु मानिसजस्तो छैनँ ।"* कस्तो अहंकार! आफैलाई कस्तो धर्मी ठान्ने मान्छे! "परमेश्वर तपाईले मलाई हेर्नुहोस् म कस्तो अदभूत मान्छे हुँ ।" उसले परमेश्वरलाई आफ्नो प्रशंसाकर्मी क्लवमा सहभागी हुन निमन्त्रणा गर्दैथियो । उसको प्रार्थना मन्दिरको छानामाथि पुग्यो भनी के तपाई सोच्नु हुन्छ?

फरिसीहरु जहिले पनि त्यस्तो खराव थिएनन् । फरिसीहरु पुरानो करार र नयाँ करारको विचमा उत्पन्न भएका थिए । तिनीहरु मजबुट धार्मिक चरित्र भएका मानिसहरु थिए जसले ग्रीक परम्परको आन्दोलनलाई प्रतिरोध गर्ने प्रमुख भूमिका निभाएका थिए जुन आन्दोलनमा केही यहूदीहरुलाई ग्रीक धार्मिक परम्पराहरुलाई आफ्नो धर्ममा अंगीकरण गर्ने कुरामा नेतृत्व गरेका थिए । यसरी

तिनीहरुले यस्तो कठिन समयमा यहूदीहरुको धर्मलाई रक्षा र कायम गर्न ठुलो सहायता गरेका थिए ।

दुर्भाग्यवश, ख्रीष्टको समयमा, तिनीहरु प्रायजसो सबै ठाउँहरुमा कपटीहरुको समुह, स्वधार्मिक मानिसहरु भैसकेका थिए, जसले आफ्नो विशुद्धरुपमा व्यवस्थालाई कानुनी रुपमा व्याख्या गरी अनगिन्ती परम्पराहरुलाई तिनीहरुले व्यवस्थामा थपेर तिनीहरुको आवाज सबै ठाउँमा सुन्ने बनाएका थिए । तिनीहरुलाई अलगवादी भनियो । मत्ती २३ अध्यायमा येशूले फरिसीहरुलाई कठोर र कडा वचनहरुले धिक्कार गर्नुभएको हामी देख्छौ । येशूले अहिलेसम्म कसैको विरुद्धमा बोल्नुभएको गालीमध्ये यो सबैभन्दा डरलाग्दो गाली थियो ।

फरिसीको प्रार्थना अहंकारको प्रार्थना थियो । अहंकार विभिन्न रुपमा छन् । जातिको अहंकार, स्थानको अहंकार, अनुहारको अहंकार, अनुग्रहको अहंकार । अनुग्रहको अहंकार स्वधार्मिकता हा । शायद यो अहंकार सबैभन्दा खराब रुप हो । अगस्तसले एकपल्ट प्रार्थनामा उल्लेख गरेको थियो, जुन प्रसिद्ध भयो । उसले प्रार्थना गर्‍यो, "परमप्रभु, असल मानिस- "म" देखि मलाई बचाउनुहोस् ।" फरिसीहरु पनि आफैदेखि बच्नु आवश्यक छ । हामीहरु पनि असल मानिसहरुबाट आफैलाई बचाउनु आवश्यक छ । जव हामी आफैले आफैलाई "असल" भएको महसुस गर्छौ, तव त्यहाँ आत्म सन्तुष्टिको सुक्ष्म खतरा हुन्छ, स्वधार्मिक हुने खतराको कुरा उल्लेख गर्नु पर्दैनन् ।

कर उठाउने मानिसको प्रार्थनामा कस्तो भिन्नता छ? ऊ ताढै उभिएर स्वर्गतिर आँखा पनि नउठाई यसो भन्दै आ̂नो छाती पिट्यो, *"परमेश्वर, म पापीमाथि दया गर्नुहोस् ।"* पापी मानिसको यो साँचो प्रार्थना हो । कर उठाउने मानिसको आचरणले हामीलाई दृष्तान्तमा नम्रताको महान पाठ सिकाउँछन् । पवित्रताको शुरुवाट नै नम्रता हो । नम्रताले हामीलाई परमेश्वरतर्फ डोर्‍याउँछ । प्रेरित पत्रुसले हामीलाई प्रतिज्ञा गर्दछन् कि *"परमेश्वरले अहंकारीहरुको विरोध गर्नुहुन्छ, तर नम्रतालाई अनुग्रह गर्नुहुन्छ"* (१ पत्रुस ५:५,६) । नम्रताको कारणले अपर्याप्तताको भाव सृजना गराउँछ । नम्रताको कारणले हाम्रा पापको जागरुकतामा गम्भीर बनाउँछ । नम्र र पश्चात्तापी हृदयसित दाऊदले भन्यो, *"मेरो पाप सधैं मेरो अगाडी छ ।"* हामी पापी र अयोग्य छौ भनी आफैलाई र परमेश्वरमा स्वीकार्नु नै परमेश्वरतिर पुग्ने पहिलो पाइला हो र हाम्रा आफ्नै खराबीबाट छुटाउनुहुन्छ । येशूको कथामा कर उठाउनेलाई पनि त्यसरी नै भनिएको थियो ।

अन्तमा येशूले भन्नुभयो, "यो चाहिँ (कर उठाउने) मानिस त्यस अर्काभन्दा (फरिसी) धर्मी ठहरिएर आफ्नो घरतिर लाग्यो । कर उठाउने मानिस पापको भारी उचालिएर, बोझबाट हलुको भएर गयो । फरिसी जसरी आएको थियो, त्यसरी नै झन खराव भएर गयो । कर उठाउने आवश्यकताको गहिराइमा आयो । कर उठाउनेले साधारणरुपले प्रार्थना गरेको थियो ताकि हामीहरुले पनि त्यसरी प्रार्थना गर्न सकौ, "हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस् ।"

-0-

# परमेश्वरमा भएको विश्वासले तपाईको कार्यहरुलाई अगुवाई गर्न अनुमति दिनुहोस् ।



*"तर अब तिमीहरु शक्तिशाली होओ, र तिमीहरुको साहस नहटोस् । किनभने तिमीहरुका कामको प्रतिफल तिमीहरुले पाउँनेछौ"* (२ इतिहास १५ :७) । *"जब तिमीहरु परमप्रभुसँग हुन्छौ, तब उहाँ पनि तिमीहरुसँग हुनुहुनेछ । तिमीहरुले उहाँलाई खोज्यो भने, उहाँ तिमीहरुबाट भेट्टइनुहुनेछ । तिमीहरुले उहाँलाई त्याग्यो भने उहाँले पनि तिमीहरुलाई त्याग्नुहुनेछ"* (२ इतिहास १५:२) । यी वचनहरु जसरी आसाको समयमा उपयुक्त थियो आज पनि त्यस्तै छन् । हामीलाई परमेश्वरबाट अलग राख्ने सबै कुराहरु र विगतका संसारिक कुराहरु सबैलाई हामीले पछाडि राख्नु पर्छ । जसरी आखिरी दिनहरु हामीसँग छ र येशूको आगमण कहिले हुन्छ त्यो घडी हामीलाई थाहा छैनन् । त्यसैकारण हामी तयारी भएर प्रभुको काममा लाग्नुपर्छ । प्रायजसो समय हामीले जहिले पनि परमेश्वरको अगाडी हाम्रा काम, परिवार, मित्रहरु र हाम्रा फुर्सदको समय राखिदिनन्छौ । काम गर्नुमा कुन गलत छैनन् । परमेश्वरले हामीलाई काम गर्नको निम्ति आज्ञा दिनु भएको छ । आदमले पनि अदनको बगैचालाई हेरचाह गर्नुपथ्यो र जव उनलाई बगैचाबाट हटाइदिनुभयो उनले *"आफ्नो निधारको पसीनाले कमाएको खानुपथ्यो"* र त्यो उनले आफ्नो जीवन रहुञ्जेलसम्म निरन्तर गर्नुपऱ्यो । पावलले २ थेसलोनिकी ३:१० मा लेख्यो, *"तिमीहरुका साथमा हुँदा हामीले तिमीहरुलाई यो आज्ञा दिएका थियौं, कसैले काम गर्दैन् भने त्यसले नआओस् ।"* दु:ख लाग्दो कुरा धेरैले प्रत्येक दिन परमेश्वरको यो व्यवस्थालाई उलंघन गदर्छन् ।

मित्रहरु, परिवार र हाम्रा फुर्सदका समयहरु पनि महत्वपूर्ण छन् । परमेश्वरको निम्ति हाम्रो प्रेम हाम्रै परिवारमा, मित्रहरुमा र छिमेकीहरुमा देखाउनुपर्छ । अतिथि सत्कार महत्वपूर्ण छ र पापमा हराएकाहरुलाई निमन्त्रणा दिनु हाम्रो प्राथमिकता हुनुपर्छ । शैतान मेहनेतकासाथ काम गर्दैछन्, जसरी उसलाई थाहा

छ कि समय छोटो छ । सम्भव भएसम्म उसले परमेश्वरका सन्तानहरुलाई धोका दिन्छ (मत्ती २४:२४) ।

वचन अध्ययनमा, आराधनामा, भक्तिभावमा, प्रार्थनामा र संगतिमा परमेश्वरको नजिक हुनुहोस् । यसरी नै हामी विश्वासमा बलियो हुन्छौ । यदि हामीले यी मध्ये एउटालाई पनि छोड्यौ भने हाम्रो विश्वास र परमेश्वरको कामको आवश्यकतालाई हामीले विस्तारै विर्सिन्छौ । हामी "प्रभुको काममा" हुनुपर्छ जसरी खीष्ट हुनुभयो (लूका २:४९) ।

खीष्टले हाम्रो निम्ति जे गर्नुभयो त्यो जहिले पनि याद गर्नुहोस् कि उहाँ हाम्रा पापको निम्ति मर्नुभयो । विश्वासमा, सदगुणमा, ज्ञानमा, आत्म संयममा, धैर्यमा, भक्तिमा, भातृस्नेहमा, प्रेममा निरन्तर बढदै जाऔ, यी कुराहरुमा अभाव भएको चाहिँ अन्धा र ताढाका कुरा नदेख्ने जस्तै हुन्छ (२ पत्रुस १:५-१०) । यो जीवनभरीको काम हो । यदि हामीले परमेश्वरलाई बिर्सयौ भने उहाँले हामीलाई बिर्सनुहुन्छ । सोच्दा पनि परिणामहरु निकै भयानक छन् ।

परमेश्वरको निम्ति हाम्रो जति गहिरो प्रेम हुन्छ, उहाँको कामको निम्ति हामी त्यति इच्छुक हुन्छौ । कार्यहरुद्धारा स्वर्गीय स्थान प्राप्त गर्नको निम्ति होइन्, तर परमेश्वरसँग सही हुनको निम्ति हाम्रो गहिरो प्रेम देखाउनको निम्ति हो । जति गहिराई हाम्रो प्रेम हुन्छन, त्यति बढी हामी पापमा हराएकाहरुलाई वचन बाँडन चाहन्छौ । उद्धार मुक्तिको बाटो देखाउन जसरी अरु मानिसहरु हामी कहाँ आइपुग्यो, त्यसरी नै हामी अरु मानिसहरु कहाँ पुग्नको निम्ति परमेश्वरले हामीलाई बचाउनु भयो ।

अरु मानिसहरुले उद्धार पाएको र विश्वासमा बढिरहेको देख्दा हामीलाई इनाम मिल्नेछ । परमेश्वरको अन्तिम इनाम प्रशंसा हो, *"स्यावास, असल र विश्वासी नोकर! तँ थोरै कुरामा विश्वासी भइस्, अव म तँलाई धेरै कुराको जिम्मा दिनेछु, तँ आफ्ना मालिकको खुशीमा सहभागी हो"* (मत्ती २५:२१) । हाम्रो व्यक्तिगत जीवन अझ सहज बनाउनको निम्ति मात्र होइन्, तर परमेश्वरको राज्य विस्तारको निम्ति हामीले हाम्रा वरदानहरु र प्रतिभाहरु प्रयोग गर्नै पर्छ, ।

*"यसकारण लत्रेका हातहरु उठाओ, र दुर्वल घुँडाहरु बलिया बनाओ । तिमीहरु हिँडने बाटो सोझो बनाओ, ताकि लङ्गडो गोडा नखुस्कोस्, तर निको होस् । सबै मानिसहरुसँग शान्तिमा बस्ने र पवित्र हुने प्रयत्न गर, पवित्रताविना कुनै मानिसले परमप्रभुलाई देख्न सक्दैनन्"* (हिब्रू १२:१२-१४) ।

-o-

# हाम्रा बालबच्चाहरुलाई के आवश्यकता छ?

हाम्रो विचमा धेरै जवान मानिसहरु छन् । यी मानिसहरुलाई परिवार र वृद्ध खीष्टियानहरुबाट राम्रो उदाहरणहरुका खाँचो छन । पावल लेख्दछ, *"हामी कोही पनि आफ नै निम्ति बाँच्दैनौ र कोहि पनि आफ नै निम्ति मर्दैनौ"* (रोमी १४:६) । हामीसँग जे छ, त्यसले अरुलाई प्रभाव पार्छ । अभिभावकका क्रियाकलापहरुद्धारा बालबच्चाहरुमा प्रशस्त प्रभाव पर्ने हुन्छन् । जव तिनीहरुले आफ्ना बालबच्चाहरुको अगाडी धुम्रपान गर्छन्, मद्यपान गर्छन, सराप्छन्, भुटो बोल्छन्, अविवेकी पोशाकहरु लगाउँछन्, तव अभिभावकहरुले निकै कमजोर उदाहरणहरु दिइरहेका हुन्छन् । तपाईका बाल बच्चाहरुको उपस्थिति होस या नहोस् तिनीहरुको अगाडी गलत गर्ने कुरालाई इन्कार गर्ने एउटै पक्का मार्ग भनेको जहिले पनि सम्भव भएसम्म सही काम गर्ने हो ।

अभिभावकहरुले सोच्ने गर्दछन कि तिनीहरुको क्रियाकलापले तिनीहरुको बालबच्चाहरुलाई कुनै असर पर्दैनन्, तर तिनीहरु धेरै गलत नहुन सक्छन् । आमाबाबुले आफ्ना बच्चाहरुलाई *"प्रभुको अनुशासन र शिक्षामा हुर्काओ"* (एफिसी ६:४) । तपाईका बालबच्चाहरुको अगाडी उचित उदाहरणहरु प्रस्तुत गर्नु नै तालिमको एउटा ठुलो भाग हो ।

अब्राहाम र यहोशू जस्ता बुवाहरुको उदाहरण हामीलाई चाहिन्छ (उत्पति १८:१९; यहोशू २४:१५) । यी दुवै जना मानिसहरुले आफ्नो परिवारलाई परमेश्वरमा सेवा गर्न नेतृत्व गरेका थिए । हन्ना जस्तो आमाको पनि आवश्यकता छ । आफ्नो छोराको बारेमा उनले परमप्रभुलाई भनी, *"म त्यस बालकलाई त्यसको जीवनपर्यान्त परमप्रभुमा समर्पण गर्नेछु"* (१ शमूएल १:११) । जव हामीसँग हन्नाजस्तो आमा हुन्छन्, हामीसँग शमूएल जस्तो छोरा हुनेछन् । अब्राहाम जस्तो बुवाले इसहाक जस्तो छोरा जन्माउँछन् ।

आमा र बुवाले माया गर्नुभएका कुराहरुलाई बालबच्चाहरुले प्रारम्भिक कालदेखि नै माया गर्न सिक्छ । आमा र बुबाले घृणा गर्नुभएका कुराहरुलाई तिनीहरुले घृणा गर्छन । यसरी जब खीष्टियान परिवारले तिनीहरुको पहिलो प्रेम परमेश्वर र उहाँको बचनलाई देखाउँछ भने सम्भवत बालबच्चाहरुले पनि आत्मिकी कुराहरुलाई माया गर्न सिक्नेछ । यदि हामीले परमप्रभुलाई भन्दा संसारिक कुराहरु र संसारमा भएका कुराहरुलाई बढी इच्छा देखाउँछौ भने हाम्रा बालबच्चाहरु पनि बढ्दै गएपछि त्यस्तै हुने छन् भन्ने कुरामा हामी अच्चमित हुनु पर्दैनन् । हाम्रा बालबच्चाहरुले हामीमा के देख्नु पर्छ? *"बालकलाई ऊ हिडनुपर्ने बाटोमा तालिम देऊ, वृद्ध अवस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन्"* (हितोपदेश २२:६) ।

हाम्रो संसारको आशा खीष्टियान जीवनमा पाउँछौ । जब हामीले परमेश्वरको वचनलाई पछ्याउँछौ तव दह्रिलो परिवारद्धारा समाज उत्तम बन्दै जानेछ । हाम्रा जवान मानिसहरु हाम्रा धेरै महत्वपूर्ण साधन हुन् । उनीहरुले जे सिक्नु आवश्यक छ, त्यहि उनीहरुलाई सिकाउन परमेश्वरले हामीलाई बुद्धि दिऊन् । *"छोराहरु परमप्रभुले दिनुभएको उत्तराधिकार हुन्, छोराछोरीहरु उहाँका इनाम हुन् । योद्धाका हातमा भएका काँडहरु भैं युवावस्थामा जन्मेका छोराहरु हुन्छन्"* (भजन संग्रह १२७:३,४) । -०-

# *बालबच्चाहरुलाई म के दिऊ?*



तिनीहरुलाई **समय दिनुहोस्** । समय कति छिटो गइरहेको छ भन्ने कुरा हामीहरु मध्ये धेरैले बुझ्केका छैनौ । तपाईको आफ्नो समयमा स्वार्थी नबन्नुहोस, विशेष आफ्ना बच्चाहरुसित । तिनीहरुसित खेल्ने समय निकाल्नुहोस् । तिनीहरुसँगै प्रार्थना गर्नुहोस् र बाइबलको महान कथाहरु सुनाउने समय लिनुहोस् । आफ्ना अमूल्य बालबच्चाहरुलाई आनन्द प्राप्त गर्ने समय लिनुहोस् ।

तिनीहरुलाई परमेश्वरको **अच्चमका** उपहार दिनुहोस् । ठगी र धूर्तताको संसारमा कहिले काँही परमेश्वरको अच्चमको अदभूत कामको बारेमा सोच्न धेरै कठिन छन् । अहिलेको आधुनिक यन्त्रहरुको विश्लेषणमा नहाराउनुहोस् । परमेश्वरले सृष्टि गर्नुभएका महान कुराहरुलाई बुझ्न र हेर्न बच्चाहरुलाई सहायता गर्नुहोस् । परमेश्वरका अच्चमका कुराहरुका वर्णन गर्नुहोस् ।

**सुरक्षा** दिनुहोस् । अंगालो हालेको, चुम्वन गरेको र आफ्नो हातले समातेको बच्चाहरु चाहन्छन् । तिनीहरुलाई माया गरेको चाहन्छ, जुन मजवुट हातले घेरा हालेर समात्दा महसुस हुन्छ । तपाई जीउँदो परमेश्वरमा भरोसा गर्नुहुन्छ भन्ने कुरा देखाउनुहोस् ।

तिनीहरुलाई **आत्मबल** दिनुहोस् । तिनीहरु परमेश्वरको आकृतिमा बनाइएका छौ भन्ने कुरा तिनीहरुलाई भन्नुहोस् । जीवनलाई सम्भव बनाउनको लागि परमेश्वरले मात्र केवल सम्भव गर्नुहुन्छ भन्ने कुराको ज्ञान दिनुहोस् । तिनीहरुका जीवनका सबै पक्षहरुलाई सकारात्मक प्रशंसा गर्नुहोस् नकारात्मकहरुलाई हौसलाको निम्ति सकारात्मकमा परिवर्तन गर्नुहोस् । भान्छा कोठामा, घर वरपर, बगैचामा तिनीहरुलाई आफ्नो सहयोगी बनाउनुहोस् । तिनीहरु संगसँगै काम गर्नुहोस् ।

बालबच्चाहरुले बदलामा हामीलाई धेरै उपहारहरु दिन्छन् । तिनीहरुको हाँसो र मायाले हामीलाई खुशी दिन्छ । तिनीहरुको आँखाको झिमकले हामीलाई आशा दिन्छ । जव, तिनीहरुले हाम्रो हात तानेर बेसरी समात्छ तिनीहरुले हामीलाई लक्ष्य र अर्थ दिन्छ । कस्तो महान परमेश्वरको हामी सेवा गर्दछौ जसले संसारलाई बालबच्चाको माया दिएको छ ।

-o-

# पतिहरुको लागि परीक्षण

(१) परिवारको आम्दानीको उपयुक्त रकमबाट उनले छनौट गरे अनुसार हिसाव नसोधी खर्च गर्न के तपाईले आफ्नो पत्नीलाई अनुमति दिनुहुन्छ?
(२) के तपाईले उनलाई जन्मदिन, वार्षिक उत्सव, अप्रत्याशित ध्यान आकर्षण गर्ने कुराहरुमा कहिलेकाहिँ अझै फूलहरुको उपहार दिनुहुन्छ?
(३) सन्ताहरुलाई सम्हाल्न, पूर्ण जिम्मेवारीहरुको हिस्सा लिन र पत्नीलाई समर्थन गर्न के तपाई सहयोगी बन्नुहुन्छ?
(४) के तपाईले उनलाई अरुको माझमा आलोचना गर्नुहुन्छ?
(५) के तपाईले उनलाई आफ्नो पूर्ण मनोरञ्जनका समयहरु दिनुहुन्छ?
(६) के तपाईले उनको बौद्धिक क्षमता विकाश गर्नमा इच्छा र हौसला देखाउनुहुन्छ?
(७) के तपाईले उनको सामाजिक क्रियाकलापहरुमा सहानुभूतिपूर्वक समर्थन गर्नुहुन्छ?
(८) के स्त्री मनोविज्ञानको अदभूततालाई बुझ्ने कोशिस गरी फरक स्थितिमा सहायता गर्नुहुन्छ?
(९) तपाई प्रेम गर्नुहुन्छ र त्यसको अर्थ बुझेर त्यसै अनुसार काम गर्नुहुन्छ भनी के तपाईले भन्नुहुन्छ?
(१०) के तपाईले आफ्ना परिवारलाई आत्मिकी अगुवाइपन दिनुहुन्छ?
(११) के तपाईले आफ्नो पत्नीलाई बाहिरी अनावश्यक कुराहरु गर्न हौसला दिनुहुन्छ?

पाठ्य अध्ययन

# पावल र फिलिप्पी



## फिलिप्पीको पुस्तकको लेखक, पावल

पावलले फिलिप्पीको पत्र रोमबाट पहिलो कारावासको समयमा लेखेको थियो । तिमोथी पनि उनीसँगै भएकोले उसको नाम उल्लेख गरेको छ । फिलिप्पीमा मण्डली शुरुबाट गर्दा तिमोथी पनि पावलसँगै थियो । तिनीहरु आफैले आफैलाई खीष्टको सेवक अथवा खीष्टको बन्धकको रुपमा वर्णन गरेका थिए । जो गलत कुराहरुबाट सही कुराहरु जान्ने उमेरमा पुगेका छन्, तिनीहरु सेवकहरु, दासहरु हुन् (रोमी ६:१६-१८) । सबै खीष्टियानहरु दासहरु हुन् जो हाम्रा मालिक प्रभुबाट किनिएका छौ (१ कोरिन्थी ६:१९,२०) । फिलिप्पीको लेखबारे लिप्सकम भन्दछः

> रोमी शासकको कैदमा हुँदा पावलद्धारा यो पत्र लेखिएको थियो (फिलिप्पी १:७-१३) । उनले कैसरको घरानाबाट अभिवादन पठाउँछन् (फिलिप्पी ४:२१); आफ्नो कारागारको समयमा केही आलोचनाहरुको अपेक्षा गरेको कुरा उनले वर्णन गर्दछन् (फिलिप्पी १:२०-२६); फिलिप्पीमा भेटघाट गर्ने पूर्ण आशा र भरोसा राख्दछ (फिलिप्पी १:२६; २:२४) । रोममा पावलको पहिलो कारावास भएको थियो, हामीलाई थाहा भए अनुसार पावल रोममा “सिङ्गो दुईबर्ष” सम्म बस्यो (प्रेरित २८:३०), जुन निश्चय नै इ.सं. ६१ बाट शुरुवाट भयो । यसकारण यो पुस्तकको लेखन समय पहिलो कारावासको अन्त्यतिर इं.सं. ६३ मा हुनुपर्छ ।

## पाठ्य अध्ययन

### फिलिप्पीमा भएका सन्तहरु

परमेश्वरको सेवामा सर्मपित र पापबाट अलग भएका सबै सन्तहरुलाई यो पत्र पावलले लेखेको थियो (१ कोरिन्थी ६:९-११) । यो सबै ख्रीष्टियानहरुलाई सुहाउँदो व्याख्या हो (२ थेसलोनिकी १:१०) । उनले बिशपहरु र डिकनहरुलाई पनि सम्बोधन गरेको छ । प्रत्येक शहरमा एल्डरहरु नियुक्त गर्नु यो पावलको अभ्यास थियो (प्रेरित १४:२३) । यी मानिसहरु मण्डलीको जिम्मावाल, बिशपहरु थिए जसले सदस्यहरुको आत्माको सुरक्षा गर्ने गर्थे (प्रेरित २०:१७, २८-३२; तीतस १:५-१४; हिब्रू १३:४,१७; १ पत्रुस ५:१४) ।

सबै ख्रीष्टियानहरु डिकनहरु वा सेवकहरु हुन्, तर यहाँ डिकन शब्दलाई तिनीहरुको कामको रुपमा प्रयोग भएको छ (१ तिमोथी ३:८-१३) । दाजुभाइहरुको नियमित भौतिक आवश्यकताहरुलाई ध्यानमा राख्नु तिनीहरुको काम हो । यसो गर्दा तिनीहरुले एल्डरहरुलाई प्रार्थना र अध्ययनमा महत्वपूर्ण काम गर्न स्वतन्त्रता दिनेछन् । तिनीहरुलाई आफैमा रहेर बगाललाई सुरक्षित गर्न अनुमति दिन्छ (प्रेरित ६:१७ संग तुलना गर्नुहोस् ।

### फिलिप्पी शहर

डि.इडमोन्स हेडवर्डले आफ्नो पुस्तक, पावलको पत्रहरुको परिचय, फिलिप्पी शहरको स्वभावका केही भित्री अर्न्तदृष्टि हामीलाई दिन्दछ । यो अन्तर देशीय शहर थियो । यो नियापोलिस बन्दरगाहको करिव ११ माइल दुरी अवस्थित थियो । यो शहर रणनिति हिसाबले महत्वपूर्ण थियो किनभने यो यस्तो ठाउँमा खडा भएको थियो, जहाँ पहाडहरु बरन्डाबाट हेरेको जस्तो देखिन्थ्यो । यो शहरको प्राचीन नाम क्रिनिडेस थियो, जसको अर्थ "सानो छहराहरु" भन्ने बुझिन्छ । हेर्दा खेरी यो क्षेत्रबाट धेरै पानीका मुहानहरु आएका थिए । माकेडोनियाको फिलिप दोस्रोले यो स्थानको महत्वलाई देख्यो र थ्रेसियन्सहरुबाट माकेडोनियालाई रक्षा गर्न यसलाई जितेर आफ्नो बनायो । इं.सं. ३६५ मा उनले यसलाई विस्तार गरी, सुदृढ गरी फिलिप्पी भनी नामकरण गऱ्यो । रोमीहरु फिलिप्पीसम्म पुग्नको निम्ति इग्रोटिया हुँदै राजमार्ग निर्माण गरे । इं.पू.४२ मा रोमी गणतन्त्रात्मक सेनानी ब्रुर्टस र क्यासियसले नेतृत्व गऱ्यो, मार्क एन्टोनी र अक्टाभियनका सिपाहीहरुद्धारा पराजित भयो, जसलाई पछि अगस्तस भनियो । अक्टाभियनको नेतृत्वबाट विजयी भएकोले फिलिप्पी शहरलाई उपनिवेश स्थितिसम्म उचाल्नमा गर्व गरे । त्यहाँका नागरिकहरु रोमी नागरिकहरु भए र तिनीहरुका नामहरु रद्द गरी रोममा गाभिए । तिनीहरुले सम्पति कर र मतदान कर तिनुपर्दैन्थ्यो । तिनीहरुलाई प्रान्तीय शासकले शासन गर्दैन्थ्यो । तिनीहरुको आफ्नै भूमीको अधिकार थियो । शहरको जनसंख्याको रुपमा रोमी उपनिवेशवादीहरु, माकेडोनियाहरु र भुमध्यसागरका पूर्वीय बासिन्दाहरु समावेश थियो भनी हाइवर्ट भन्दथे ।

## पाठ्य अध्ययन

## पावल र फिलिप्पी

आफ्नो दोस्रो सेवाकाईको यात्रामा पावल फिलिप्पी शहरमा पहिलो पल्ट भ्रमण गरेको थियो (प्रेरित १६) । तिमोथी पहिलो पल्ट पावलसँग लिस्त्रामा सामेल भएको थियो । पवित्र आत्माले तिनीहरुलाई एशिया वा बेथानिमा जान अनुमति दिनु भएनन् । पावलले ट्रोआसमा माकेडोनियाका मानिसहरुकहाँ आएर सहायता गर्नको निम्ति तिनीहरुले बोलाइरहेको दर्शन देख्यो । प्रेरितको पुस्तकमा लूकाले अभिलेख अनुसार तिनीहरु जहाजमा यात्रा गर्नुभन्दा अघि छलफल गर्दा "उनले" गरेका भनेर पावलका शब्दहरुलाई भन्दा "हामीले गऱ्यौ भन्ने शब्दहरु पाउँछौ । यसबाट हामी निश्कर्षमा आउन सक्छौ कि पावल र तिमोथीसँग लूका पनि ट्रो आसमा सामेल भएको थियो (प्रेरित १६:१०) । माकेडोनियाको बोलावट पाएपछि तत्कालै तिनीहरु नियापोलिसको लागि जहाज चढेर फिलिप्पीको यात्रा गरे, जसलाई लूकाले प्रमुख शहर भनेको थियो । के कुराले गर्दा यसलाई लूकाले प्रमुख शहर भनी भन्यो भन्ने कुरा हामीलाई थाहा छैन ।

थोरै यहूदीहरु जो त्यहाँ बस्दथे, तिनीहरुमाभm सभाघर थिएनन्, तर शहर बाहिर तिनीहरुको निम्ति प्रार्थना गर्ने स्थान थियो । शबाथ दिन पावल त्यो स्थानमा गएर भेला भएकी स्त्रीहरुसँग बोल्न थाले । लिडिया र उसका घरानाले बप्तिस्मा लिए । दुष्ट आत्माले भरिएकी युवतीलाई पावलले निको पाऱ्यो । यो गरेकोले पावल र सिलासलाई समात्यो, बजारमा घिर्सादै पिट्यो । तिनीहरुलाई भ्यालखानामा हाल्यो । तिनीहरुले कारागारमा फिलिप्पीका जेलरबाट भेट्यो । भ्यालखानामा तिनीहरुले जेलरलाई सिकायो र उ लगायत उसका परिवारले बप्तिस्मा लिए ।

अर्को दिन न्यायीक अधिकारीहरुले प्रेरितहरुलाई त्यतिकै छोडन सक्दैन्थ्यो । उनीहरु रोमी नागरिक भएकोले विना कारण दोषारोपण नभइकन पिटेको थियो । न्यायीक अधिकारीहरु जेलमा गएर पावल र सिलासलाई छोड्नु भन्नु पर्छ । हाइवर्ट सोच्छन् कि आफु रोमी नागरिक भएकोले अधिकार माग्नु महत्वपूर्ण थियो भनी पावल आग्रह गर्दछन् । यो कुनै अप्राकृतिक क्रान्तिकारी आन्दोलन थिएन र अभियोग लगाइएको तर यो रोमी नागरिक भएर प्रचार गरेको कुरा न्यायीक अधिकारीहरुले महसुस गर्नु आवश्यक छ । यसले पछि आउने मण्डलीका समस्याहरुलाई बचाउन सक्छन् । लिडियाको घरमा दाजुभाइ, दिदी बहिनीहरुलाई भेटेर सान्त्वना दिएपछि पावल र तिनका सहकर्मीहरु त्यहाँबाट गए । माकेडोनियाका ख्रीष्टियानहरुको उदारताको निम्ति पावलले प्रशंसा गरेको कुरा फिलिप्पीका ख्रीष्टियानहरुले समावेश गरिएको थियो (२ कोरिन्थी ८:१-१५) । पावलसित तिनीहरुको नजिकको कार्य सम्बन्ध थियो, एकपल्ट भन्दा बढी अवसरमा तिनीहरुले उनलाई सहायता गरेका थिए (फिलिप्पी ४:१५,१६; प्रेरित १८:५; २ कोरिन्थी ११:७-१०) । कोरिन्थीहरुको माभmमा समस्या हुँदा पावलले तिनीहरुलाई भेटेको हुन सक्छन् (२ कोरिन्थी २:१२,१३; ७:५,६) । तिनीहरुसंग उनले प्रेरित २०:६ मा निस्तार चाड मानेका थिए, यसकारण उनीहरुमा परमेश्वरको अनुग्रह र शान्ति होस् भनी चाहना गर्नुमा कुनै अचम्म छैनन् । अनुग्रह भनेको सित्तैमा दिएको कृपालु कार्य हो । शान्ति भनेको आन्तरिक शान्त हो । -o-

# मूर्ख धनी मानिस

लूका १२:१३-२१ मा हामीले मूर्ख धनी मानिसको दृष्तान्त पाउँछौ । यो मानिसलाई प्रायजसो मूर्ख भनिएको हामी देख्छौ तर किन यसो भन्यो भनेर हामीले विरलै सोध्छौ । येशूले उनलाई मूर्ख भन्नुको केही निम्न कारणहरु छन् :-


(१) **उसले वरदानलाई सोच्यो तर वरदान दिने परमेश्वरलाई सोचेनन् ।** सबै आशिषहरु परमेश्वरबाट आउँछ (याकूव १:१७) । तै पनि यो मानिसले परमेश्वर लाई श्रेय नदिइकन आफैलाई दियो । यो मानिसमा “म” शब्दमा समस्या छ । “म” यो गर्नेछु र “म” त्यो गर्नेछु भनी उसले भन्यो । ती वरदानहरु दिनु हुने व्यक्तिलाई हटाउन उसले आफ्नै भौतिक सम्पतिमाथि केन्द्रित गऱ्यो । आज हामी केही मात्रामा धनी हुन सक्छौ । हामीले परमेश्वरवाट पाएका आशिषहरु कहिल्यै पनि बिर्सनु हुँदैन् । पैसाद्धारा जति पनि योग्यताहरु हामीले हासिल गरेका छौ ती सबै परमेश्वरले दिनुभएको हो । उहाँ विना हामी केही पनि होइनौ ।

(२) **उसले आफ्नैबारे सोच्यो र आफ्नो छिमेकीहरुलाई बिर्सियो ।** मूर्ख धनी मानिसले सबै आफ्नै सम्पति बनाउने मात्र योजना गर्दै थियो । उसले आफ्नो भकारीहरु भत्काएर ठुलो बनाउँदै छन् । उसले आफ्नै निम्ति सबै सम्पतिहरु थुर्पादैथियो । उसले आवश्यक परेका आफ्ना छिमेकीहरु, असहाय, दीन दुःखी, अनाथ, बृद्धहरुलाई सम्झेनन् । आज हामीले हाम्रा सम्पतिहरु अरुलाई सहायता गर्ने कुरामा इच्छा गर्नुपर्छ । १ यूहन्ना ३:१७ मा भन्दछ, *“ कसैसित संसारको धन सम्पति छ र पनि आफ्ना दाज्यु- भाइलाई खाँचोमा परेको देख्दा उनीहरुप्रति आफ्नो मन कठोर पार्छ भने, परमेश्वरको प्रेमले कसरी त्यसमा वास गर्छ ।”* हामीले येशूको वचनलाई याद गरौ, *“ लिनुभन्दा दिनु अझ धन्य हो”* (प्रेरित २०:३५) । परमेश्वरले तपाईलाई दिनुभएको आशिषलाई बाँडनको निम्ति खाँचोमा परेका कसैलाई खोज्नुहोस् र सहायता गर्नुहोस् ।


(३) **उसले आफ्नो शरीरबारे सोच्यो र आफ्नो आत्मालाई बिर्सियो ।** मूर्ख धनी मानिसले आफ्नो भौतिक पालनपोषणबारे ठुलो योजना गरेको थियो । उ खाँदै, पिउँदै र मोज गर्दै छन्, तर उसको आत्मिकी अवस्था कस्तो छ? यसो हेर्दा उसको आत्मिकी कुराहरुबारे कुनै चासो थिएनन् । याद गरौ हाम्रो भौतिक शरीर नष्ट भएर कुहिएर गएता पनि हाम्रो आत्मा अनन्तको हुनेछ । हामी ख्रीष्टियान भएकोले ती भौतिक कुराहरुभन्दा आत्मिक कुराहरुलाई हामीले प्राथमिकता दिनुपर्छ ।

(४)**उसले जीवनबारे सोच्यो र मृत्युलाई बिर्सियो ।** मूर्ख धनी मानिसले आफ्नो मृत्युवारे बिल्कुल सोचेनन् । उसले त्यसरी कसरी गर्न सक्थ्यो? आफ्नो पैसालाई के गर्न सकिन्छ भन्ने बारेमा योजना गर्नमा उ निकै व्यस्त भएको देखिन्छ । यस्तो देखिन्छ कि उ सदाकालसम्म जीउने कुरा सोच्दै छन् । *“ ए मूर्ख, आज राती नै तेरो प्राण तँबाट लिइनेछ, र जे कुराहरु तैंले आफ्नो निम्ति थुपारेको छस्, ती कसको हुने?”*

हाम्रो निम्ति के पाठ छ? हाम्रो जीवन छोटो छ (याकूव ४:१४) । मृत्यु निश्चय छ (हिब्रू ९:२७) । यो दृश्यलाई हेरेर हामीले हाम्रो सम्पति पृथ्वीमा भन्दा स्वर्गमा जम्मा गर्नुपर्छ (मत्ती ६:१९-२१) ।-০-




# रोमी १६:१-२७



(१) फिबीलाई के भनियो? (पद १)
(२) फिबीको बारेमा रोमी खीष्टियाहरुलाई पावलले के अनुरोध गरेको थियो? (पद २)
(३) पावलको भनाई अनुसार फिबीले त्यस्तो के काम गरिन जसले गर्दा तिनलाई चाहिएको कुनै पनि सहायता गर भनेको थियो? (पद २) ।
(४) कसलाई पावलले सहकर्मी भनिएको छन्? (पद ३)
(५) तिनीहरुले पावललाई कस्तो सेवा दिएका थिए? (पद ४)
(६) अखैयाका पहिलो फल को थियो? (पद ५)
(७) पावलभन्दा अगाडी खीष्टियान भएका व्यक्तिहरुलाई अभिवादन गर्न पावलले कसलाई पठायो? (पद ७)
(८) मण्डलीमा फुट ल्याउने व्यक्तिहरुलाई हामीले के गर्नुपर्छ भनी भन्दछ ? (पद १७)
(९) खीष्टियानहरुले एकले अर्कालाई कसरी अभिवादन गर्नुपर्छ भनी भन्दछ? (पद १६)
(१०) यी विभाजन गर्ने मानिसहरुले वास्तवमा कसलाई वा के को सेवा गर्छन्? (पद १८)
(११) तर म चाहन्छु, कि जे असल छ त्यसैको निम्ति तिमीहरु.................होओ र जे खराव छ त्यसमा..................रहो (पद १९) ।
(१२) पावलसँगै अरु कसले अभिवादन पठाएको थियो? (पद २१-२३)
(१३) पावल भन्दछन् कि सुसमाचार..................र.................रहेको थियो, तर अहिले...............गरिएको छ (पद २५,२६) ।

१ किंक्रियामा भएको मण्डलीकी धर्म-सेविका हाम्री बहिनी फिबीको प्रशंसा तिमीहरुको समक्ष गर्दछु । २ म तिमीहरुलाई निवेदन गर्दछु कि सन्तहरुलाई सुहाउने किसिमले तिनलाई प्रभुमा ग्रहण गर, र तिनलाई चाहिएको कुनै पनि सहायता तिनलाई देओ, किनकि तिनी आफैले धेरैको र मेरो पनि सहायता गरेकी छिन् । ३ प्रिस्का र अकिलास, ख्रीष्ट येशूमा मेरा सहकर्मीहरुलाई अभिवादन । ४ तिनीहरुले मेरो निम्ति आफ्ना जीवन सङ्कष्टमा हाले । तिनहिरुलाई मैले मात्र होइन, तर अन्यजातिका मण्डलीहरु जम्मैले पनि धन्यवाद दिन्छन् । ५ तिनीहरुको घरमा भएको मण्डलीलाई अभिवादन देओ । मेरा प्रिय इपेनितसलाई, जो ख्रीष्टको निम्ति एशियाको पहिलो विश्वासी हुन्, अभिवादन देओ । ६ मरियमलाई, जसले तिमीहरुका बीचमा घोर परिश्रम गरिन्, तिनलाई अभिवादन देओ । ७ एन्ड्रोनिकस र युनियस, मेरा आफन्तहरु र मेरा सङ्गी-कैदीहरुलाई, अभिवादन भनिदेओ । तिनीहरु प्रेरितहरुमध्ये प्रख्यात छन्, र मभन्दा अगाडि ख्रीष्टमा भएका थिए । ८ एम्प्लीआतस, प्रभुमा मेरो प्रियलाई, अभिवादन भनिदेओ । ९ उर्बानस, ख्रीष्टमा हाम्रा सहकर्मी, र मेरा प्रिय मित्र स्ताखुसलाई अभिवादन भनिदेओ । १० ख्रीष्टको योग्य ठहरिएका अपेल्लेसलाई अभिवादन भनिदेओ । अरिस्तोबुलसको घरकाहरुलाई अभिवादन भनिदेओ । ११ मेरा आफन्त हेरोदियनलाई अभिवादन भनिदेओ । प्रभुमा भएका नर्किससका घरानालाई अभिवादन भनिदेओ । १२ प्रभुमा परिश्रम गर्ने त्रुफेना र त्रोफोसालाई अभिवादन भनिदेओ । प्रभुमा अत्यन्तै परिश्रम गर्ने प्रिय परसीसलाई अभिवादन भनिदेओ । १३ प्रभुमा चुनिएका रुफस र तिनकी आमा, जो मेरी पनि आमा भएकी थिइन्, तिनीहरुलाई अभिवादन भनिदेओ । १४ असिंक्रितस, फ्लेगन, हर्मेस, पत्रोबास, हर्मास, र तिनहिरुसँग भएका भाइहरुलाई अभिवादन भनिदेओ । १५ फिलोलोगस, युलिया, नेरियस र तिनकी बहिनी, र ओलिम्पास र तिनीहरुसँग भएका सबै सन्तहरुलाई अभिवादन भनिदेओ । १६ एउटाले अर्कालाई पवित्र चुम्बनले अभिवादन गर । ख्रीष्टमा सबै मण्डलीहरुले तिमीहरुलाई अभिवादन पठाएका छन् । १७ भाइ हो, म तिमीहरुलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि तिमीहरुलाई सिकाइएको धर्म-सिद्धान्तको विरुद्धमा फूट र बाधा-विघ्न सृष्टि गर्नेहरुलाई नजर राख, र तिनीहरुबाट अलग्गै बस । १८ किनभने यस्ताहरुले ख्रीष्ट हाम्रा प्रभुको निम्ति होइन्, तर आफ्नै पेटको निम्ति सेवा गर्दछन्, र तिनीहरुको मीठो-मीठो बोली र कुर ले सीधासाधाहरुका हृदयलाई धोखा दिन्छन् । तिमीहरुको आज्ञाकारिता सबै मानिसहरुमा जाहेर छ, तिमीहरुको कारण म आनन्द गर्दछु । तर म चाहन्छु, कि जे असल छ त्यसको निम्ति तिमीहरु बुद्धिमान होओ, र जे खराब छ त्यसमा दोषरहित रहो । २० शान्तिका परमेश्वरले चाँडै नै शै तानलाई तिमीहरुका खुट्टामुनि कुल्चनुहुनेछ । हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरुसँग र होस् । २१ तिमोथी मेरा सहकर्मी, र मेरा आफन्तहरु, लुकियस, यासोन र सोसिपात्रोसले तिमीहरु लाई अभिवादन पठाएका छन् । २२ यो चिठ्ठी लेख्ने, म तर्तियसले प्रभुमा तिमीहरुलाई अभिवादन पठाउँदैछु । मेरा मेजमान र सारा मण्डलीलाई सत्कार गर्ने गायसले अभिवादन पठाएका छन् । तिमीहरुलाई अभिवादन छ । शहरका कोशाध्यक्ष इरास्तस र भाइ क्वाटसले तिमीहरुलाई अभिवादन पठाएका छन् । २४ हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरुसँग रहोस् । आमिन् । २५ अब उहाँलाई, जसले तिमीहरुलाई मेरो सुसमाचार र येशू ख्रीष्टका विषयको प्रचार अनुसार सुदृढ गराउन सक्नुहुन्छ, त्यस रहस्यको प्रकाशबमोजिम, जो युग-युगदेखि गुप्त रहेको थियो, तर अब अनन्तका परमेश्वरको आज्ञाअनुसार अगमवक्ताहरुका लेखाइद्वारा प्रकट गरिएको र जनाइएको छ, यस हेतुले कि सबै जातिहरुले विश्वास गरुन, र आज्ञापालन गरुन– अद्धितीय सर्वज्ञानी परमेश्वरलाई येशू ख्रीष्टद्धारा सदासर्वदा महिमा होस् । आमिन ।-o-

# बप्तिस्मा दिने यूहन्ना



बप्तिस्मा दिने यूहन्नाको प्रशंसा गर्दै येशूले भन्नुभयो, *"साँच्चै, म तिमीहरुलाई भन्दछु, स्त्रीबाट जन्मेकाहरुमा बप्तिस्मा दिने यूहन्नाभन्दा महान अरु कोही भएको छैन्"* (मत्ती ११:११) । यूहन्नाको नाम मात्र उल्लेख गर्दा हामीलाई असम्झौताको साहस र दृढ भक्तिको याद गराउँछ ।

इर्मसनले एकपल्ट यसो लेख्यो, *"महान हुने कुरालाई गलत अर्थ लगाइयो ।"* दु:खको कुरा, आज धेरै मानिसहरु छन् जसले यूहन्नाको बोलावट र उसको कामको स्वभावलाई बुझ्न असफल भएका छन् । बप्तिस्मा दिने यूहन्नाबारे यी थोरै अवलोकनहरुलाई केही समयको निम्ति विचार गरौं ।

बप्तिस्मा दिने यूहन्नाले मण्डली स्थापना गरेनन् । नयाँ नियमको अभिलेखमा एउटै मण्डली छ (एफिसी ४:४), त्यो मण्डली येशू ख्रीष्टद्धारा निमार्ण भयो (मत्ती १६:१८) । येशू केवल जग (१ कोरिन्थी ३:११), शिर (कलस्सी १:१८) हुनुहुन्छ । येशले आफ्नो अमूल्य रगतद्धारा मण्डलीलाई किन्नुभयो (प्रेरित २० :२८) । जसरी पत्रुस र पावलले तिनीहरुको आफ्नै मण्डली स्थापना गरेनन्, न ता बप्तिस्मा दिने यूहन्नाले नै गरे । यूहन्नाद्धारा मण्डली बनाएको, यूहन्नाद्धारा शासन गरेको वा यूहन्नाको पछि नाम भएको नयाँ नियममा कुनै थाहा छैन् ।

यूहन्ना प्रभुको मण्डलीको सदस्य पनि थिएनन् । वास्तवमा मण्डलीको स्थापना हुनुभन्दा अगाडी यूहन्ना मरेर गाडिएको थियो ।

धर्मशास्त्रको समय सूची वा इतिहासलाई याद गर्नुहोस्:-

(१) "स्वर्गको राज्य नजिक आएको छ" भनी यूहन्नाले प्रचार गरे (मत्ती ३:२) । राज्य नजिक थियो वा छिट्टै शुरु हुनेछ, तर अझै पनि अस्तित्वमा आएको छैनन् ।

(२) *" तपाईको राज्य आओस"* भनी मत्ती ६:१० मा येशूले आफ्ना चेलाहरुलाई प्रार्थनामा सिकाउनु भयो, त्यतिबेलासम्म यो भविष्यमा थियो ।

(३) मत्ती ११ अध्यायमा यूहन्ना कैदमा थियो । अब उसको सार्वजनिक सेवाकाई सकियो ।

(४) मत्ती १४ अध्यायमा यूहन्नालाई शिर काटेर मारेको थियो र उहाँका चेलाहरुले मृत शरीरलाई गाडे ।

(५) पछि मत्ती १६ अध्यायमा येशूले प्रतिज्ञा गर्नुभयो, *" म मेरो मण्डली स्थापना गर्नेछु"* (पद १८) । *" म स्थापना गर्नेछु"* -पहिलो व्यक्ति, एकवचन भविष्यको सुचक कार्य हो । यूहन्नाको मृत्यु भयो र उसको लास चिहानमा हुँदा येशूले आफ्नो मण्डली स्थापना गर्ने प्रतिज्ञा गर्नुभयो । सम्भवत यो हुन्छ कि यूहन्ना प्रभुको मण्डलीको हिस्सा थिएनन्, मण्डली स्थापना हुनुभन्दा अघि यूहन्नाको मृत्यु भै सकेको थियो । मत्ती ११:११ मा हाम्रा मुक्तिदाताको वचनमा यी सत्यतालाई घेरिएको छ, *" यूहन्ना भन्दा महान अरु कोही छैन् । तरै पनि स्वर्गको राज्यमा जो सबैभन्दा सानो छ ।"* नोआ, अब्राहाम, मोशा र यूहन्ना जस्तै अरु धेरै मानिसहरु मण्डली स्थापना हुनुभन्दा अघि बाँच्यो र मऱ्यो । आज हामीसँग परमेश्वरको राज्यको हिस्सा हुने मौका छ र सम्मान गर्छौं । येशूसँग भएका सम्मानहरु ठीकसँग पाउने इच्छा कहिल्यै पनि यूहन्नाले गरेनन् । यूहन्नाले भन्यो, *" म ख्रीष्ट होइन्, तर उहाँभन्दा अगाडि पठाइएको हुँ...उहाँ बढ्नु र मचाहिँ घटनु आवश्यक छ"* (यूहन्ना ३:२८,३०) । *" म पछि आउनुहुने म भन्दा अझ शक्तिशाली हुनुहुन्छ, जसका जुत्ता बोक्न योग्यको म छैनँ"* (मत्ती ३:११) ।

बप्तिस्मा दिने यूहन्नाको नाम पछि आफुलाई बोलाएर अज्ञानताको गलत दिशामा डोऱ्याउनु हो । किन मालिलको सट्टामा सेवकलाई श्रद्धाञ्जली दिने? किन मालिकलाई भन्दा सेवकलाई उचाल्ने? बप्तिस्मा दिने यूहन्नाको सर्न्दभमा पिता र पुत्रको इच्छा अनुसार होइन् ।

-०-

# अनौठा फरिसीहरु

फरिसीहरु भिन्नै समुहका थिए । धार्मिक थिए, धर्मी थिएनन् । परम्परागत थिए, तर सत्यता थिएनन् । घमण्डी थिए, तर पश्चात्तापी थिएनन् ।

मत्ती २३ अध्यायलाई पढ्नुहोस् । येशूले हामीलाई तिनीहरुको धर्मको झलक दिनुहुन्छ ।

पहिलो, तिनीहरुले सिकाए अनुसार तिनीहरु अभ्यास गर्न असफल भए । *"यसकारण तिनीहरुले भनेका कुरा गर र मान तिनीहरुले गरेजस्तो चाहिँ नगर, किनकि तिनीहरुले शिक्षा त दिन्छन्, तर त्यस अनुसार गर्दैनन्"* (मत्ती २३:३) । तिनीहरुले एउटा कुरा सिकाउँछन् र अर्कै अभ्यास गर्छन । तिनीहरुको भनाई गराई अनुसार समान थिएनन् । अनौठा फरिसीहरु ।

दोस्रो, तिनीहरुको धर्म देखावटी थियो । *"तर तिनीहरु आफ्ना सारा काम मानिसहरुलाई देखाउनलाई गर्दछन्" (मत्ती २३:५) । "यस्तो हुनुपर्छ"* र "त्यस्तो हुनुपर्छ" भनी कसैले तिनीहरुको पिठ ठम्ठम्याएको चाहन्छन् । तिनीहरुले जे गऱ्यो त्यो देखाउनको निम्ति गऱ्यो । अनौठा फरिसीहरु ।


तेस्रो, तिनीहरुले ठुलो कुराहरुलाई सानो ठान्यो र सानो कुराहरुलाई ठुलो ठान्यो । *"तिमीहरु पुदीना र सूँप र जीराको दशांश दिन्छौ, तर व्यवस्थाका गहकिला विषयहरुको अवहेलना गर्दछौ"* (मत्ती २३:२३) । तिनीहरुले सानो डाँडालाई ठुलो पहाड र ठुलो पहाडलाई सानो डाँडा बनायो । ठुलो चाहिँ सानो भयो र सानो चाहिँ ठुलो भयो । अनौठा फरिसीहरु ।

चौथो, तिनीहरु बाहिररुपमा सुन्दर थिए तर भित्र कुरुप थिए । *"यसरी नै तिनीहरु पनि बाहिर भने मानिसहरुका सामुन्ने धर्मी देखा पर्दछौ, तर भित्र भने कपट र दुष्टताकले भरिएका छौ"* (मत्ती २३:२८) । तिनीहरुका हात सफा थियो तर तिनीहरुका हृदय सफा थिएनन् । तिनीहरुको हृदय प्रत्यारोपणको आवश्यकता छ । अनौठा फरिसीहरु ।

पाँचौ, तिनीहरु परम्परामा भारी थिए, तर सत्यतामा हलुका थिए । *"यसरी तिनीहरुले आफ्नो परम्परको खातिर परमेश्वरको वचनलाई बेकम्मा गराएका छौ"* (मत्ती ५:६) । तिनीहरुले सत्यतालाई परम्पराको त्यही समान स्तरमा राखे । सत्यता र परम्परा हातेमालो गर्दै गए । अनौठा फरिसीहरु ।

थोरै प्रश्नहरु: (१) तपाईले जे सिकाउनुहुन्छ के त्यही अभ्यास गर्नुहुन्छ? तपाईले भन्नु भए अनुसार गर्नुहुन्छ र गर्नु भए अनुसार भन्नु हुन्छ? (२) के तपाईको धर्ममा देखावटी छ? परमेश्वरको निम्ति तपाईले जे गर्नुहुन्छ के त्यो मानिसले थाहा पाओस् भनी तपाई चाहनुहुन्छ? (३) के तपाईले ठुलोलाई सानो र सानोलाई ठुलो गन्नुहुन्छ? के तपाईले ठुलो सामानलाई सानो र सानो सामानलाई ठुलो बनाउनुहुन्छ? (४) के तपाई बाहिरीरुपमा सुन्दर भएर भित्रीरुपमा कुरुप हुनुहुन्छ? के तपाईको हृदय तपाईको हात जस्तै सफा छन्? (५) के तपाईले सत्यताभन्दा परम्परालाई माथि देख्नुहुन्छ? के तपाई सत्यताको खोजी गर्ने वा परम्पराको खोजी गर्ने हुनुहुन्छ? अनौठा फरिसीहरु? अनौठा ख्रीष्टियानहरु ।-0-

# मत्ती- कर उठाउने व्यक्ति




मत्ती जसले बाह्र जना प्रेरितहरुको माभ्रुमा आफैलाई आठौं स्थानको सूचीमा राखेको छ, साथै उनले अरु प्रेरितहरुको नामको भन्दा आफ्नै नामको योग्यता फरक तरीकाले बनाएको देखिन्छ (मत्ती १०:१-४) । उसले एउटा गद्दारलाई चिनाएको छ, अर्कोको जातिय वर्णन गर्दछ, र प्रभुद्वारा चुन्नुभएको दुई दाजुभाइहरुको बारेमा हामीलाई बताउँदछ, तिनीहरुको उपनाम, बोलाउने नाम र अल्फयसका छोरा याकूबको बारेमा भन्दछ । तापनि, आफ्नो नामको पछाडि आफ्नो विशिष्ट पेशा अंगालेको एकजनाको मात्र दिन्दछ । हामीलाई थाहा छ कि समुहमा मछुवाहरु पनि थिए । छानिएकाहरु मध्ये कम्तिमा पनि एकजनाको राष्ट्रवादी व्यवसायिक उभिएको छ । सायद त्यो एकजना आर्थिक व्यापारमा थियो । तैपनि अनौठोपूर्वक उसले मात्र आफ्नो व्यापार उल्लेख गरेको छ ।

मत्तीको आफ्नै अभिलेख अनुसार कर उठाउनेहरु पापी मानिसहरुसित टाँसिएर बसेका थिए भन्ने विषयमा कुनै शंका थिएनन् (मत्ती ९:१०,११) । लूकाले कम्तीमा थाहा भएको एउटा अनैतिक बेइमान व्यवहारको अभिलेख गर्दछन् (लूका १९:१; ३:१३) । वास्तवमा मत्तीले बारम्बार कर उठाउनेहरु, वेश्याहरु र मूर्तिपूजकहरुलाई एकैसाथ राख्दछन् (मत्ती ११:१९; १८:१७) । बिशेषगरी फरिसी र शास्त्रीहरुले

तिनीहरुलाई त्यसरी नै हेर्ने गर्दथे । तैपनि, येशूले उनलाई बोलाउनुभन्दा अघि उनले कस्तो काम गर्दथ्यो भनी मत्तीले कुनै कुरा लुकाएनन् । आफु जस्तो थियो त्यस्तै सूचीमा खुल्लमखुल्ला लेखेकोले ऊ अरुभन्दा फरक भयो ।

आफ्नै पापको दोषी भएर संघर्ष गरिरहेका मानिसहरुले येशूलाई पछ्याउँदा विजय हुन्छ भनी थाहा पाउन र येशूको शक्तिको उदाहरण उनमा छ भनी आशा दिन के उनले यसो गरेको हो? प्रेरित हुनको निम्ति र येशूको जीवनको चारवटा पवित्र अभिलेखको पुस्तक मध्ये एउटा पुस्तक लेख्न जसलाई चुनियो त्यो व्यक्ति विगतमा पापी थियो भन्न के उसले यसो गरेको हो (रोमी ३:२३)? के उनले खीष्टमा एकता सम्भव छ भनी देखाउनको निम्ति यस्तो गरेका हो? येशूको सेवाकाई पुरा गर्नको निम्ति सिमोन कनानी र उसको कति अन्तर क्रिया भयो? के तिनीहरुले कहिल्यै एकैसाथ "ढोका ढक्ढक्याए" होला? जव तिनीहरु एकैसाथ भोजन खान लाग्दा एकले अर्कालाई कति ताढा ढकेलिदिन्थे? रोमी सरकारको कोषलाई सम्बृद्ध गर्न कर उठाउने व्यक्तिलाई यहूदी जातिहरुले भित्री मनदेखि प्रशंसा गर्दैन्थ्यो ।

उ को थियो र उसले के गऱ्यो भन्ने कुरा उसले सबैलाई स्पष्टसँग भन्दछ । तै पनि, खीष्टद्धारा भएर उ के भयो भन्ने कुरा नै सबैभन्दा महत्वपूर्ण विषय हो । येशको पुनरुत्थान र स्वर्गारोहण भएपछि उसले विश्वासयोग्य भएर सेवा गरेको थियो (प्रेरित १:१३) । प्रारिम्भक रुपमा खीष्टको सुसमाचार प्रचार गर्ने जिम्मेवार उसमा थियो (प्रेरित २:१४) ।

नराम्रो शब्द बोल्नेहरुलाई के भन्ने? झुटा बोल्नेहरुलाई के भन्ने? यदि तिनीहरुले पश्चात्ताप गरेर खीष्टमा आज्ञापालन गर्छन् भने के तिनीहरुले राज्यमा उपयुक्त स्थान पाउँदैनन्? हामीलाई अघि नै जवाफ थाहा भईसकेको छ । हामीले यसलाई विश्वास गरेका प्रभु चाहनुहुन्छ ।

-o-

# के ले येशूलाई क्रूसमा टाँग्यो?

कसले येशूलाई क्रूसमा टाँग्यो? यो शैक्षिक प्रश्न हो किनभने जसले उहाँलाई क्रूसमा टाँगेका थिए तिनीहरु मरिसकेका छन् । के ले येशूलाई क्रूसमा टाँगियो? यो प्रश्न सुसंगत छ किनभने हाम्रा प्रभुलाई क्रूसमा टाँग्ने मनसाय (पाप) आज पनि जीवित छन् । यी पापहरुद्वारा फेरी पनि परमेश्वरको पुत्रलाई हामीले क्रूसमा टाँग्न सम्भव छन् (हिब्रू ६:६) ।

• **ईर्ष्याले येशूलाई क्रूसमा टाँग्यो ।** *"किनभने तिनीहरुले येशूलाई डाहले नै सुम्पिदिएका हुन् भनी पिलातसलाई थाहा थियो"* (मत्ती २७:१८) । ईर्ष्या (ग्रीक शब्द "फट्नोस्")- अरु मानिसहरुको प्रगति वा लाभका कुराहरु सुनेर वा गवाहीद्धारा उत्पन्न हुने असन्तुष्टि अनुभव हो ।" पाप स्वभावका काममा ईर्ष्या पनिपर्दछ (गलाती ५:१९-२१) । *"प्रेमले डाह गर्दैन"* (१ कोरिन्थी १३:१४) । ईष्यालु व्यक्तिले अपराध नगर्ने कुनै पाप हुँदैनन् । योसेफका दाजुहरु (उत्पति ३७), राजा शाउल (१ शमूएल १६), जेठो दाजु (लूका १५) र अरु धेरै यसका उदाहरणहरु हुन ।

• **लोभले येशूलाई क्रूसमा टाँग्यो** । *"चाँदीका तीस टुक्रा सिक्का"* को निम्ति प्रभुलाई यहूदी अगुवाहरुको सामुन्ने बेच्ने यहूदाले षडयन्त्र रच्यो (मत्ती २६:१४-१६) । मानिसहरुले पैसाको निम्ति के गर्नेछन् भन्ने कुरा कुनै अच्चमको छैन् र यो कहिल्यै अन्त्य हुँदैनन् । तिनीहरुले रक्सी, लागुपदार्थको सेवन, अस्लिलताको साथै तिनीहरुले आफ्नै शरीर बेच्छन् । पैसाको निम्ति धेरैले झुटो बोल्छन्, चोर्छन र धोका दिन्छन् । लोभ (ग्रीक शब्द "प्लुनिसिया")- लालच, धेरै हुन इच्छा गर्ने (भाइन् शब्दकोष) बुझिन्छ । पावल लेख्दछ, *"किनभने रुपियाँ पैसाको लोभमा परेर कोही कोही विश्वासबाट कुमार्गतिर लागेका छन्, र धेरै पीडाले तिनीहरुका हृदय घोचेका छन्"* (१ तिमोथी ६:१०) ।

• **अज्ञानताले येशूलाई क्रूसमा टाँग्यो ।** यहि कारणले गर्दा मानिसहरुले येशूलाई क्रूसमा टाँग्यो भनी पत्रुसले भन्यो, *"अब भाइ हो, मलाई थाहा छ कि तपाईहरुले अजानमा त्यसो गर्नुभयो र तपाइएका शासकहरुले पनि त्यसै गरे"* (प्रेरित ३:१७) । पावलले यसमा थप्दै भन्यो, यस युगका कुनै शासकहरुले त्यो कुरा बुझेनन् । तिनीहरुले बुझेका भएदेखि महिमाका प्रभुलाई टाँग्ने नै थिएनन्" (१ कोरिन्थी २:८) । अज्ञानता ग्रीक शब्द "एकनोइया")-"ज्ञान वा उपदेशको चाहना गर्ने" भन्ने बुझिन्छ (भाइन् शब्दकोष) । अज्ञानता त्यो सिद्धान्त हो जसको कारणले पाप हुन्छ । अझै पनि अज्ञानतालाई माफ दिदैनन् । परमेश्वरले *"अब प्रत्येक ठाउँमा सब मानिसहरुलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ"* (प्रेरित १७:३०) ।

• **डरपोकले येशूलाई क्रूसमा टाँग्यो** । प्रभुको विश्वासघातको दृश्यमा चेलाहरु पनि थिए (मत्ती २६:५७) । केही परसम्म गएर पत्रुसले येशूलाई पछ्यायो (मत्ती २६:५८) । मानिसहरुबाट कृपा गुम्ने डरले पिलातसले येशूलाई क्रूसमा टाँग्न पठायो (मत्ती २७:१५-२६) । सभाघरका शासकहरुले उहाँमा विश्वास गरे, तर उहाँलाई स्वीकार गर्न सकेनन् (यूहन्ना १२:४२,४३) । डरपोक, हौसला र संकल्पको अभावले येशूलाई क्रूसमा टाँग्यो ।

यस्ता पापहरुलाई चिनेर के हृदय डाह, लोभ, अज्ञानता र कायरताबाट मुक्त छन्? मलाई थाहा छ कि तपाईले पुनः परमेश्वरको पुत्रलाई क्रूसमा टाँग्न चाहन्नु हुन्न् ।

-o-

# रुप परिवर्तनको पहाड

**परिचय**

(१) पुरानो परम्परा अनुसार यो ट्याबरको पहाड थियो । तै पनि, ट्याबरमा मानिसहरुको बसोबास भइसकेकोले यो असम्भव जस्तो देखिन्छ ।

(२) आजको विज्ञहरुमा रुप परिवर्ततको पहाड हर्मोनको पहाड हो कि भन्ने पक्षमा छन्, तर बाइबलले हामीलाई वास्तविकरुपले यसो भन्दैनन् । यसकारण हामी पूर्ण पक्काका साथ भन्न सक्दैनौ ।

**मूख्य विषय**

(क) सर्वप्रथम आउनुहोस् । रुप परिवर्तनको झस्काउने कुराहरुलाई हेरौ । घटनाहरु साँच्चै अच्चमलाग्दो थियो ।

(१) येशूको अनुहार "सूर्य झैं चम्क्यो" (मत्ती १७:२) । चम्किलो, तापनि वास्तवमा हामीलाई कल्पना गर्न गाह्रो छ ।

(२) उहाँका वस्त्रहरु प्रकाश झैं सेता थिए र उहाँका शरीरबाट चम्केको?

(३) धेरै वर्षपछि पावलले हामीलाई भन्दछ कि खीष्टले शरीर धारण गर्नुभयो । यद्यपि उनले प्रयोग गरेका वास्तविक शब्दहरु तिनीहरु थिएनन (फिलिप्पी २:७) । रुप परिवर्तनको समयमा त्यो घुम्टो संक्षिप्तरुपमा उठाइयो, यसरी प्रेरितहरुलाई आफ्नो महिमाको केही झलक दिनुभएको थियो?

- जब हामी त्यो स्वर्गीय महिमामा पुग्छौ हाम्रो निम्ति कस्तो अच्चमका कुरा पर्खिरहेका छ भन्ने कुरा यसले हामीलाई सोच्न बाध्य गराउँछ । (नम्र झुसिलिकिरा सुन्दर पुतली बनेजस्तै हो) ।

(४) महान सत्यता यो हो कि परमेश्वर ज्योति हुनुहुन्छ (१ यूहन्ना १:५) ।

(क) येशूलाई वास्तवमै ज्योति भनियो (१ यूहन्ना १:६-९) । यसरी उहाँले मलाई पापको अन्धकारबाट बोलाउनुभयो ।

(ख) जतिजति हाम्रो जीवनमा हामीले येशूलाई आउन अनुमति दिन्छौ । पापको अन्धकार र अज्ञानता त्यति त्यति हामीबाट हटेर गएको हुन्छ भन्ने कुराको अनुभव खीष्टियानहरुले गर्छन ।

(ख) अव आउनुहोस् जोडदारको घोषणालाई सुनौं ।

(१) अव यो भव्य दृश्यलाई चित्रण गरौं र बादलबाट आवाज सुनौ (मत्ती १७:३-७ पढ्नुहोस्)

(२) हो, वास्तवमा, *"वचन देहधारी हुनुभयो"* (यूहन्ना १:१४) । यो कस्तो अच्चमको कुरा थियो (फिलिप्पी २:५-११ पढ्नहोस्) ।

- परमेश्वर, वचन, आफै, मानव शरीर धारण गर्नु भयो ।
  - आफ्ना अनुयायीहरुलाई दुष्टताका शक्तिहरुमाथि विजय गर्ने कुरामा नेतृत्व गर्दै हाम्रो मुक्तिको कप्तान हुनुभयो (हिब्रू २:१०) ।

- मानिसहरुको जीवनमा आउने कठोर छलछामहरुबाट अगुवाई गर्नुभयो ।
- पक्का र दृढ आज्ञाहरुलाई जारी गर्नुहुन्छ ।
- अनन्तका विषयहरुमा दोष दिनसक्ने मानविय तर्कहरुलाई एकचोटी सदाको निम्ति पर राख्नुभयो (रोमी १:१८-३२) ।

(३) के तिनीहरुले यी सबैकुरालाई विश्वास गर्न सक्छन्? सक्छन् । किनभने बादलबाट आवाज सुनेको र यो अच्चम घटनाको गवाहीले यसलाई जोड दिइएको थियो ।

(ग) त्यसपछि अन्तमा हामीलाई ज्ञानवर्द्धक प्रकाश खुल्ला गऱ्यो ।

(१) पद ८ लाई हेर्नुहोस् । *" येशूबाहेक तिनीहरुले अरु कसैलाई देखेनन् ।"*

(क) तिनीहरुले सुनेका र देखेका दुवै घटनाहरुले अव तिनीहरुको मन खैलाबैला भयो ।

- अव तिनीहरु येशूको पहिचानमा निश्चित भए ।
- तर के अझै पनि अधिकार मोशा र अगमवक्ताहरुबाट आउँछन्?

(ख) साँच्चै नै, यी मानिसहरुमा उच्च शिक्षाको अभाव थियो, तर तिनीहरु कुनै हालतमा पनि मूर्ख थिएनन् (परमेश्वरबाट पाएको संकेटलाई लिएर पत्रुसले केही वर्षपछि देखाए (प्रेरित १० :११-२०,३४,३५) ।

(ग) यो पहाडमा परमेश्वरले सबै समयको लागि तिनीहरुलाई संकेट दिनुभयो । *" येशूबाहेक अरु कसैलाई देखेनन् ।"*

- एउटै शब्द विना मोशा र एलिया तिनीहरुबाट हराए । येशू सबै आफ्नो सर्वोच्चमा एक्लै उभिनुभयो ।
- खीष्टको अन्तिम महत्वपूर्ण सन्देशहरुलाई जोशका साथ मानिसहरुका बिचमा स्वीकार गर्ने मन अव तिनीहरुले तयार गरे, *" स्वर्ग र पृथ्वीका सबै अधिकार मलाई दिएको छ"* (मत्ती २८:१८-२०) ।

(२) आज हामीले येशू खीष्टको सर्वोच्च शासन देख्छौं ।

**निश्कर्ष:**

(क) झस्काउने रुप परिवर्तन- उहाँको मानवतालाई छोटकरीमा तानेको ।

(ख) जोडदार घोषणा- "यिनी मेरा प्रिय पुत्र ।"

(ग) ज्ञानवर्द्धक प्रकाश- *" येशूबाहेक तिनीहरुले अरु कसैलाई देखेनन् ।*

(घ) विजयी जीवनको निम्ति स्वर्गको अनन्ततासम्म डोऱ्याउन मानिसहरुले दैनिकरुपमा खीष्टको सर्वोच्चता जान्नै पर्छ र दिनहुँ उहाँको आज्ञापालन गर्नुहोस् ।

-o-

## प्रवचन रुपरेखा

### उद्धार पाएकाहरु नै मण्डली हो ।

**परिचयः एफिसी ५:२३**

(१) पावलका स्पष्ट कथनहरुः

(क) पति आफ्नै पत्नीको शिर हो ।

(ख) खीष्ट मण्डलीको शिर हो ।

(ग) खीष्ट मुक्तिदाता हुनुहुन्छ ।

(घ) उहाँ आफ्नै शरीरको मुक्तिदाता हुनुहुन्छ ।

**(क) येशू मुक्तिदाता हुनुहुन्छ ।**

(१) मत्ती १:२१- येशू- उहाँले आफ्ना मानिसहरुको पाप क्षमा गर्नुहुनेछ ।

(२) यूहन्ना ४:४२- खीष्ट, संसारको मुक्तिदाता ।

(३) लूका १९:१०- मानिसको पुत्र हराएकाहरुलाई खोज्न र बचाउन आएको हो ।

**(ख) खीष्टमा मुक्ति छ ।**

(१) "खीष्टमा" मुक्ति पाइन्छ भनी बाइबलले स्पष्ट रुपमा सिकाउँदछ ।

(२) "खीष्टमा" भएकाहरुसँग यी कुराहरु हुन्छन्:-

- मुक्ति (२ तिमोथी २:१०) ।
- छुटकारा (एफिसी २:७) ।
- पाप क्षमा (एफिसी १:७) ।
- अनन्त जीवन (१ यूहन्ना ५:११) ।

(३) खीष्टमा भएकाहरुले उद्धार पाएका छन् ।

(४) उद्धार पाएकाहरु खीष्टमा छन् ।

**(ग) उद्धार पाएकाहरु शरीरमा छन् ।**

(१) जसरी हामीले पहिले नै औंल्याइसक्यौ कि शरीर मण्डली हो र मण्डली शरीर हो (एफिसी १:२२,२३; कलस्सी १:१८) ।

(२) यदि मुक्ति खीष्टमा छ (२ तिमोथी २:१०); र कोही खीष्टिमा बप्तिस्मा लिएको छ (गलाती ३:२०); र बप्तिस्माले कसैलाई शरीरमा राख्दछ (१ कोरिन्थी १२:१३) भने उद्धार पाउनको निम्ति कोही शरीरमा हुनै पर्छ ।

**(घ) उद्धार पाएकाहरु मण्डलीमा छन् ।**

(१) शरीरमा हुनु भनेको मण्डलीमा हुन हो भनी जसरी हामीले पहिल्यै औंल्याइसक्यौं । त्यसैकारण विश्वासीहरु सबै त्यही हुन्छन् ।

(२) प्रेरित २:४१,४७- जसले उहाँको सन्देशलाई ग्रहण गऱ्यो तिनीहरुले बप्तिस्मा लिए, र ती मानिसहरु तिनीहरुमा थपिए; अर्थात मण्डलीमा थपिए ।

(३) प्रेरित ५:१४- विश्वासीहरु प्रभुमा अर्थात मण्डलीमा थपिए ।

(४) प्रेरित ११:२४- धेरै मानिसहरु प्रभुमा अर्थात मण्डलीमा थपिए ।

-०-

## पदको खोजी - जवाफ

(१) मण्डलीकी धर्म सेविकी
(२) तिनलाई चाहिएको कुनै पनि सहायता तिनलाई देओ ।
(३) तिनी आफैले धेरैको सहायता गरेकी छिन् ।
(४) प्रिस्का र अकिलास
(५) पावलको निम्ति आफ्ना जीवन सङ्कष्टमा हाले ।
(६) इपेनितस
(७) एन्ड्रोनिकस र युनिसा
(८) नजर गरेर तिनीहरुबाट अलग्गै बस् ।
(९) पवित्र चुम्बन
(१०) आफ्नै पेट
(११) बुद्धिमान, दोषरहित
(१२) तिमोथी, लुकियस, यासोन, सोसिपात्रोस, तर्तियस, गायस, इरास्तस र क्वार्टस
(१३) रहस्यको, गुप्त र प्रकट

## ५ मिनेट बाइबल अध्ययन

(१) साँचो, झुटो
(२) ज्योतिको, साक्षी
(३) पानीको, ऋतु, हृदयलाई
(४) तीन, गवाही, परमेश्वरको, गवाही
(५) जातिहरुका, प्रचार ।
(६) पवित्र स्थान, नासरतका येशूले

## थप जानकारीको लागि तलको ठेगानामा सम्पर्क गनुहोस्:

प्रभुमा सधै आनन्द गर । म फेरी पनि भन्दछु, आनन्द गर । तिमीहरुको सहनशीलता सबै मानिसहलाई थाहा होस् । प्रभु नजिकै हुनुहुन्छ । कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरुका बिन्ति परमेश्वरमा जाहेर होऊन, र समभ्कले नै भियाउन नसकिने परमेश्वरको शान्तिले तिमीहरुका हृदय र तिमीहरुका मनलाई येशूमा रक्षा गने छ । अन्त्यमा भाइ हो, जे कुरो सत्य छ, जे कुरो आदरणीय छ, जे कुरो न्यायसङ्गत छ, जे कुरो शुद्ध छ, जे कुरो प्रेम-योग्य छ, जे कुरो कृपामय छ, यदि केही श्रेष्ठता, प्रशंसाको योग्य केही छ भने यी नै कुराका विचार गर तिमीहरुले जुन कुरा मबाट सिक्यौ, र ग्रहण गऱ्यौ र सुन्यौ र ममा देख्यौ, त्यही गर, र शान्तिका परमेश्वर तिमीहरुसँग हुनुहुनेछ ।

- (फिलिप्पी ४:४-९)

# सत्यवाणी नेपाल

**नेपाल बाइबल अध्ययन केन्द्र**
सेराफाँट, चापागाउँ, गोदावरी न.पा.-११
ललितपुर, नेपाल
पो.ब.नं. २५९९९